# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पोखरा महानगरपालिका, कास्की

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू,
पोखरा महानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
कास्की ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९   च.नं.: १३१   नेपाल २०१६   मितिः२०७८।०५।०४

श्री नगर प्रमूखज्यू,
पोखरा महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
कास्की।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु ७० करोड ५७ लाख १५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४५ करोड ८७ लाख २५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ७ करोड १ लाख ९७ हजार नियमित गर्नुपर्ने रु. १५ करोड ७५ लाख २ हजार र पेस्की बाँकी रु १ करोड ९२ लाख ९१ हजार रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७८।०३।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १३५ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# आर्थिक कारोवारको स्थिति

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस महानगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ३३ वडा, १७५ सभा सदस्य, ४६४.२४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४०२९९५ जनसंख्या रहेको छ।

## आ.व. २०७६/०७७ को एकिकृत आर्थिक विवरण

| सि नं | आयतर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १७३०९६३६५.८ | १ | **चालु खर्च** | | १९६७२४५८१९.१८ |
| | क नगद | ० | | | सामाजिक बिकास महाशाखा | २३०६५६३२ | |
| | ख बैंक | १७३०९६३६५.८ | | | शिक्षा महाशाखा | १६३२४३४६ | |
| २ | **राजश्व आन्तरिक आय** | | १६४६००४१७६ | | स्वास्थ्य महाशाखा | ४३६६१२१२.७ | |
| | क आन्तरिक राजश्व | १३४८७५८८७३.६३ | | | कृषि तथा पशु बिकास महाशाखा | २४४७४५५६.४२ | |
| | ख राजश्व बाँडफाँड प्रदेश सरकार | ३४७४९००० | | | पूर्वाधार महाशाखा | २९९३६२३ | |
| | ख राजश्व बाँडफाँड संघीय सरकार | २६२४९६३०२.६ | | | संघिय सशर्त | १२३६६३३१२७.०९ | |
| | ग अन्य आय | ० | | | नगरकार्यपालिका | ५७२२०४५८३.२ | |
| ३ | **वित्तीय हस्तान्नरण** | | १९३५६३०५९२.०९ | | सेवा केन्द्र १ | १३१८७३६३.७६ | |
| | क वित्तिय समानीकरण अनुदान | ६००२००००० | | | सेवा केन्द्र २ | १०२८२०६८ | |
| | ख सशर्त अनुदान | १२७९३२४६००.०९ | | | सेवा केन्द्र ३ | ८६०२११० | |
| | ग समपूरक अनुदान | ४८०००००० | | | सेवा केन्द्र ४ | ७२८३९९४ | |
| | घ विशेष अनुदान | ८१०५९९२ | | | सेवा केन्द्र ५ | ८५३३२०३ | |
| | | | | | प्रदेश सशर्त | ० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ३६२६२७७९ | २ | **पूजिगत खर्च** | | १३१५६६९६३०.८३ |
| | क वित्तिय समानीकरण अनुदान | २१४४४००० | | | सामाजिक बिकास महाशाखा | २९८२०७ | |
| | ख सशर्त अनुदान | ९७५३२८५ | | | शिक्षा महाशाखा | ० | |
| | ग समपूरक अनुदान | ५०६५४९४ | | | स्वास्थ्य महाशाखा | ० | |
| | घ विशेष अनुदान | ० | | | कृषि तथा पशु बिकास महाशाखा | ७५००००० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | पूर्वाधार महाशाखा | १०१२४७९०६२.६१ | |
| | | | | | संघिय सशर्त | ५०७९७४६५.०० | |
| ६ | **वित्तिय व्यवस्था प्राप्ति** | | ० | | नगरकार्यपालिका | ४७२१८५२२.१२ | |
| | क ऋण प्राप्ति | ० | | | सेवा केन्द्र १ | ३१८८६३३६ | |
| | ख साँवा प्राप्ति | ० | | | सेवा केन्द्र २ | ३८४४५५३१.१० | |
| | ग ब्याज प्राप्ति | ० | | | सेवा केन्द्र ३ | ४४७६५२२२ | |
| | घ अन्य प्राप्ति | ० | | | सेवा केन्द्र ४ | २२७२२७८५ | |
| ७ | **बिभिन्न कोषतर्फको आय** | | १४५०८१८०५.९ | | सेवा केन्द्र ५ | ४९८०३२१५ | |
| | गरिबी निवारण | २८८७४७९३.१७ | | | प्रदेश सशर्त | ९७५३२८५ | |
| | महिलासँग उप प्रमुख | ३८७२४४९८ | | ३ | **अन्तर सरकारी अख्तियारीतर्फः** | | ९२१७०४४९६.९ |
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ७६०२१७५४.७ | | | सामाजिक सुरक्षा | ७८२४१७३०४.७ | |
| | परिक्षा संचालन कोष | १४६०७६० | | | स्थानीय पुर्वाधार साझेदारी | ८०२४२३१५ | |
| ८ | **विविध खर्च खाता** | १६४००९९२० | १६४००९९२० | | गरिबसँग विश्वेश्वर | ७००००० | |
| ९ | **अन्तर सरकारी अख्तियारीतर्फः** | | ९२१७०४४९६.९ | | पर्यटन पूर्वाधार बिकास आयोजना | १४४२२७४० | |
| | सामाजिक सुरक्षा | ७८२४१७३०४.७ | | | सामाजिक बिकास मन्त्रालय चालु | १४३१३२८२ | |
| | स्थानीय पुर्वाधार साझेदारी | ८०२४२३१५ | | | सामाजिक बिकास मन्त्रालय पूजिगत | १२०१६४७६ | |
| | गरिबसँग विश्वेश्वर | ७००००० | | | राष्ट्रिय परिचयपत्र पंजिकरण विभाग चालु | ५५९४७३.२४ | |
| | पर्यटन पूर्वाधार बिकास आयोजना | १४४२२७४० | | | राष्ट्रिय परिचयपत्र पंजिकरण विभाग पूजिगत | १५४००० | |
| | सामाजिक बिकास मन्त्रालय चालु | १४३१३२८२ | | | समाज कल्याण कार्यक्रम | १६००००० | |
| | सामाजिक बिकास मन्त्रालय पूजिगत | १२०१६४७६ | | | शिक्षा बिकास निर्देशनालय | १३३००००० | |

| | आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि नं | विवरण | रकम | जम्मा रकम | सि नं | विवरण | रकम | जम्मा रकम |
| | राष्ट्रिय परिचयपत्र पंजिकरण विभाग चालु | ५५९४७३.२४ | | | अन्य (सा.वि.म.संघ सशर्त) | १९७८९०६ | |
| | राष्ट्रिय परिचयपत्र पंजिकरण विभाग पूजिगत | १५४००० | | ४ | **विविध खर्च** | १४८७५२२९५.६ | **१४८७५२२९५.६** |
| | समाज कल्याण कार्यक्रम | १६००००० | | | | | |
| | शिक्षा बिकास निर्देशनालय | १३३००००० | | ५ | **वित्तिय व्यवस्था भुक्तानी** | | ० |
| | अन्य (सा.वि.म.संघ सशर्त) | १९७८९०६ | | | क ऋण भुक्तानी | ० | |
| १० | **जनसहभागिता नगद भए** | २९५९९९८६.८५ | **२९५९९९८६.८५** | | ख ब्याज भुक्तानी | ० | |
| ११ | **धरौटी आय** | १३०७२३३६० | **१३०७२३३६०** | | ग अन्य भुक्तानी | ० | |
| १२ | **लगानीको साँवा फिर्ता** | ० | ० | ६ | **लगानी** | | **५७१५९१८६** |
| १३ | **अन्य विविध आय** | ० | ० | | ऋण लगानी महिला संग उपमेयर | २९१६७२७२ | |
| | | | | | ऋण लगानी गरिवि निवारण | २७९९१९१४ | |
| | | | | | अन्य लगानी | ० | |
| | | | | ७ | **धरौटी फिर्ता** | २०८६८२०८.६४ | २०८६८२०८.६४ |
| | | | | ८ | प्रकोप व्यवस्थापन तथा अन्य कोष खर्च | ७०५०८२९७ | ७०५०८२९७ |
| | | | | ९ | महिलासँग उप प्रमुख | १००००० | १००००० |
| | | | | १० | परिक्षा संचालन कोष | १४३४०९४ | १४३४०९४ |
| | | | | ११ | **मौज्दात** | | **६७८६७१४५४.५** |
| | | | | | क नगद मौज्दात | ० | |
| | | | | | ख बैक मौज्दात संचित कोष | ५३१७५२८३३.३ | |
| | | | | | ग बैक मैज्दात खर्च खाता - निकासा फिर्ता गर्न छुट | ५९२५६१६.६४ | |
| | | | | | घ बैक मौज्दात धरौटी कोष | १०९८५५१५१.४ | |
| | | | | | ङ बैक मौज्दात प्रकोप व्यवस्थापन कोष | ५५१३४५७.७ | |
| | | | | | गरिबी निवारण | ८८२८७९.१७ | |
| | | | | | च महिलासँग उप प्रमुख | ९४५७२२६ | |
| | | | | | छ परिक्षा संचालन कोष | २६६६६ | |
| | | | | | ज विविध खर्च खाता | १५२५७६२४.४ | |
| | **जम्मा** | | **५१८२११३४८३** | | **जम्मा** | | **५१८२११३४८३** |

कार्यालयको नामः पोखरा महानगरपालिकाको कार्यालय, कास्की । आ.व. २०७६।७७

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **प्रतिक्रियावाट असुलीः** लेखापरीक्षणक प्रतिवेदन जारी भएपछि प्रतिक्रियावाट वढी तलव भुक्तानी भएको रु ८४१०४। तथा कट्टा गरेभन्दा वढी मु अ कर दाखिला भएको रु ८०५६२३। दाखिला भइ आएको छ। | |
| १ | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

- महानगर अन्तर्गत कुल १२ खर्च केन्द्र (शशर्त अनुदानको खर्चको लेखांकन समेत गरी) रहेकोमा समग्र खर्च तथा प्रगति देखिने गरी एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) देखिनुपर्नेमा जुन खर्च केन्द्रको Login गरेर विवरण हेऱ्यो, त्यही खर्च केन्द्रको म.ले.प.फा. नं. २७२ मात्र देखिएको अवस्था छ। यस सम्वन्धमा मलेनिकाका प्राविधिकसँग सम्पर्क गरी यसका समस्या औंल्याएको कार्यालयले जनाएको भनेतापनि हालसम्म सुधार नभएको कारण एकिकृत वित्तीय प्रतिवेदन नै तयार नभएको अवस्था छ।
- सेवा केन्द्र ३ तर्फ भौ नं १२७ वाट कालिकास्थान पोखरी संरक्षणको लागि रियल नेपाल इन्जिनियरीङ सोलुसन प्रालि वाट परामर्शसेवाको काम गरेकोमा रु ४८५९००। को खर्च लेखेको तर वैंकवाट चेक नसाटिएको कारण वास्तविक खर्च नभएको तर आर्थिक विवरणमा खर्च देखिएको अवस्था छ। यसको समेत मिलान नगरेको कारण वास्तविक खर्च तथा वाँकी वैंक मौज्दात सम्वन्धमा महानगरले एकिन तथ्यांक नै नराखेको देखिन्छ।
- प्रकोप व्यवस्थापन कोष अन्तर्गत समेत कुल रु ४८६००५५३। खर्च भएको उल्लेख गरेकोमा उक्त खर्च भित्र भौ नं १३६ वाट रु ३११५४०। को भौचर उठाएको तर चेक नसाटिएको कारण खर्च नभएको अवस्था छ। नसाटिएको चेक भएमा उक्त रकमलाइ घटाइ खुद खर्च निकाल्नुपर्नेमा उक्त रकम समेत समावेश गरी खर्च कायम गरेको अवस्था छ।
- महानगरले तयार गरेको एकीकृत वार्षिक विवरण र खर्च केन्द्रगत विवरण अनुसार देहायका खर्च केन्द्रको खर्च रकम फरक परेको देखिन्छ। शाखागत आर्थिक विवरण र महानगरले तयार गरेको आय व्ययको एकीकृत विवरण अनुसार कुल रु १ करोड २० लाख ८५ हजार फरक परेकोले यस सम्वन्धमा एकिन गरी यथार्थ वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ।

| खर्च केन्द्र | महानगरले तयार गरेको एकिकृत विवरण अनुसार | आर्थिक विवरण अनुसार | फरक |
|---|---|---|---|
| संघिय सशर्त चालु | १२३६६३३१२७.०९ | १२५०३३६०२६.९९ | -१३७०२८९९.९० |
| पूर्वाधार महाशाखा पुजीगत | १०१२४७९०६२.६१ | १०१०८९८२६२.६१ | १५८०८००.०० |
| सेवा केन्द्र ५ पुजीगत | ४९८०३२१५ | ४९७६५७१५.०० | ३७५००.०० |
| जम्मा | २२९८९१५४०४.७० | २३११०००००४.६० | -१२०८४५९९.९० |

- महानगरले तयार गरेको एकिकृत वित्तिय विवरणको मौज्दात तर्फ (ग) मा बैक मैज्दात खर्च खाता भनि निकासा फिर्ता गर्न छुट उल्लेख गरी रु ५९२५६१६.६४ देखाएको छ। आर्थिक वर्षको अन्त्यमा चालु तथा पुजीगत खाता तर्फ खर्च नभइ वाँकी रहेको रकम संचित कोषमा रकमान्तर गरी शुन्य वनाएको देखिएकोमा उक्त रकम हिसाव मिलान प्रयोजनार्थ निकासा फिर्ता गर्न छुट भनि देखाउनु उचित देखिएन। अतः श्रेष्ता अनुसार वैंक हिसाव मिलान गरी यथार्थ रकम मात्र मौज्दातमा देखाउनुपर्दछ।

२ **खर्च सुत्रमा पोष्टीङ नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० मा स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचान प्रविधिको ढाँचा तोक्न सक्नेछ भन्ने व्यवस्था छ। जसअनुसार नेपाल सरकारले सवै स्थानीय तहहरुमा सुत्र सफ्टवेयर प्रयोगमा ल्याएको छ। तर यस पालिकाले देहायका कोषको आम्दानी तथा खर्चहरु सुत्रमा पोष्टीङ गरेको छैन त्यसैले सुत्रवाट देखिएका तथ्यांकले यस पालिकाको यथार्थ आय व्ययको चित्रण गर्दैन।यस वर्षमात्र सुत्रमा कोष खडा नगरी सुत्र

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वाहिरवाटमात्र देहायका ७ कोषवाट मात्र रु २२ करोड ६५ लाख ९१ हजार खर्च भएको देखिन्छ। यसमा सुधार गरी सुत्रको पुर्णरुपमा कार्यान्वयन गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>खर्च</th></tr>
<tr><td>मानव संसाधन कोष</td><td>१६१५८३१</td></tr>
<tr><td>आकस्मिक कोष</td><td>४५२५२१५</td></tr>
<tr><td>मर्मत संभार कोष</td><td>१७००००००</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष</td><td>४७३६७२५१</td></tr>
<tr><td>महिलासँग उप प्रमुख</td><td>१०००००</td></tr>
<tr><td>परिक्षा संचालन कोष</td><td>१४३४०९४</td></tr>
<tr><td>विविध कोष तर्फ</td><td>१५४५४८२१४</td></tr>
<tr><td></td><td>२२६५९०६०५</td></tr>
</table>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ साथै सम्पुर्ण आम्दानी तथा खर्च समेत देखिने गरी सुत्रमा समावेश गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td>संचित कोष खाताको हिसावः महानगरपालिकाको मुल संचित कोषमा २०७७ असार ३१ मा रु २१,५८,१७,४९२।३६ रहेकोमा यस कोषवाट त्यसपश्चातको मितिमा चालु तथा पुजीगत खर्च खातामा केही रकम ट्रान्सफर गरेको तथा सोही खाताहरुवाट २०७६।७७ मा खर्च गर्न नसकेको कारण उक्त खाताहरु मिति २०७७।५।१ मा शुन्य गरी पुनः संचित कोष खातामा ट्रान्सफर गरेको समेत अन्य आम्दानी तथा खर्च गरी कुल रु ५६,४७,६९,०५९।८० रकम आर्थिक वर्षको अन्त्यमा संचित कोष खातामा देखिएकोमा कार्यालयले तयार गरेको एकिकृत विवरणमा रु ५३,१७,५२,८३३.३० मात्र मौज्दात देखाएकोले वास्तविक वैंक मौज्दातको तुलनामा रु ३३०१६२२६।५० को विवरण फरक परेको अवस्था छ। लेखांकन वास्तविक नभएको कारण उक्त रकम फरक परेको देखिन्छ। यस सम्वन्धमा वैंक हिसाव मिलान तयार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४</td><td>बैंक हिसाब मिलान नगरेको– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको कुनै पनि खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन। बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५</td><td>विवरण तथा वैंक मौज्दातमा फरकः महानगरले प्रकोपजन्य अवस्थाको व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोष सन्चालन गरेको छ। कार्यालयले दिएको प्रमाणित विवरण अनुसार यस कोषमा आर्थिक वर्षको अन्त्यमा रु २४१५९।७० मात्र मौज्दात देखिएको छ भने मानव संसाधन कोष, आकस्मिक कोष, मर्मत संभार कोष र प्रकोप व्यवस्थापन कोष समेत कुल ४ कोषमा समेत कुल रु ५५१३४५७।७० देखिन्छ। तर महानगरको प्रकोप व्यवस्थापन कोष खाता ( खाता नं ३०२००३०७०२०००२) मा २०७७ श्रावण ३० (३० दिनसम्म चेक साट्न पाइने व्यवस्था अनुसार) को मौज्दात अनुसार ७००९६४३।७० देखिएको अवस्था छ। महानगरले वैंक हिसाव मिलान नगरेको कारण वास्तविक मौज्दात एकिन गर्न सकिएन। अतः फरक परेको रकम सम्वन्धमा वैंक हिसाव मिलान तयार गर्नुपर्ने रु</td><td>६९८५४८४</td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

६ **संचित कोषमा आम्दानीः** महानगरले विभिन्न भौचरवाट यस वर्ष संचित कोषमा रु ९९ करोड ३६ लाख ८१ हजार आम्दानी वाँधेको तर राजस्व शाखावाट प्राप्त विवरण अनुसार कुल रु रु १ अर्व २३ करोड ७२ लाख ४२ हजार आम्दानी भएको देखाएको छ। यसरी फरक परेको रकम सम्वन्धमा हिसाव मिलान गरेको छैन। वाँकी रकम महानगरले एकमुष्ट रुपमा आम्दानी वाँधेको जनाएको छ। यस सम्वन्धमा यथार्थ विवरण तयार गरी पेश गर्नुपर्दछ।

| मिति | भौ नं | विवरण | संचित कोषमा आम्दानी वाँधेको रकम |
|---|---|---|---|
| १९/०५/२०७६ | | श्रावणको आम्दानी वाँधेको | ८५९३४८८२ |
| ०६/०६/२०७६ | ७ | भदौ महिनाको आन्तरिक आय आम्दानी बाधिएको । | ११०८००८९२.२ |
| ०८/१३/२०७६ | २१ | असोज र कार्तिक महिनाको आन्तरिक आय संचितकोषमा आम्दानि बाधिएको | १३०२३३८८८.०९ |
| ०९/२०/२०७६ | २४ | मंसिर महिनाको आन्तरिक आय संचित कोषमा आम्दानी बाधिएको । | ८७६९७०६८.८१ |
| १०/०७/२०७६ | ३२ | संचित कोषमा २०७६ पौष महिनाको आन्तरिक आय आम्दानि बाधिएको | १२९१३४३५२.७ |
| ११/१२/२०७६ | ४१ | सन्चित कोषमा २०७६ माघ महिनाको राजश्व शाखाबाट प्राप्त आन्तरिक आय रकम आम्दानी । | १५६४०४३७९.८२ |
| १२/०९/२०७६ | ४६ | २०७६ फागुन महिनाको राजश्व शाखाबाट प्राप्त आय रकम आम्दानी । | ६९९२००४३.७ |
| ०१/०४/२०७७ | ५३ | २०७६ चैत महिनाको राजश्व शाखाबाट प्राप्त आन्तरीक आय रकम आम्दानी । | २६५३१९१०.३६ |
| ०३/१९/२०७७ | ६६ | २०७७ बैशाख र जेष्ठ महिनाको आ.आय र संघ तथा प्रदेशको २०७७ जेष्ठ मसान्त सम्मको रा.बा.प्राप्त रकम आम्दानी । | ९१४७६२३६.२३ |
| ०३/३१/२०७७ | ७४ | राजश्व शाखाबाट प्राप्त २०७७ असार १ देखि ३० सम्मको आन्तरिक आम्दानी रकम आम्दानी । | ९७९९४३७८.९१ |
| ०३/३१/२०७७ | ८२ | राजश्व शाखाबाट प्राप्त २०७७.०३.३१ आन्तरीक आय रकम आम्दानी । | ७५५२६३५.८७ |
| | | | ९९३६८०६६८.७ |

७ **खर्चको ठुलो रकम २०७७ श्रावणमा चेक साटिएकोः** समयमा कार्यसम्पन्न नभएको र भुक्तानी नभएको कारण आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च भएको अवस्था छ भने उक्त रकम निर्धारित समयमा खर्च नभएको कारण २०७७ श्रावणमा चालु तथा पुजीगत खातामा मात्र (कोष खर्च वाहेक) देहायअनुसार रु ३८ करोड ९२ लाख ९१ हजारको चेक साटिएको अवस्था छ। कार्यालयले असार मसान्त सम्ममा भएको खर्च सुत्रद्धारा खर्च लेखि सोही अनुसार चेक काटेको देखिएको तर श्रावणमा साटिएका अधिकांश चेक Manual रुपमा काटि ठुलो रकम खर्च गरेको अवस्था छ। समयमा खर्च नगर्ने अनि आर्थिक वर्ष कटेपछि Manual चेक काटी खर्च गर्ने प्रवृत्तिमा पुर्णतया नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | खाताको नाम | २०७७ असार मसान्तसम्मको बाँकी रकम | २०७७ असार मसान्तपछि थप भएको रकम | २०७७ असारपछि साटिएका चेकको कुल रकम |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता | १९७५६५३८०. | ७०४३९५३ | १८८९५२९८८. |
| २ | पुँजीगत खर्च खाता | ४०३७८६८५२ | १०९३८७७१५ | २००३३७८९९ |
| कुल जम्मा | | ६०१३५२२३२. | ११६४३१६६८. | ३८९२९०८८७. |

८ **भिन्न भिन्न प्रतिवेदनमा फरक रकमः** कार्यालय खर्चको यथार्थ विवरण नराखेको कारण कार्यालयले पेश गरेको विवरण अनुसार एउटा, वैंक नगदी किताव अनुसार अर्को तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार अर्कै विवरण देखिएको छ। यसको अर्थ समयमा यथार्थ विवरण तयार नगर्नु, साटन वाँकी चेक कति थिए, कति साटिए र कटि साटन वाँकी भएकोले वैंक नगदी कितावमा मिलान गर्नु पर्ने हो विवरण

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तयार नगर्नु, वैंक हिसाव मिलान नगर्नु तथा स्थानीय तहले लागू गर्नुपर्ने सुत्र सफ्टवयर कोषको लेखांकनमा लागू नगर्नु जस्ता कारण रहेका छन्। खर्चको यथार्थ विवरण यकिन गरी पेश गर्नुपर्दछ। | |

| कोषको नाम | कार्यालयले पेश गरेको विवरण अनुसार | वैक नगदी किताव अनुसार खर्च | आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार |
|---|---|---|---|
| मानव संसाधन कोष | १६१५८३१ | १६०४१५८ | १६०४१५८ |
| आकस्मिक कोष | ४५२५२१५ | ४५२५२१५ | ४६०८२१५ |
| मर्मत संभार कोष | १७०००००० | १७४०८४७० | १६५२०७२५ |
| प्रकोप व्यवस्थापन कोष | ४७३६७२५१ | ४८६००५५३ | ४७२२१४११ |
| महिलासँग उप प्रमुख | १००००० | १००००० | १००००० |
| परिक्षा संचालन कोष | १४३४०९४ | १४३४०९४ | १४३४०९४ |
| विविध कोष तर्फ | १५४५४८२१४ | १५४५४८२१४ | १५४५४८२१४ |
| | २२६५९०६०५ | २२८२२०७०४ | २२६०३६८१७ |

९ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• पालिकाले वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन नयाँ स्थल पहिचान एबं कार्ययोजना तयार गरेको छैन।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदि विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, मासिक रुपमा र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ (२) (ख) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २० करोड ५७ लाख ७ हजार खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको,<br>• स्थानीय सरकार सन्चालन ऐन तथा अन्य कानून वमोजिक स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्ने उल्लेख भएकोमा यस कार्यलयले सवारी साधनमा तथा ढुवानीमा कट्टी गरेको कर रकम समेत स्थानीय संचितकोषमा आम्दानी वाँधेको,<br>• सरकारी रकम व्यक्तिगत प्रयोजनमा खर्च गर्न नमिल्नेमा भौ नं१००६ वाट प्र प्रसासकिय अधिकृतको कोठामा खाद्दान्न सप्लाइ गरेको भनि रु २८४०५। भुक्तानी दिएकोले खर्चमा मितव्ययीता नअपनाएको, | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

- पोखरा सभागृहमा कार्यक्रम गर्दाको लागि साउण्ड सिष्टम वापत भौ नं १२४९ वाट रु १०७३५०। भुक्तानी गरेको, सभागृह नै पालिका अन्तर्गत रहेकोमा साउण्ड सिष्टम जडान गर्नुपर्नेमा पटके गर्नु उचित नदेखिएको,
- भ्रमण आदेशमा दर्ता संख्या उल्लेख नगरी भ्रमण आदेश स्वीकृत गरेको,
- नगर कार्यपालिकाको कार्यालय खर्च केन्द्रले खर्च गर्दा वैंकमा चेक पठाएकोमा कुनै पनि भौचरहरुमा वैंकको भर्पाइ नरहेको,
- कार्यालयले अन्य प्रयोजनको लागि तथा अन्य कार्यालयको लागि रकम खर्च गर्न नहुनेमा नापी कार्यालयको लागि भौ नं १३८१ वाट टि भी खरिद गरेवापत रु ५८७६०। भुक्तानी दिएको,
- महानगरको कुल खर्च रु ३ अर्व २९ करोड ५० लाख भएकोमा असारमा मात्र रु ८६ करोड ७१ लाख ८७ हजार खर्च भइ कुल खर्चको २६.३२ प्रतिशत खर्च भएको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१० **राजस्वको वैंक मिलानः**

**ढिला दाखिलाः** आर्थिक वर्षमा कति राजस्व आम्दानि भई कति सञ्चित कोष दाखिला भयो र हाल नगद मौज्दात र लगत बाँकि कति छ एकिन गर्नको लागि मलेपफा नं ११० प्रयोग गरी सोही अनुसारको विवरण राख्नुपर्नेमा नराखेको कारण कति राजस्व आम्दानि भई कति सञ्चित कोष दाखिला भयो र कति वाँकी छ एकिन हुने अवस्था छैन तर राजस्व खाताको वैंक विवरण अध्ययन गर्दा सम्वन्धित वैंकहरुले ढिला गरेर मात्र संचित कोष दाखिला गरेको देखिन्छ भने ढिला गरेको सम्वन्धमा महानगरले ताकेता गरेको छैन। नमुनाको रुपमा मुक्तिनाथ वैंकले काउण्टर राखेकोमा निजले असुल गरेको रकम अति ढिला गरी देहायअनुसार मात्र दाखिला गरेको छ। असोज पछि एन आइ सि एशिया वैंक आएकोमा यसले तुलनात्मक रुपमा समयमा पठाएतापनि दैनिक रुपमा पठाएको देखिदैन। यस्तो स्थितिमा सुधार गर्नुपर्दछ।

| मिति | संचित कोष दाखिला गरेको रकम | संकलन गरेको राजस्व | संचित कोषमा जम्मा गर्न वाँकी रकम |
|---|---|---|---|
| १६/०७/२०१९ (असार ३१) | ०.०० | ०.०० | २२,९६७,३४१.६५ |
| १७/०७/२०१९ (७६ श्रावण १) | ०.०० | १,८२६,३३१.२१ | २४,७९३,६७२.८६ |
| १८/०७/२०१९ | ०.०० | ३,८७४,३६३.०० | २८,६६८,०३५.८६ |
| १९/०७/२०१९ | ०.०० | ३२९,६२३.०० | २८,९९७,६५८.८६ |
| २१/०७/२०१९ | ०.०० | ३,२२२,९४३.०० | ३२,२२०,६०१.८६ |
| २२/०७/२०१९ | ०.०० | १,०४६,६९९.०० | ३३,२६७,३००.८६ |
| २३/०७/२०१९ | ०.०० | १,११०,३६७.३२ | ३४,३७७,६६८.१८ |
| २४/०७/२०१९ | ०.०० | १,४४३,६५२.५० | ३५,८२१,३२०.६८ |
| २५/०७/२०१९ | ०.०० | १,९६८,४२४.०० | ३७,७८९,७४४.६८ |
| २६/०७/२०१९ | ०.०० | २,३०१,१८४.०० | ४०,०९०,९२८.६८ |
| २८/०७/२०१९ | ०.०० | ११,७८०,०३५.०० | ५१,८७०,९६३.६८ |
| २९/०७/२०१९ | ०.०० | १,५८७,२६०.०० | ५३,४५८,२२३.६८ |
| ३०/०७/२०१९ | ०.०० | १,५१५,५७५.०० | ५४,९७३,७९८.६८ |
| ३१/०७/२०१९ | ०.०० | २,३२५,९७९.९२ | ५७,२९९,७७८.६० |
| ०१/०८/२०१९ | ०.०० | २,२५५,७६२.२८ | ५९,५५५,५४०.८८ |
| ०२/०८/२०१९ | ०.०० | ३,१४६,२३४.०० | ६२,७०१,७७४.८८ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ०४/०८/२०१९ | ०.०० | २,४७८,४३७.०० | ६५,१८०,२११.८८ |
| ०५/०८/२०१९ | ०.०० | ६,१४३,८००.०० | ७१,३२४,०११.८८ |
| ०६/०८/२०१९ | ०.०० | २,४८१,६७०.९० | ७३,८०५,६८२.७८ |
| ०७/०८/२०१९ | ०.०० | १,३४८,७९८.२० | ७५,१५४,४८०.९८ |
| ०८/०८/२०१९ | -१,९१९,१६२.०० | ५,०२९,९३९.०० | ७८,२६५,२५७.९८ |
| ०९/०८/२०१९ | ०.०० | १,३६९,९२९.०० | ७९,६३५,१८६.९८ |
| ११/०८/२०१९ | ०.०० | १,७९६,४३८.०६ | ८१,४३१,६२५.०४ |
| १२/०८/२०१९ | ०.०० | ३,३३९,७५४.०० | ८४,७७१,३७९.०४ |
| १३/०८/२०१९ | ०.०० | १,६३६,०७७.०० | ८६,४०७,४५६.०४ |
| १४/०८/२०१९ | ०.०० | २,५६०,९५५.६९ | ८८,९६८,४११.७३ |
| १५/०८/२०१९ | ०.०० | ८७३,३२९.७४ | ८९,८४१,७४१.४७ |
| १६/०८/२०१९ | ०.०० | १,४९०,८२२.०० | ९१,३३२,५६३.४७ |
| १८/०८/२०१९ | ०.०० | २,३७१,२०९.०० | ९३,७०३,७७२.४७ |
| १९/०८/२०१९ | ०.०० | ३,८४२,५५१.०० | ९७,५४६,३२३.४७ |
| २०/०८/२०१९ | ०.०० | ४,८६७,३१३.०० | १०२,४१३,६३६.४७ |
| २१/०८/२०१९ | ०.०० | १,९०५,९४४.४४ | १०४,३१९,५८०.९१ |
| २२/०८/२०१९ | ०.०० | ६,६६६,२९८.०० | ११०,९८५,८७८.९१ |
| २३/०८/२०१९ | ०.०० | १,३६५,१२९.०० | ११२,३५१,००७.९१ |
| २५/०८/२०१९ | ०.०० | ३,७३५,१४३.९० | ११६,०८६,१५१.८१ |
| २६/०८/२०१९ | ०.०० | ३,८५८,१५७.०० | ११९,९४४,३०८.८१ |
| २७/०८/२०१९ | ०.०० | १,६९०,१०७.०० | १२१,६३४,४१५.८१ |
| २८/०८/२०१९ | ०.०० | २,११४,०८१.०० | १२३,७४८,४९६.८१ |
| २९/०८/२०१९ | ०.०० | ८१९,१८१.६९ | १२४,५६७,६७८.५० |
| ३०/०८/२०१९ | ०.०० | ९५०,५९५.०० | १२५,५१८,२७३.५० |
| ०१/०९/२०१९ | ०.०० | ३,९१६,७१८.५० | १२९,४३४,९९२.०० |
| ०२/०९/२०१९ | ०.०० | ६६४,८११.०० | १३०,०९९,८०३.०० |
| ०३/०९/२०१९ | ०.०० | १,६५१,७७२.०० | १३१,७५१,५७५.०० |
| ०४/०९/२०१९ | ०.०० | २,०७६,२६३.०० | १३३,८२७,८३८.०० |
| ०५/०९/२०१९ (२०७६।५।१९) | -१३१,७५१,५७५.०० | ३,९७२,३४९.३६ | ६,०४८,६१२.३६ |
| ०६/०९/२०१९ | ०.०० | ४२६,४०३.०० | ६,४७५,०१५.३६ |
| ०८/०९/२०१९ | ०.०० | २,१०५,८९०.५० | ८,५८०,९०५.८६ |
| ०९/०९/२०१९ | ०.०० | २,८५८,३८५.०० | ११,४३९,२९०.८६ |
| १०/०९/२०१९ | ०.०० | १,७७६,७०५.०० | १३,२१५,९९५.८६ |
| ११/०९/२०१९ | ०.०० | ३,६४६,९७६.०० | १६,८६२,९७१.८६ |
| १२/०९/२०१९ | ०.०० | १,८७९,६८५.०० | १८,७४२,६५६.८६ |
| १३/०९/२०१९ | ०.०० | १,४२३,९९७.९४ | २०,१६६,६५४.८० |
| १५/०९/२०१९ | ०.०० | १७,१९६,१७६.३३ | ३७,३६२,८३१.१३ |
| १६/०९/२०१९ | ०.०० | १,६३६,४६७.५६ | ३८,९९९,२९८.६९ |
| १७/०९/२०१९ | ०.०० | २,७२३,९२४.०० | ४१,७२३,२२२.६९ |
| १८/०९/२०१९ | ०.०० | १८,५०६,७६४.४४ | ६०,२२९,९८७.१३ |
| १९/०९/२०१९ | ०.०० | ८६४,९६६.०० | ६१,०९४,९५३.१३ |
| २२/०९/२०१९ | ०.०० | ७६,२९७.०० | ६१,१७१,२५०.१३ |
| २३/०९/२०१९ (७६।६।६) | -६०,२२९,९८७.१३ | ०.०० | ९४१,२६३.०० |
| ०३/११/२०१९ | ०.०० | ७५३,२३४.४० | १,६९४,४९७.४० |
| ०७/११/२०१९ | -१,६९४,४९७.४० | ०.०० | ०.०० |
| २६/१२/२०१९ | ०.०० | ३३,०००.०० | ३३,०००.०० |

उपर्युक्तानुसार मुक्तिनाथ विकास वैंकले २०७६ श्रावण देखि असोजसम्म संकलन गरेको रु १७ करोड २६ लाख ६१ हजार तथा २०७६ असार सम्मको रु २ करोड २९ लाख ६७ हजार मध्ये २०७६

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भाद्र १९ मा एकैपटक रु १३ करोड १७ लाख ५२ हजार दाखिला गरेको छ भने असोज ६ गते रु ६ करोड २ लाख ३० हजार दाखिला गरेको छ। यसरी ढिला गरी दाखिला गर्नु उचित देखिएन।</td><td></td></tr>
<tr><td>१०.१</td><td>साथै मुक्तिनाथ विकास वैंकले रु ३३०००। हालसम्म दाखिला नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु</td><td>३३०००</td></tr>
<tr><td>१०.२</td><td>महानगरको राजस्व २०७६ भाद्र सम्म मुक्तिनाथ विकास वैंकले उठाएको तथा असोजवाट एनआइसी एशिया वैंकले उठाएको देखिन्छ। असोजको महिनामा एनआइसी एसिया वैंकले छुट्टै खाता नखोली उठाएको महानगरले जनाएको छ। वैंक स्टेटमेन्ट अनुसार वैंकले वुझाएको रकम देहायअनुसार रहेको छः
<table>
<tr><th>वैंक</th><th>गत वर्षको वाँकी</th><th>यस वर्ष उठाएको रकम</th><th>दाखिला गरेको रकम</th><th>वाँकी रकम</th></tr>
<tr><td>एन आइ सि एसिया वैक</td><td>०</td><td>१०५५६९३१९०</td><td>१०४३७१३०५९</td><td>११९८०१३१</td></tr>
<tr><td>मुक्तिनाथ विकास वैंक</td><td>२२९६७३४२</td><td>१७२६६०८७९</td><td>१९५५९५२२२</td><td>३३०००</td></tr>
<tr><td>एन आइ सि एसिया वैंक (असोजको केही समय महानगरको वैंक खातामा नउठाइ वैंकले उठाएको राजस्व)</td><td>०</td><td>४३६५१६१०</td><td>४३६५१६१०</td><td>वैंक विवरण उपवव्ध नगराएको।</td></tr>
<tr><td>जम्माः</td><td>२२९६७३४२</td><td>१२७२००५६७९</td><td>१२८२९५९८९१</td><td>१२०१३१३१</td></tr>
</table>
उपर्युक्तानुसार दुइ वैंकले यस वर्ष (असोजको केही समय एनआइसी एसिया वैंकले छुट्टै खाता नखोलेको कारण निजले दाखिला गरेको रकम रु ४,३६,५१,६१०। लाइ नै उठेको रकम भनि समावेश गरेको) कुल रु १,२७,२०,०५,६७९। राजस्व उठाएको देखिएको तर राजस्वको सफ्टवेयरमा यस वर्ष रु १२३,७२,४१,९९२। उठाएको देखिएकोले राजस्वको सफटवयरमा भन्दा वैंक खातामा रु ३,४७,६३,६८७। वढी संकलन भएको देखिन्छ। सिष्टमको तुलनामा वैंकअनुसार वढी रकम दाखिला भएको देखाएतापनि यसरी देखिएको फरक रकमको हिसाव मिलान गर्नुपर्नेमा नगरेको कारण यसरी फरक पर्न गएको छ। यस सम्वन्धमा महानगरले कारण उल्लेख गरेको छैन।</td><td></td></tr>
<tr><td>१०.३</td><td>गत वर्षको महानगरको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा वैंक दाखिला गरेको रकम भन्दा राजस्वको सफ्टवयरमा रु १३,०१,८१,७९७।०८ फरक देखिएकोमा प्रतिक्रियावाट आ व २०७६।७७ मा दाखिला भएको भनि रु ११२८६९८१९। मिलान गरेको देखिन्छ। तर आ व २०७६।७७ को संचित कोषको विवरण अनुसार उक्त रकम आम्दानी वाँधेको प्रमाण राखेको देखिदैन। यस वर्षको राजस्को सफ्टवयरमा कुल रु १२३,७२,४१,९९२। उठाएको देखिएकोले गत वर्षको यस वर्ष दाखिला गरेको उल्लेख गरेको रु ११,२८,६९,८१९। थप गर्दा कुल रु १,३५,०१,११,८११। आम्दानी वाँधेको हुनुपर्नेमा यस वर्ष राजस्व संकलनका खातामा रु १,२७,२०,०५,६७९। मात्र आम्दानी वाँधेको देखिएकोले रु ७,८१,०६,१३२। फरक परेको देखिन्छ। यस सम्वन्धमा महानगरले छानविन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>११</td><td>श्रोतगत खर्चको स्थितिः श्रोतगत रुपमा देहायअनुसार खर्च गरेको देखिन्छ। जसमा शशर्त अनुदानको रकमको ८५ प्रतिशत प्रगति भएको अवस्था छ भने वाँकी कुनैमा पनि ५० प्रतिशत प्रगति कटेको देखिदैन। शशर्त अनुदानको मात्र प्रगति हटाउदा कुल ४३ प्रतिशत मात्र प्रगति हुने देखिन्छ भने विशेष अनुदानमा मात्र ११.९२ प्रतिशत मात्र प्रगति भएको देखिन्छ। महानगरले कुल रु ६ अर्व १२ करोड ५८ लाखको वजेट वनाएकोमा कुल ३ अर्व २९ करोड ५० लाख मात्र खर्च गरेको देखिन्छ। शशर्त अनुदान तर्फ शिक्षकको तलव भत्ता लगायतको अनिवार्य दायित्वको रकम समावेश हुने र अनिवार्य खर्च गर्ने हुनाले यसमा प्रगति भएको देखिन्छ भने वाँकी काम भएको आधारमा मात्र भुक्तानी हुने भएकोले</td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

काम भएको देखिदैन भने तुलनात्मक प्रगति पुग्नुमा समेत तलव भत्ता लगायतमा ठुलो खर्च हुनु हो। अतः लक्ष्य अनुसारको काम गरी प्रगति पुऱ्याउनुपर्ने देखिन्छ।

| | वजेट | | | खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **श्रोत** | **चालु** | **पुजीगत** | **जम्मा** | **चालु** | **पुजीगत** | **जम्मा** | |
| आन्तरिक श्रोत | ८४०४५७ | २३५१३९७ | ३१९१८५६ | ६३६६४८ | ९१९३७३ | १५५६०२२ | ४८.७५ |
| राजस्व बाँडफाँड | ३०३०० | ४२७८३९ | ४५८१३९ | ५४११ | २१५८५२ | २२१२६५ | ४८.३० |
| विषेश अनुदान चालु | ० | ६८००० | ६८००० | ० | ८१०५ | ८१०५ | ११.९२ |
| शसर्त अनुदान चालु | १३९१७७० | १३४३९४ | १५२६१६४ | १२५०३३५ | ५२४४४ | १३०२७७९ | ८५.३६ |
| समपुरक अनुदान चालु | ० | २६०००० | २६०००० | ० | ५४०१५ | ५४०१५ | २०.७८ |
| समानिकरण अनुदान | २७१२२८ | ३५०४१६ | ६२१६४४ | ८८५५० | ६४२५७ | १५२८०८ | २४.५८ |
| | २५३३७५५ | ३५९२०४६ | ६१२५८०३ | १९८०९४४ | १३१४०४६ | ३२९४९९४ | ५३.७९ |

१२ **सेवा केन्द्रगत खर्चको स्थितिः** महानगरले विभिन्न १२ खर्च केन्द्र वाट आर्थिक प्रशासन सन्चालन गरेकोमा खर्च केन्द्रगत खर्चको विवरण देहायअनुसार रहेको छ। उक्त विवरण अनुसार कुल पुजीगत वजेट रु ३ करोड ५९ लाख २० हजार रहेकोमा ३६.५८ प्रतिशत मात्र खर्च भएको अवस्था छ भने लक्ष्यको तुलनामा सवै भन्दा कम खर्च शिक्षा महाशाखाले गरेको छ। उक्त महाशाखाले २३.५३ प्रतिशत मात्र खर्च गरेको छ। पुजीगत खर्च धेरै गर्ने पुर्वाधार विकास महाशाखाले कुल वजेटको मात्र ३६ प्रतिशत खर्च गरेको अवस्था छ। खर्चलाइ वढाइ विनियोजन दक्षता प्रभावकारी वनाउनुपर्ने देखिन्छ।

| सि.नं. | खर्च केन्द्र | चालु | | पूँजीगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | बजेट | खर्च | बजेट | खर्च | खर्च(%) | बजेट | खर्च | खर्च(%) |
| १ | पोखरा महानगरपालिका, कास्की | ७७५१०२ | ५७२२०५ | २२२०१० | ४७२१९ | २१.२७ | ९९७११ १ | ६१९४२३ | ६२.१२ |
| २ | स्वास्थ्य महाशाखा, पोखरा | ५९५९५ | ४३६६१ | २५०० | | ०. | ६२०९५ | ४३६६१ | ७०.३१ |
| ३ | शिक्षा महाशाखा, पोखरा | ६९३६३ | १६३२४ | | | ०. | ६९३६३ | १६३२४ | २३.५३ |
| ४ | कृषि तथा पशु विकास महाशाखा, पोखरा | ७८७७० | २४४७५ | १०२३० | ७५०० | ७३.३१ | ८९००० | ३१९७५ | ३५.९३ |
| ५ | सामाजिक बिकास महाशाखा, पोखरा | ६३००० | २३०६६ | १००० | २९८ | २९.८२ | ६४००० | २३३६४ | ३६.५१ |
| ६ | पुर्बाधर बिकास महाशाखा, पोखरा | १५२९५ | २९९४ | २८०२२२ ९ | १०१०८ ९८ | ३६.०७ | २८१७५ २४ | १०१३८९ २ | ३५.९९ |
| ७ | सेवा केन्द्र नं. १, न्युरोड | १८९३० | १३१८७ | ६३२०३ | ३१८८६ | ५०.४५ | ८२१३३ | ४५०७४ | ५४.८८ |
| ८ | सेवा केन्द्र नं. २, नदीपुर | १६४८५ | १०२८२ | ७१६०५ | ३८४४६ | ५३.६९ | ८८०९० | ४८७२८ | ५५.३२ |
| ९ | सेवा केन्द्र नं. ३, शहीद चोक | १४६०८ | ८६०२ | ६७३११ | ४४७६५ | ६६.५ | ८१९१९ | ५३३६७ | ६५.१५ |
| १० | सेवा केन्द्र नं. ४, मिथापाटन | १२९३९ | ७२८४ | ६५८२६ | २२७२३ | ३४.५२ | ७८७६५ | ३०००७ | ३८.१ |
| ११ | सेवा केन्द्र नं. ५, तलचोक | १७९०० | ८५३३ | ८३७४० | ४९७६६ | ५९.४३ | १०१६४ ० | ५८२९९ | ५७.३६ |
| १२ | पोखरा महानगरपालिका, शसर्त अनुदान | १३९१७७ ० | १२५०३३ ६ | २०२३९४ | ६०५५१ | २९.९२ | १५९४१ ६४ | १३१०८८ ७ | ८२.२३ |
| | जम्मा | २५३३७५ ६ | १९८०९४ ९ | ३५९२०४ ८ | १३१४० ५१ | ३६.५८ | ६१२५८ ०४ | ३२९५०० ० | ५३.७८ |

१३ **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष देहायअनुसारका शिर्षकमा एकमुष्ट रुपमा रु ५९ करोड २६ लाख ७ हजार वजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

रु हजारमा

| कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | विनियोजन |
|---|---|
| २८९११ शिर्षकमा राखेको रु १८३५१८१५४ का ८७ कार्यक्रमहरुको रकमान्तर गरेको र यस शिर्षकमा वाँकी रु १०० वटा योजनामा रु ६४३८६०००। वाँकी नै रहेको | २४७९०४ |
| ३१५११ मा वाँकी वजेट ३८ योजनाको लागि रु १५ करोड ४९ लाख १७ हजार | १५४९१७ |
| | ८ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | पाण्डे कम्प्युटर सप्लायर्स लाई भुक्तानी । - | १०६००० | |
| | २७ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | स्किल नेट प्रा.लि लाई कम्प्युटर खरिद वापत भुक्तानी | २४९८६३ | |
| | ५७ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | एण्डी इन्टरप्राइजेज लाई कार्यालयका सामान खरीद वापत भुक्तानी । - | २३०९९५ | |
| | ५८ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | टेक पाटनर्स नेपाल लाई मेशिनरी सामान खरिद वापत भुक्तानी । - | २५००४० | |
| | ६२ | वडा कार्यालयमा ब्याक अप खरिद २२ स्थानमा | पञ्चासे पौडेल इन्टरप्राइजेज लाई वडा कार्यालय २१ मा व्याकअप खरिद वापत भुक्तानी । - | ३३५४४९ | |
| | ६३ | | आकृति आदर्श सप्लायर्स लाई वडा कार्यालय २० मा व्याकअप खरिद वापत भुक्तानी । - | ३७८९८६ | |
| | ६७ | | वडा कार्यालयहरूमा ब्याक अप खरिदको रकम निकासा | ७६०४२६ | |
| | ९१ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | कालिका कम्प्युटर लाई कम्प्युटर खरिद वापत भुक्तानी | १०४४४७ | |
| | ९२ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | पाण्डे कम्प्युटर सप्लायर्स लाई कम्प्युटर खरिद वापत भुक्तानी । - | ५०४८९४ | |
| | ९३ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | स्किल नेट प्रा.लि लाई कम्प्युटर वापत भुक्तानी । - | ४२९०७३ | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १०६ | वडा कार्यालयमा ब्याक अप खरिद २२ स्थानमा | जयकृष्ण अटोपार्ट लाइ ब्याकअप खरिद रकम निकासा | ९२,००० |
| १२१ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | स्किल नेट र पाण्डे कम्प्युटर लाइ रकम निकासा । - | ४६४३४४ |
| १२२ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | गण्डकी कम्प्युटर्स र शर्मा आइ टी सोलुशन लाइ रकम निकासा । - | २२५७१० |
| १२३ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | शर्मा आइटी सोलुशन लाइ रकम निकासा । - | ९३,३५० |
| १२४ | वडा कार्यालयमा ब्याक अप खरिद २२ स्थानमा | पर्वत इले वर्कसप लाइ रकम निकासा । - | ८४,१०० |
| १२६ | मेशिनरी तथा औजार -कम्प्युटर खरिद | इलाइट इन्फोसिस लाई ल्यापटप खरिद वापत भुक्तानी । - | ११६००० |
| | **मर्मत संभार कोष तर्फः** | | |
| १ | गाइघाटमा वाटो निर्माण वडा १ | क्षेत्रि निर्माण सेवा | २४११३५ |
| १ | गाइघाटमा वाटो निर्माण वडा १ | टि वि निर्माण सेवा | ४८२२१५ |
| १ | गाइघाटमा वाटो निर्माण वडा १ | स्यान्डर्ड कन्स्ट्रक्सन | ४७५३९७ |
| | **सेवा केन्द्र ३ तर्फः** | | |
| ४ | विभिन्न टोलमा वत्ति राख्ने काम वडा १७ | न्यू आचार्य इलेक्ट्रोनिक्स | २८६४४३ |
| ७ | विभिन्न टोलमा वत्ति राख्ने काम वडा १७ | पन्चासे पौडेल इन्टरप्राइजेज | १९९६१६ |
| १०० | विभिन्न टोलमा वत्ति राख्ने काम वडा १७ | ब्राइटसन कम्पनी प्रालि | ४९४६१० |
| | **सेवा केन्द्र ४ तर्फः** | | |
| २१ | मेशिनरी तथा औजार | मालिका इन्कोर्पोरेट प्रा लि (प्रिन्टर खरिद) | ३६९७५० |
| १४ | मेशिनरी तथा औजार | एस गण्डकी लाइट एण्ड इलेक्ट्रोनिक्स | ३३९४५८ |
| ५२ | मेशिनरी तथा औजार | एस गण्डकी लाइट एण्ड इलेक्ट्रोनिक्स | ३३६८९१ |
| | | जम्मा | १७०८९७५२ |

६१ **बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । भौ.४८७-०७६/९/२८ बाट नेपाल टेलिकम पोखरा शाखा लाई रु.५५३००।- भुक्तानी भएकोमा विल संलग्न नरहेकाले विल पेश गर्नु पर्ने रु. ५५३००

६२ **एउटै फर्मवाट पटक पटक खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एउटा आपूर्तिकर्तासंग सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख भएकोमा सो विपरीत एउटै फर्मवाट पटक पटक सीमाभन्दा वढीको खरिद गरी देहायअनुसार रु १ करोड ३२ लाख ७७ हजार भुक्तानी दिएको देखिन्छ। विभिन्न विक्रेता वाट सीमा भन्दा वढीको खरिद गर्नु नियमावलीमा भएको व्यवस्थाको विपरीत हो यस्तो कार्यमा पुर्ण नियन्त्रण गरी प्रतिस्पर्धा सुनिश्चित हुने गरी खरिद गर्नुपर्ने देखिन्छ। सीमा भन्दा वढीको पटक पटक खरिद गर्नेलाइ कानूनतः जिम्मेवार वनाउनुपर्दछ।

एउटै फर्मवाट पटक पटक गरी सीमा भन्दा वढी खरिद गरेको विवरणः

| **भुक्तानी पाउनेको नाम** | **कर कट्टी पछिको खुद भुक्तानी रकम** |
|---|---|
| पाण्डे कम्युटर सप्लायर्स | ६०१७३० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | |
|---|---|
| ए एन बि इन्टरटेन्मेन्ट प्रा.लि | ८१३००० |
| पाण्डे कम्प्युटर प्रशिक्षण तथा मर्मत सेन्टर | ७६५१८१ |
| हिमदुत मिडिया प्रा लि. | ९३८२६६ |
| सृजना पुष्प फर्म | ५५०३१० |
| सिटिजन फर्निचर ट्रेड लिङक प्रा लि | १२४७४०९ |
| एण्डी ईन्टरप्राईजेज | ८३२८९८ |
| परिचयय एडभरटाईजिङ्ग प्रा.लि. | ७७३६६४ |
| टेक पार्टनर्स नेपाल | १८४७९५४ |
| कन्चन प्रिन्टर्स | १६३९२९२ |
| सनराइज अटो वर्ल्ड | ५६७५०९ |
| अर्मानी ट्रेडर्स | ७४१०२५ |
| गण्डकी कम्प्यूटर्स | ८३२५६९ |
| जम्माः | १२१५०८०७ |

६३ **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ भने सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी उक्त प्रणाली मानक अनुरुप भए नभएको एकिन गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यबस्था रहेको छ। लागत अनुमान तयार गर्दा मन्त्रालयको नर्म्स, गत विगतमा तयार गरेको नर्म्स, अन्य कार्यालयले तयार गरेको नर्म्स आदिलाइ आधार मानि तयार गर्नुपर्नेमा सो अनुसार नगरी दररेट माग गरी राजस्वको लागि परामर्श सेवा खरिद गरेको छ। वार्षिक रुपमा सवै वर्षहरुमा खरिद गर्नुपर्ने सेवाहरुको लागि एउटा नर्म्स तयार गरी खरिद गर्नुपर्नेमा नर्म्स तयार गरेको छैन भने उक्त सफ्टवेयरहरु सुचना प्रविधि विभागले स्वीकृत गरेको समेत देखिदैन। यसमा कार्यालयले ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

| भौ नं | खरिदको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ९५ | स्नोबल टेक्नोलोजी लाइ राजश्व शाखाको सर्भर अपडेट बापतको रकम भुक्तानी | ४९०००० |
| २४६ | टेक पाटनर्स नेपाल लाई सम्झौता बमोजिम रकम भुक्तानी | १५२५५० |
| २७१ | फोनिक्स सोलुशन प्रा.लि लाइ राजश्व शाखाको सफ्टवेयर को भुक्तानी | ४८९५७२ |
| २७२ | इको प्लस प्रा.लि लाइ सफ्टवेयरको भुक्तानी | ४९४०२१ |
| | जम्माः | १६२६१४३ |

६४ **परामर्श सेवामा छुट्याएको ठुलो रकम खर्च नगरेकोः** वजेटमा छुट्याएको रकम तोकिएअनुसारको काम गरी खर्च गर्नुपर्नेमा परामर्शसेवामा राखिएको ठुलो रकम खर्च भएको छैन। अति आवश्यक काम भए तुरुन्त काम गर्नुपर्नेमा काम नै नगरी रकम फ्रिज गर्नु उचित देखिएन। यस वर्ष गर्नुपर्ने महत्वपुर्ण कामहरु जस्तै ल्याण्डफिल्ड साइट तुरुन्त खोजी गर्नुपर्ने र जग्गा अति आवस्यक भएको अवस्थामा निर्माणको काम समेत शुरु गरिसक्नुपर्नेमा हालसम्म परामर्शको काम समेत भएको छैन। पोखरामा क्षेत्रिय अन्तर्राष्ट्रिय विमानस्थल वनेको र पुरानो ल्याण्डफिल्ड साइट वन्द गर्नुपर्ने भनि पटक पटक विमानस्थल

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
कार्यालयले ताकेता गर्दा समेत हालसम्म वन्द गरेको छैन भने नया ठाउ खोज्ने र परामर्शसेवाको काम शुरु गर्ने समेत कार्य नभएको कारण यसको लागि छुट्याएको वजेट रु १ करोड फ्रिज भएको अवस्था छ। समयमा फोहोर व्यवस्थपनको लागि विकल्प नसोचे पोखराको अवस्था नै खराव हुने देखिन्छ। यसका साथसाथै महानगरको कामको डिजिटल अभिलेख तथा सफ्टवयर ब्यवस्थापनको लागी रु २ करोड छुट्याएकोमा काम नै भएको छैन। पेपरलेस सरकार भनि वार्षिक नीति तथा कार्यक्रममा राखे तर छुट्याएको वजेटको समेत कार्यान्वयन नहुनु उचित देखिएन।<br>
देहायअनुसार विभिन्न कामको लागि रु ९ करोड ५८ लाख वजेट भएकोमा ८१ हजार मात्र खर्च भइ वजेटको तुलनामा ०.०८ प्रतिशत मात्र खर्च भएको अवस्था छ। परामर्श सेवाको काम तोकिएको अवधि भित्र नभएमा यसवाट निर्माण कार्यमा समेत ढिलाइ हुने हुदा यसको असर दुरगामी असर पर्ने निश्चित हुने अवस्थामा समेत यसतर्फ महानगरको ध्यान नजानु उचित देखिएन।<br>
परामर्श सेवामा राखेको वजेटः रु हजारमा
<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>खर्च शीर्षक</th><th>वजेट</th><th>खर्च</th></tr>
<tr><td>डिजिटल अभिलेख तथा सफ्टवयर ब्यवस्थापन</td><td>३११३२</td><td>२००००</td><td>८१</td></tr>
<tr><td>महानगर वडा प्रोफाइल निर्माण तथा ब्यवस्थापन कार्यक्रम</td><td>३११३२</td><td>१००००</td><td>०</td></tr>
<tr><td>महानगर अनुसन्धानशाला निर्माण संचालन तथा व्यवस्थापन</td><td>३११३२</td><td>५०००</td><td>०</td></tr>
<tr><td>सहकारी दर्पण तथा सहकारी प्रोफाइल तयारी तथा प्रकाशन</td><td>३११३२</td><td>५००</td><td>०</td></tr>
<tr><td>ल्याण्ड फिल्ड साइड निर्माण संभाव्यता अध्ययन</td><td>३११३२</td><td>१००००</td><td>०</td></tr>
<tr><td>ढल निकास तथा गुरुयोजना निर्माण</td><td>३११३२</td><td>१००००</td><td>०</td></tr>
<tr><td>अपाङ्गता परिचय पत्र software निर्माण अभिलेख ब्यवस्थापन</td><td>३११३२</td><td>३००</td><td>०</td></tr>
<tr><td>ओभरहेड पुल सव - वे निर्माण अध्ययन डिजाइन विभिन्न स्थान र वडा ( महेन्द्र पुल -९, पृथ्वीचोक -९ , सिध्दार्थ चोक -४ ,जिरो हरिचोक -५ ,४ ,२</td><td>३११३५</td><td>१००००</td><td>०</td></tr>
<tr><td>महानगर गुरुयोजना तथा डिजिटल सिटि गुरुयोजना निर्माण कार्यक्रम</td><td>३११३५</td><td>२००००</td><td>०</td></tr>
<tr><td>महानगर क्षेत्रका निम्न वडामा झोलुङ्गे पुल निर्माणका लागि अध्ययन तथा डिजाइन तयारी कार्य (वडा नं.१६, १७ र २१, २१, ४ र ५, १९ र २५, १६ , ५र८, ३३, २३, महानगरका विभिन्न वडाहरु</td><td>३११३५</td><td>१००००</td><td>०</td></tr>
<tr><td>जम्माः</td><td></td><td>९५८००</td><td>८१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td>उपस्थितिभन्दा बढी बैठक भत्ता भुक्तानीः पोखरा महानगरपालिकामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन गर्न पोखरा महानगरपालिकामा रहने सेवा केन्द्रमा रहेर कामकाज गर्न MIS Operator तथा फिल्ड सहायकको Skill Test अन्तर्वार्ता सम्बन्धमा बसेको मिति २०७६।०७।२५ दिनको बिहान ७ बजे, २०७६।०७।२५ दिनको बिहान ९:३० बजे, २०७६।०७।२५ गते दिनको बेलुका ४ बजे, २०७६।०८।२७ बिहान ८ बजे, २०७६।०८।२७ बेलुका ३ बजे र २०७६।०८।२९ बिहान ७:३० बजेको बैठक माइन्युट अनुसार गुप्त बहादुर बानियाँ जम्मा ६ दिन उपस्थित भएको देखिन्छ ।तर भौ. ४४०-२०७६।०८।३० अनुसार श्री गुप्त बहादुर बानियाँले भरपाई विवरणको क्र.सं. ९ बाट ६ दिनको करकट्टी गरी रु. ७६५० र क्र.सं. १० बाट ६ दिनको करकट्टी गरी रु. ७६५० भत्ता हस्ताक्षर गरी बुझेको हुनाले ६ दिनको बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको असुल उपर गर्नुपर्ने रु......</td><td>७६५०</td></tr>
<tr><td>६६</td><td>नगरसभा बैठक भत्ताः- पोखरा महानगरपालिकाको मिति २०७६ माघ ६ गते देखि ८ गतेसम्म संचालित छैठौं नगर सभामा उपस्थित १६० जना पदाधिकारी तथा सदस्यलाई प्रतिदिन रु. १५०० को दरले २ दिनको रु. ३०००।- मा रु ४५०।- करकट्टी गरी जम्मा ४०८०००।- बैठक भत्ता वितरण गरेको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>छ। तर गण्डकी सरकारद्धारा कार्यान्वयनमा ल्याइएको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को अनुसुची ख(आ) महानगरपालिकाका प्रमुख,उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र नगरसभा सदस्यले प्रति बैठक रु. १००० को दरले पाउने व्यवस्था गरेको छ। नगर सभाको बैठक भत्ता पदाधिकारी तथा सदस्यलाई प्रदेश कानुनबमोजिम वितरण गर्नुपर्नेमा आफैले कार्यविधि तयार गरी प्रदेश कानूनले तोकेभन्दा वढी दरले भुक्तानी दिंदा वढी भुक्तानी भएको बैठक भत्ता असुल गर्नुपर्ने रु......
<table>
<tr><th>गौ.नं./मिति</th><th>नगरसभा बैठकमा उपस्थित पदाधिकारी</th><th>नगरसभा कानुनबमोजिम करकट्टी गरी भुक्तानी गरिएको जम्मा बैठक भत्ता</th><th>प्रदेश कानुन बमोजिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने जम्मा बैठक भत्ता</th><th>प्रदेश कानुन मान्य हुने भएकोले बढी भुक्तान भएको बैठक भत्ता</th></tr>
<tr><td>६०२</td><td>१६०</td><td>४०८०००।-</td><td>२७२०००।-</td><td>१३६०००।-</td></tr>
</table></td><td>१३६०००</td></tr>
<tr><td></td><td>सेवा केन्द्र ३ तर्फः यस सेवा केन्द्र अन्तर्गत कुल रु ८ करोड १९ लाख १९ हजार वजेट भइ रु ५ करोड ३३ लाख ६७ हजार खर्च भइ लक्ष्यको तुलनामा ६५.१५ प्रतिशत खर्च भएको छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः</td><td></td></tr>
<tr><td>६७</td><td>अनुत्पादक खर्च - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु ७ लाख २१ हजार खर्च गरेको देखिन्छ। केही उदाहरण देहायअनुसार रहेका छन्। यसमा सुधार गर्नुपर्दछ।
<table>
<tr><th>भौ नं</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>४</td><td></td><td>तिज गित प्रतियोगिता तथा शुभकामना आदानप्रदान कार्यक्रम</td><td></td></tr>
<tr><td>२६</td><td>विष्णु बहादुर</td><td>आर्थिक सहयोग</td><td>२५०००</td></tr>
<tr><td>३२</td><td></td><td>भ्रमण वर्ष २०२० को विभिन्न स्थानमा भ्रमण</td><td></td></tr>
<tr><td>७४</td><td>वडा प्रहरी कार्यालय बैदाम</td><td>आर्थिक सहयोग</td><td>७५०००</td></tr>
<tr><td>१३५</td><td></td><td>तिज गित प्रतियोगिता</td><td></td></tr>
<tr><td>९९</td><td>आदर्श जेष्ठ नागरिकलाई भुक्तानी</td><td>जेष्ठ नागरिक सम्मान कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td>१०७</td><td>चापाकोट नौमति बाजा समुह</td><td></td><td>१०००००</td></tr>
<tr><td>१११</td><td></td><td>टोलटोलमा वाइफाइ जडान कार्य बापत भुक्तानी</td><td>२५५८६६</td></tr>
<tr><td>११६</td><td>हाम्रो सप्लायर्स</td><td>खेलकुद विकास कार्यक्रम</td><td>६५०००</td></tr>
<tr><td>१२१</td><td>हाम्रो सप्लायर्स</td><td>बालबालिका सम्बन्धि कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७२०८६६</td></tr>
</table></td><td></td></tr>
<tr><td>६८</td><td>वितरण नभएकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ।सेवा केन्द्र ३ ले भौ न ९५।२०७७।०३।०७ मा विद्यार्थि हरुलाई शैक्षिक समाग्रीहरु वितरणको लागि सामाग्री खरिद बापतको भुक्तानीका लागि प्रज्ञान ट्रेड कन्सर्न लाई रु ७००००। भुक्तानी गरेको छ । उक्त सामाग्री विद्यार्थि हरुलाई वितरण गरेको भरपाई नभएको रु</td><td>७००००</td></tr>
<tr><td>६९</td><td>जैविक विविधता ताल अनुसन्धानः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ। भौ नै १४४।२०७७।३।२८ फेवा वाटरसेट इकोसिष्टम म्यानेजमेन्ट वोर्ड लाई ताल अनुसन्धान बापत रु ५००००। भुक्तानि गरेकोमा अनुसन्धान गरेको प्रतिवेदन पेश नगरेकोले प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>५००००</td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७० | **पुजीगत शिर्षकवाट निजि स्रोतका शिक्षकलाइ तलवः** वजेट खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या अनुसार गर्नुपर्नेमा नगरी चालू प्रकृतिका तलव भत्ता जस्ता भुक्तानीमा समेत पुजीगत वाट भुक्तानी गरेको देखिन्छ। यस सेवा केन्द्र अन्तर्गत भौ न २ र ६ पुजीगत वाट पन्चकोशी आ विमा निजी स्रोतमा कार्यरत कर्मचारी श्री कल्पना कुमारी शर्मालाइ रु ८००००। तलवमा भुक्तानी गरेको देखिन्छ भने भौ नं ११५ वाट समेत निजि शिक्षकको लागि जनशिद्ध आ विलाइ रु १४००००। भुक्तानी दिएको छ। कार्यालयले निजि श्रोतका शिक्षक तथा शिक्षिकलाइ तलव भत्ता दिनुपर्ने कारण नखुलाइ पुजीगत शिर्षकवाट भत्ता उपलव्ध गराउनु उचित देखिएन। | |
| ७१ | **वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ वमोजिम विलको भुक्तानी दिँदा प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले प्राविधिक मुल्यांकन अनुसार देहायअनुसार भुक्तानी दिनुपर्नेमा उक्त काम भन्दा वढी भुक्तानी दिएको छ। महानगरले गोश्वारा भौचर उठाउदा भएको काममा कन्टिन्जेन्सी थप गरी उठाएको तर भुक्तानी दिँदा कन्टिन्जेन्सी नघटाइ भुक्तानी गर्दा वढी भुक्तानी भएको देखिन्छ भने अन्य काममा समेत प्राविधिक मुल्यांकन भन्दा वढी भुक्तानी भएको देखिन्छ। वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु | ३९८७३३ |

| भौ नं | भुक्तानी पाउनेको नाम | भुक्तानी भएको रकम | कुल भएको काम | वढी भुक्तानी |
|---|---|---|---|---|
| **सेवा केन्द्र ३ अन्तर्गत** | | | | |
| २६ | वाराही टोल विकास समिति | ४८१३०० | ४६६६९४ | १४६०६ |
| २९ | ओखलढुंगा पन्चकोशी आधारभुत गोरेटो वाटो निर्माण समिति | २२२००० | २१६१६४ | ५८३६ |
| ३१ | पिपलडाली खर्कडाडा सडक उ स | ५५५५५६ | ५४०६०१ | १४९५५ |
| ५९ | श्री राम मन्दिर निर्माण समिति | ४३९५५६ | ४१७५६० | २१९९६ |
| ९६ | घडेरी डिल चापाकोट स्कुल जाने गोरेटो वाटो निर्माण समिति | १११००० | ८९६५६ | २१३४४ |
| ११९ | कालिमाटी सामुदायिक भवन निर्माण समिति | २२२००० | २१५८६९ | ६१३१ |
| १५५ | धनुवासे सिचाइ योजना | १०७७४३ | ९४९०८ | १२८३५ |
| १६१ | मन्दीर परिषर वाटोमा रेलिङ निर्माण | १८९२१६ | १८११२२ | ८०९४ |
| १७२ | परशुराम परियारको घरको वाटो ढलान उ स | ३६४८५८ | ३२९६२३ | ३५२३५ |
| १७७ | आत्मनिर्भर कृषि सहकारी संस्था लि | २१५४९४ | १३५८६६ | ७९६२८ |
| १८८ | विरिम आरुवोट ग्रामिण सडक उ स | २२२००० | २१६५२० | ५४८० |
| | **सेवाकेन्द्र २ नदिपुर तर्फः** | | | |
| १०१ | तुम्के गर्लाङ सडक निर्माण उस | ७०५३९० | ७०१६५९ | ३७३१ |
| १०७ | कसेरीमार्ग उ निर्माण समिति | १४८८१२८ | १४४४७८४ | ४३३४४ |
| ११८ | सफल मार्ग निर्माण उ स | १०४३५८० | १०१११६४ | ३२४१६ |
| १५४ | स्वास्थ्य चौकी भवन अगाडीको मो वाटो निर्माण समिति | २२२००० | २१५९२७ | ६०७३ |
| १४९ | मुलवाट उपल्लो वगर सडक स्तरोन्नती उ स | २२२००० | २१५९४० | ६०६० |
| १७५ | चौरासी नहर ज उ स | ३६२८२० | ३५२२४२ | १०५७८ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १८१ | गाइघाटमा रहेको सिद्दवावा मन्दिरमा शौचालय सहितको सत्संग भवन निर्माण उ स | ८४४१८० | ७९५३२१ | ४८८५९ |
| | **शिक्षा शाखा तर्फः** | | | |
| ४८ | हिमालयन आ वि पोखरा | १००००० | ९७४५७ | २५४३ |
| ४८ | जनज्योति मावि पोखरा | ९९५८५ | ९६६८५ | २९०० |
| ४८ | लिला आ वि पोखरा | १००००० | ९८४४७ | १५५३ |
| ४८ | विष्णुपादुका मावि पोखरा | ४९९०८७ | ४८४५५१ | १४५३६ |
| | **जम्माः** | ८८१७४९३ | ८४१८७६० | ३९८७३३ |

७२ **अन्य प्रयोजनमा खर्चः** सरकारी रकम अन्य प्रयोजन तथा स्वीकृत कार्यक्रम विपरित खर्च गर्नु हुदैन। तर महानगरले विभिन्न खर्चहरु गरेकोमा संघीय सरकारवाट वजेट विनियोजन हुने देहायअनुसारका कार्यालयहरुको लागि समेत रकम खर्च गरेको अवस्था छ। यसरी एक निकायले अख्तियारी दिनेमा अन्य निकायले पुनः खर्च गर्नु उचित देखिएन। यसरी खर्च गर्दा एकै प्रकृतिको कार्यमा दोहोरो खर्च देखिनसक्ने अवस्था समेत हुने हुँदा यसरी अन्य प्रयोजनमा रकम खर्च गर्नु अनियमित देखिएको रु — बेरुजू रकम: २२००००

| भौ नं | विवरण | भुक्तानी रकम |
|---|---|---|
| | सेवा केन्द्र ३ तर्फः | |
| ६७ | विट रुम स्थापना तथा फर्निचर खरिदको लागि वडा प्रहरी कार्यालय वैदामलाइ भुक्तानी (फर्निचर खरिद भएकोमा दाखिला समेत नभएको) | १४०००० |
| १०१ | वडा प्रहरी कार्यालय वैदाममा विट रुम स्थापनाको लागि खर्च | ८०००० |
| | जम्माः | २२०००० |

७३ **पाइप खरिदः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने र राख्न लगाउनुपर्ने उल्लेख छ। कार्यालयले भौ नं १२८ वाट रु ४५००००। को पाइप खरिद गरी वावा इन्जिनियर एण्ड स्यानिटरीवयरलाइ भुक्तानी दिएकोमा उक्त पाइप के प्रयोजनमा खर्च भएको हो सो खुल्दैन। खरिद भएका सामानहरुको प्रयोगको सुनिश्चित हुने गरी प्रमाण संलग्न गर्नुपर्ने देखिन्छ।

**कृषि तथा पशु विकास महाशाखा तर्फः** यस शाखावाट यस वर्षवाट रु ८९००० हजार वजेट रहेकोमा रु ३१९७५ हजार खर्च गरी वजेटको ३५.९३ प्रतिशतमात्र खर्च भएको देखिन्छ। यस शाखावाट फर्निचर लगायत अन्य खप्ने सामान खरिद भएकोमा मुल्य खुलाएर राखेको देखिएन भने सामान पनि एउटै पानामा एकमुष्ट राखेको देखिन्छ। खर्चको सम्वन्धमा देखिएका अन्य व्यहोरा देहायअनुसार छन् :

७४ **व्यक्तिको जग्गामा कृषि वजारः** नेपाल सरकारले तयार गरेको कृषि वजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ को दफा १६ मा वजार केन्द्रले चर्चिने जग्गाको स्वामित्व सार्वजनिक वा संस्थागत निकायमा रहनुपर्ने उल्लेख छ। महानगर र लेखनाथ उद्योग वाणिज्य संघविच कृषि उपज संकलन केन्द्र वनाउन मिति २०७५ भाद्र २६ मा नेपाल सरकारले तयार गरेको कृषि वजार विकास तथा व्यवस्थापन निर्देशिका, २०७३ को आधारमा ५०/५० प्रतिशत लागत साझेदारीमा संझौता भइ गत वर्ष रु १२६४७३३। तथा यस वर्ष रु ४५ लाख समेत हालसम्म रु ५७६४७३३। भुक्तानी दिएको अवस्था छ। कुल रु १ करोड २५ लाख ७७ हजारको काम गरी ३० वटा सटरको ठुलो संरचना तयार गरेकोमा सार्वजनिक जग्गामा वनाउनुपर्नेमा १० वर्षको करार गरी वार्षिक रु ६ लाख (प्रत्येक वर्ष रु

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४५ हजार थप गर्ने गरी) भाडा तिर्ने गरी व्यक्ति (जग्गाधनी श्री ढाका कुमार श्रेष्ठ) को जग्गामा संरचना तयार गरेको अवस्था छ। व्यक्तिको जग्गामा उक्त संरचना तयार गर्दा २ वर्ष भवन वनाउन लागेको तथा वाँकी ८ वर्ष मात्र सन्चालन हुने र वाँकी समय उक्त भवन स्वतः निजि जग्गाधनीलाइ जाने हुँदा यसरी निजी जग्गामा संरचना तयार गर्ने गरी संझौता गर्नु उचित देखिएन भने उक्त संझौता कार्यविधि विपरित समेत देखियो। निर्देशिकामा वजार केन्द्रले चर्चिने जग्गाको स्वामित्व सरकारी हुनुपर्ने उल्लेख भएकोमा निजि जग्गामा उक्त संरचना वनाइ हालसम्म रु ५७६४७३३। भुक्तानी दिएको रकम अनियमित देखिएको रु | ५७६४७३३ |
| ७५ | **कृषि तथा पशुमा अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्: | |

| भौ नं | विवरण | अनुदान रकम |
|---|---|---|
| ३७८ | जै घासको विउमा अनुदान वापत मिरा अर्याललाइ भुक्तानी (प्रति रोपनी रु ३५०। को दरले ११६० रोपनीमा जै घाँस लगाएको भनि) तर ९२ कृषकलाइ अनुदान | ४००५७५ |
| ४५५ | विभिन्न १५ कृषकलाइ रु २० हजारको दरले अनुदान | ३००००० |
| ४६७ | मेयर प्रविधिमैत्री कृषि परियोजना (सुन्तलामा फलेको वोटको प्रति वोट रु १००। ले अनुदान) | १५००००० |
| ५१० | वडा स्तरीय कृषि सडक सन्जाल १३ र १६ लाइ वजार प्रवर्द्धन कार्यक्रमवाट अनुदान | २०६०५५ |
| ५११ | फेवा तथा वेगनास तालमा माछा छाडेको भनि अन्नपुर्ण फिस फर्मलाइ भुक्तानी | २४३९९० |
| ५०२ | धानको उत्पादनको आधारमा नगद वितरण | ६०८५३० |

यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७५.१ | अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ। | |
| ७५.२ | कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७५.३ | भौ नं ५१० वाट वडा स्तरीय कृषि सडक सन्जाल १३ र १६ लाइ वजार प्रवर्द्धन कार्यक्रमवाट अनुदान स्वरुप क्रमशः १४६०५५। तथा रु ६००००। दिइ कुल रु २०६०५५। खर्च गरेकोमा रु ६० हजारको एक डिजिटल तराजु खरिद गरेको छ भने वाँकी रकम रु १४६०५५। फर्निचर खरिदमा खर्च भएको देखिन्छ। कृषिको लागि छट्याएको रकम फर्निचर खरिदमा खर्च गर्नु उचित देखिएन। | |
| ७५.४ | भौ नं ५११ वाट फेवा तथा वेगनास तालमा माछा छाडेको भनि अन्नपुर्ण फिस फर्मलाइ रु २४३९९०। भुक्तानी गरेको देखिन्छ। तालमा माछा छाडनु राम्रो भएतापनि यसको प्रभावकारीता अध्ययन, तालवाट प्राप्त हुने माछाको विक्रि वितरणको लागि ठेक्का व्यवस्थापन आदि हुन सकेको देखिएन। | |
| ७५.५ | भौ नं ५०२ वाट २०७७।६।७ मा सभागृहचोकमा धानको लागि अन्तरक्रिया भइ धानको उत्पादनको आधारमा रु ६०८५३०। नगद वितरण समेत गरी उमा पुनको पेश्की फछ्यौंट गरेको देखिन्छ। यसमा उत्पादन वास्तविक कति भएको हो, छनोटको आधार के हो, उत्पादनको परिमाण धेरै क्षेत्रफलमा धान लगाएकोलाइ आधार मानेर हो वा कम क्षेत्रफलमा पनि वढी परिमाणमा राम्रो उत्पादकत्व भएकोलाइ आधार मान्ने हो एकिन नगरी धेरै उत्पदान गरेको भनि नगद वितरण गरेको देखियो। धेरै उत्पादन गर्ने लाइ मात्र रकम भुक्तानी दिंदा कमजोर वर्गको किसानले रकम प्राप्त नगर्ने भएकोले यसमा पुनर्विचार गरी अन्य समेत प्रोत्साहनका कार्यक्रम लागू गर्नुपर्ने देखिन्छ। | |
| ७६ | **अन्य खर्च केन्द्र वाट समेत अनुदानः** महानगरभित्रका १२ वटा खर्च केन्द्र मध्ये कृषि तथा पशु विकासका क्षेत्रमा विभिन्न कार्यक्रम सन्चालन गर्नको लागि एक खर्च केन्द्रको रुपमा कृषि तथा पशु विकास महाशाखा रहेकोमा उक्त खर्च केन्द्र वाहेक अन्य विभिन्न ५ सेवा केन्द्र तथा नगरपालिकाको कार्यालय खर्च केन्द्र समेत वाट कृषि तथा पशुका कार्यक्रम सन्चालन गरी खर्च गरेको देखिन्छ। एकै निकायका विभिन्न शाखावाट रकम दिंदा दोहोरो पर्ने सम्भावना हुने, कार्यक्रम धेरै ठाउमा छिरलिंदा अपेक्षित उपलब्धि नदेखिने, कृषि शाखा वाहेक अन्य खर्च केन्द्रमा कृषि तथा पशुको प्राविधिक जनशक्ति कम भएको कारण प्राविधिक वेगर कार्यक्रम कार्यान्वयन हुँदा अनुदानका कार्यक्रम प्रभावकारी नहुने आदि अवस्था रहन्छ। यसमा नियन्त्रण गरी कृषि तथा पशु विकास महाशाखावाट मात्र कृषि तथा पशु विकासका कार्यक्रम सन्चालन गर्नुपर्दछ। नमुनाका रुपमा सेवा केन्द्र २ नदिपुरवाट कृषि क्षेत्रमा भएको खर्चको केही व्यहोरा देहायअनुसार रहेको छः | |

| भौ. नं. | कार्यक्रम/आयोजना/कियाकलापको नाम | विवरण | खर्च रकम |
|---|---|---|---|
| ७ | उत्कृष्ट उद्योग तथा कृषि फर्म संचालनमा आर्थिक सहायता र पुरस्कार | पावर अल्टर्नेटिभलाइ भुक्तानी | ८०,००० |
| ८४ | अर्गानिक तरकारी उत्पादन तालिम कुरिलो, अलौची, च्याउखेती प्रवर्द्धन | एकता कृषि समुहलाइ भुक्तानी | ३०,००० |
| १५१ | कृषि कार्यक्रम | वडा स्तरीय कृषि संजाललाइ भुक्तानी | १००००० |
| १९३ | सहकारी शिक्षा तथा बिउ पुजी | बिल भरपाइ अनुसार भुक्तानी | ४८,००० |
| २३४ | अर्गानिक तरकारी उत्पादन तालिम कुरिलो, अलौची, च्याउखेती प्रवर्द्धन | संलग्न कागजात बमोजिम भुक्तानी | ३७०००० |
| २३४ | गिरिराज चल्ला वितरण पशु नश्ल सुधार उन्नत बोका वितरण | संलग्न कागजात बमोजिम भुक्तानी | १०८२०० |
| २३८ | पशु विकास | संलग्न कागजात बमोजिम भुक्तानी | १५०००० |
| २५२ | कृषि कार्यक्रम | संलग्न कागजात बमोजिम भुक्तानी | ३५०००० |
| | | जम्माः | १२३६२०० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **सेवा केन्द्र २ नदीपुर तर्फः** यस केन्द्र तर्फ रु ८८०९० हजार वजेट रहेकोमा रु ४८७२८ हजार मात्र खर्च भइ लक्ष्यको तुलनामा ५५.३२ प्रतिशत खर्च भएको छ। जस अन्तर्गत वडा नं ३ मा छुट्याइएको वजेट कुनै पनि खर्च भएको छैन। यस केन्द्र तर्फ देखिएका व्यहोरा देहायअनुसार छन्ः | |
| ७७ | **वितरणको भरपाई नभएकोः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ।भौ नं १५३।२०७७।०३।०५ बाट स्वयंम सेविका पोत्सहन भत्ता बापत रु ९५०००।खर्च लेखेकोमा भत्ता वितरण तथा बुझेको भरपाई नभएको रु | ९५००० |
| ७८ | **छात्रवृति वितरणः** भौ नं २३१।२०७७।३।३० बाट श्री कालिका माध्यामिक विद्यालय र श्री शिव शक्ति माध्यामिक विद्यालयलाई प्रति विद्यार्थि रु ५०००।को दरले रु १०००००। वितरण गरेको छ। यसरी छात्रवृति कार्यक्रम सशर्त नगरपालिका शिक्षा चालु खर्च बाट हुने भएकोले कार्यक्रम दोहोरो नपर्ने गरि वितरण गर्नु पर्ने देखिन्छ। शिक्षा महाशाखा बाट विनियोजन भई खर्च गर्ने कार्यक्रममा सेवा केन्द्र बाट पनि गर्दा कार्यक्रम टुक्रा टुक्रा भई प्रभावकारिता नहुने भएकोले यस्ता कार्यक्रम दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्दछ। | |
| ७९ | **बढी भुक्तानीः** भौ नं २६८।२०७७।०३।३१ मा दिवा खाजा खर्चको सम्बन्धमा श्री अम्बिका माध्यामिक विद्यालयले रु ११७००० माग गरेको निर्णय पेश गरेकोमा कार्यालयले रु २१६६०६। भुक्तानी दिएकोले रु ९९६०६। बढी भुक्तानी भएको छ। साथै दिवा खाजा कार्यक्रम अन्तर्गत शिक्षा महाशाखाले उक्त कार्यक्रममा रकम विनियोजन गरि खर्च गरेको छ। यसरि एउटै कार्यक्रममा सेवाकेन्द्र बाट पनि खर्च गर्नु उचित नदेखिएको रु | ९९६०६ |
| ८० | **जनसहभागिता नभएकोः** कार्यक्रमगत खर्चको विवरण अनुसार वडा नं ११ मा सि सि टि भि जडान मा जनसहभागिता तर्फ रु ३१७९८५। साथै पालिकावाट ७४१९६५। वजेट भएको तर खर्च रु २१०३४०।६८ भएकोमा महानगरपालिकाको भागको मात्र खर्च भएको अवस्था छ। वजेटमा ७० प्रतिशत मात्र महानगरको हुने उल्लेख भएको तर खर्च गर्दा सोही अनुसार रु १४७२३८। मात्र भुक्तानी गर्नुपर्नेमा रु २१०३४०।६८ भुक्तानी भएकोले वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | ६३१०२ |
| ८१ | **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले वडा प्रहरी कार्यालय वगरको किचन तथा मर्मत कार्यको लागि वडा प्रहरी कार्यालय वगर (कास्की) उ स गठन गरी उक्त समितिवाट उक्त कार्य गराइ भौ नं १५९ चालु वाट रु ४५००००। भुक्तानी दिएको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु अनियमित देखिएको रु | ४५०००० |
| ८२ | **उपभोक्ता समितिमार्फत परामर्श सेवाको कामः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत निर्माणको काम मात्र गराउनुपर्ने उल्लेख छ। तर यस सेवाकेन्द्रले लामाचौर माछापुच्छ्रे सडकको डिपिआरको लागि माछापुच्छ्रे टोल विकास संस्थावाट गराइ भौ नं १७१ वाट रु | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १ लाख भुक्तानी गरेको छ।कार्यालयका प्राविधिक जनशक्ति वा परामर्शदातावाट गराउनु पर्ने काम उपभोक्ता समितिमार्फत गराइ रकम भुक्तानी गर्नु अनियमित देखिएको रु | १००००० |
| ८३ | **मेशिनको प्रयोग गरी वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख गरेको छ। लागत अनुमान मितव्ययी तवरले गर्नुपर्नेमा यस सेवा केन्द्र अन्तर्गत पि सि सि १:२:४ को काममा म्यानुअल दर भन्दा मेशिनको दर प्रति घनमिटर रु ७९४.४ वढी भएकोमा घटी दरको प्रयोग गर्नुपर्नेमा वढी दरको प्रयोग गर्दा देहाअनुसार रु ३५०७५९। वढी भुक्तानी भएको छ। अन्य खर्च केन्द्रहरुले वाटो वनाउने कामको लागि म्यानुअल नर्म्स प्रयोग गरेकोमा यस केन्द्रले वढी दर प्रयोग गरेको तथा मितव्ययी गर्नुपर्नेमा नगरी वढी दर प्रयोग गर्दा वढी व्ययभार पारेको रकम अनियमित देखिएको रु | ३५०७५९ |

| भौ नं | भुक्तानी पाउनेको नाम | कामको परिमाण | मेशिन प्रयोगको दर | म्यानुअल दर | फरक दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४ | शान्तिपथ वाटो निर्माण उ स | ८०.४५ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | ६३९०९ |
| ३१ | हर्क मास्टरको घरदेखि जिमिरे सम्म स्तरोन्नती नि स | १८.९ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | १५०१४ |
| ५२ | अकला आरतरा एल एन्जल सडक निर्माण समिति | २२.१ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | १७५५६ |
| ५९ | लामाचौर शान्तिचोक नाला तथा वाटो निर्माण समिति | ३६.२२ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | २८७७३ |
| ८० | मेलवोट गौरिशंकर खेलमैदान भित्रिवाटो उ स | ३२.७ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | २५९७७ |
| ७९ | रश्मी मार्ग निर्माण उ स | ३६ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | २८५९८ |
| ७० | धोविनि पाटन वाटो निर्माण उ स | ७५.६९ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | ६०१२८ |
| ८६ | तिव्रिकोट प्रवेश मार्ग उ स | ३५.८८ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | २८५०३ |
| १०० | घारीथर भयरथान देखि डव्लु आर सि कलेज पर्खालसम्म सडक ढलान उ स | ६३.६ | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | ५०५२४ |
| १०१ | तुम्के गर्लाङ सडक निर्माण उ स | ४० | १३१६६.४४ | १२३७२.०४ | ७९४.४ | ३१७७६ |
| | वढी भुक्तानीः | ४४१.५४ | | | | ३५०७५९ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८४ | **शुभकामना विज्ञापनः** कार्यालयले सुचनामुलक तथा सेवाग्राहीलाइ फलदायी हुने किसिमका मात्र सुचना प्रकाशन गर्नुपर्नेमा सेवा केन्द्र २ ले मात्र यस वर्ष कुल ५४ भौचर वाट रु ३ लाख ३६ हजार भुक्तानी गरेको देखिएकोले अत्याधिक मात्रामा छिरलिएर सुचना प्रकाशन गरेको देखिन्छ। उपयोगि र शन्देशमुलक सुचना प्रकाशन गरी खर्चमा मितव्ययीता ल्याउनुपर्नेमा यस्तो गरेको देखिदैन भने अन्य खर्च केन्द्रहरुमा समेत स्थिति यही छ। यस वर्ष नमुना छनोटको आधारमा यस खर्च केन्द्रको परीक्षण गर्दा शुभकामनाको सुचनामा मात्र देहायअनुसार रु ९६ हजार खर्च भएको देखिन्छ भने अन्य सेवाकेन्द्रहरुको स्थिति समेत यही रहेको छ। व्यकिगत रुपमा खर्च गर्नुपर्ने शुभकामना जस्ता विज्ञापन गरेर सरकारी रकम भुक्तानी दिनु उचित देखिएन। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| भौ. नं. | सुत्र अनुसारको खर्चको विवरण | डेबिट |
|---|---|---|
| ६८ | शुभकामना वापतको फेवा टिभीलाइ भुक्तानी | ३,००० |
| ७८ | शुभकामना विज्ञापनको भुक्तानी | ४,००० |
| ७९ | शुभकामना बिज्ञापन वापतको भुक्तानी | १३,५०० |
| ८८ | शुभकामना वापतको भुक्तानी | १०,००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ९१ | शुभकामना वापतको भुक्तानी | ५,००० |
| ९२ | शुभकामना विज्ञापन वापतको भुक्तानी | ४,००० |
| ९३ | ताजा अभिमतलाइ शुभकामना वापतको भुक्तानी | २,००० |
| ९९ | शुभकामना वापतको रकम भुक्तानी | ५,००० |
| १०१ | शुभकामना वापतको रकम भुक्तानी | ३,००० |
| १०२ | शुभकामना वापतको रकम भुक्तानी | १०,००० |
| १०४ | शुभकामना वापतको भुक्तानी | ४,००० |
| १०६ | शुभकामना वापतको रकम भुक्तानी | १,००० |
| १०६ | शुभकामना वापतको रकम भुक्तानी | १,००० |
| १०९ | शुभकामना वापतको रकम भुक्तानी | २०,००० |
| ११७ | शुभकामना वापतको रकम आरुसी मिडीयालाइ भुक्तानी | ५,००० |
| १२१ | शुभकामना वापतको रकम भुक्तानी | ५,००० |
| | जम्माः | ९५५०० |

यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नपर्ने भनि लेखासमितिले सुझाव दिएकोमा समेत कार्यान्वयन भएको छैन।

८५ **जनशहभागिता उल्लेख नगरी वजेट तयारीः** महानगरले अधिकांश योजनामा जनशहभागिताको अंश नगद जुटाउने गरी वजेट तयार गरेको तर केही योजनाहरु (जुन उपभोक्ता समितिमार्फत कार्यान्वयन भएका छन्) मा जनसहभागिताको अंश उल्लेख नगरी अर्थात महानगरमा नगद दाखिला गर्न नपर्ने गरी वजेट तयार गरी खर्च गरेको देखिन्छ। यस वर्ष नमुना छनोट गरी हेर्दा यस सेवा केन्द्र २ नदिपुर वाट मात्र रु ६० लाख ७१ हजारका कामको लागि जनशहभागिता नछुट्याएको देखियो। वजेट तयार गर्दा सवै क्षेत्रमा एउटै मापदण्ड हुने गरी वजेट वनाइ सो को कार्यान्वयन गर्नुपर्दछ।

रु हजारमा

| कार्यक्रमको नाम | वजेट | खर्च |
|---|---|---|
| के आइ सिह पुल महेन्द्र गुफा सडक मर्मत ७४७ | ४०० | ४०० |
| खानेपानी टंकी तथा पाइप मर्मत | २३७ | १९० |
| खानेपानी ट्याङ्की मर्मत | ५०० | ४७५ |
| घट्टेकुना ओख्ले रंजित सडक मर्मत ७५१ | २०० | १९० |
| जोगीमणी घोरकुना दाद्रे र्याले सडक मर्मत ७४९ | २०० | १९६ |
| जोगीमणी छहरेपानी सडक मर्मत योजना ७५० | २०० | १९८ |
| दिपचोक देखि लामाचौरचोक सम्म सडक मर्मत ७४८ | ४०० | ३९५ |
| राम्चे मरेवारी सडक नाला निर्माण | ३०० | ३०० |
| वडा नं. १९ भित्रका पक्की नला का े सरसफाइ | १७४ | १७४ |
| वडा नं. १९ भित्रका सडक मर्मत | २०० | १५० |
| वडाका खानेपानी टंकी मर्मत | ४९४ | ४७० |
| वडास्तरमा आकस्मीक अन्य मर्मत कार्य | ११३ | ११३ |
| वडास्तरमा सडक मर्मत योजना | १०९७ | १०३९ |
| सडक मर्मत | १३३४ | ६४० |
| सडक मर्मत योजना | २२२ | ४२ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जम्माः ६०७१ ४९७२ | |
| | **सेवा केन्द्र ४ तर्फः** | |
| ८६ | **रेडक्रशलाइ भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा अन्य प्रयोजनको लागि रकम खर्च गर्न नहुने उल्लेख छ । कार्यालयले भौ नं ६८ वाट नेपाल रेडक्रश सोसाइटी, पोखरा १० उपशाखालाइ रु १ लाख फर्निचर खरिद गर्न रकम दिएको छ। नेपाल रेडक्रश सोसाइटी एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्था भएको र यसको आफ्नै श्रोत तथा खर्च हुने अवस्थामा उक्त कुराको ख्याल नगरी रेडक्रशलाइ फर्निचर खरिद गर्न रकम भुक्तानी गर्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ। | |
| ८७ | **सेवा प्रवाहमा स्मार्ट कार्ड कार्यक्रमः** सेवा केन्द्र ४ ले सेवा प्रवाहमा स्मार्ट कार्यक्रम अन्तर्गत रु ७४६०००।विनियोजन गरि स्मार्ट कार्डको लागि डाडा संकलनमा ७ जना, डाटा इन्ट्रीका लागि २ जना कर्मचारी र प्रिन्टर खरिदको लागि समेत गरी रु ६७५९७२। खर्च गरेको छ। उक्त कार्ड सञ्चालनका लागि मेशिन नभएको कारण कार्ड प्रयोगमा नआएको तथा संघिय सरकारले राष्ट्रिय परिचय पत्र प्रयोगमा ल्याउने भएपछि उक्त कार्ड प्रयोगमा ल्याउन थप कार्य नगरेको भन्ने जवाफ कार्यालयले दिएको छ। यसरि कार्यक्रमको औचित्यता तथा अपेक्षित उपलव्धीको मापन वेगर कार्यक्रम तयार गरी रकम खर्च गरेको कारण कार्यक्रम कार्यन्वयन नभएको अवस्था देखिएकोले यसरी गरेको खर्च रकम अनियमित देखिएको रु | ६७५९७४ |
| | **शिक्षा महाशाखा तर्फः** | |
| ८८ | **पोखरा बहुप्राविधिक शिक्षालयमा विज्ञ नियुक्तः** पोखरा बहुप्राविधिक शिक्षालयमा श्री राधाकृष्ण लामिछाने लाई मिति २०७६।०९।०४ को निर्णय अनुसार प्रदेश स्तरको विज्ञ सरहको मासिक ६५०००। उपलब्ध गराउने गरी विज्ञको रुपमा मिति २०७६।१०।१३ देखि नियुक्ती गरि भुक्तानी गरिएको तर सो पारिश्रमिक दर निर्धारणको आधार र विज्ञको कार्य उपलब्धी तथा कार्य प्रगति नदेखिएको अवस्था छ। उक्त कार्यको लागि शिक्षा महाशाखा तर्फको स्थायी कर्मचारी हुदाँहुदै विज्ञको रुपमा नियुक्ति गर्नुपर्ने आवश्यकता हो होइन एकिन नगरेको र विज्ञ नियुक्ति के कार्यको लागि भएको तथा सम्पन्न कार्य प्रगति के हुन भन्ने स्पष्ट विवरण राखेको छैन। माघ देखि असार सम्म रु २३३३५०। भुक्तानी दिएकोमा परामर्श तथा सेवा बापत १५ प्रतिशत कट्टी गरी भुक्तानी दिनु पर्नेमा सामाजिक सुरक्षा कर १ प्रतिशत मात्र कट्टी गरी भुक्तानी दिएकोले बाँकी १४ प्रतिशत रकम असुल गर्नुपर्ने रु | ३२६६९ |
| ८९ | **विद्यालयलाई सफ्टवेयर खरिद अनुदानः** लेखा सम्बन्धी सफ्टवेयर अनुदानको लागि शिक्षा महाशाखाले ४३ वटा विद्यालयलाई रु १७०००।को दरले रु ७३१०००।अनुदान दिइएको छ उक्त अनुदान रकम बाट विद्यालयहरुले गौतम सफ्टवेयरबाट प्रति विद्यालयले रु २५०००।लागत को सफ्टवेयर खरिद गरेको छ। यसरी एउटै प्रकृतिको सामान खरिद गर्दा कार्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धाको आधारमा खरिद गरि सफ्टवेयर अनुदान दिदा मितव्ययि हुने देखिन्छ। यसरी लेखा सम्बन्धि सफ्टवेयर रु २५०००। को प्रति विद्यायलयले खरिद गर्दा उक्त सफ्टवेयर कतिको प्रभावकारीता तथा गुणस्तरिय र टिकाउपना हुन्छ। उक्त कुरामा ध्यान दिई खर्च गर्नुपर्ने देखिन्छ। | |
| ९० | पोखरा महानगरपालिका- स्वास्थ्य- ८०४३९२०१३०२ चालु तर्फः<br>**स्वीकृत दरभन्दा बढी यातयात खर्च भुक्तानीः-** ५०/२०७७-०२-१८ अनुसार वडा कार्यालय-२९ मा भएको औषधी व्यवसायीहरुलाई परिवार नियोजनका सधानहरु तथा आकस्मिक गर्भनिरोधकको व्यवस्थापन | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा रिपोर्टिङ कार्यक्रममा सहभागी ३१ जनालाई रु. ५०० को दरले जम्मा रु.१५५००।- यातयात खर्च भुक्तानी भएको देखिन्छ ।तर नगर कार्यपालिकाको बैठकबाट पारित तालिम, गोष्ठी, कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७४ को ८(ख) मा पोखरा महानगरपालिका वडा नं. १९ देखि २९ सम्म(२० र २८ बाहेक) मा यातयात खर्च रु. ३०० को दरले वितरण गर्ने व्यवस्था छ । उक्त कार्यक्रम वडा कार्यालय-२९ मा भएको हुनाले रु. ३०० को दरले यातयात खर्च वितरण गर्नुपर्नेमा रु. ५०० को दरले वितरण गरेको हुनाले प्रतिव्यक्ति रु. २०० बढी वितरण भएको देखिन्छ ।तसर्थ कार्यक्रममा सहभागी ३१ जनाबाट बढी भुक्तान भएको प्रतिव्यक्ति रु.२०० को दरले असुल गर्नुपर्ने रु.. | ६२०० |
| | **शशर्त अनुदान तर्फः** | |
| ९१ | **नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानः** स्थानिय तहले नमुना विद्यालयको भौतिक पुर्वधार निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.११.१.२.१ मा उल्लेख छ।उक्त अनुदान रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यालयको ड्रइङ डिजाइनिङ सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्न लगाइ उपलब्ध गराउने, विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजिनक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य सञ्चालन गर्ने तथा उक्त बजेट विद्यालयलाई उपलब्ध गराउदा विद्यालय र स्थानीय तह वीच सम्झौता गरी कार्य प्रगतिका आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ। यस महानगरपालिकाले गो भौ नं १४८।०७७।०३।३१ मा निम्न विद्यालयलाई ३००००००० । निकासा उपलब्ध गराएकोमा अनुदान निकासा कार्य प्रगतिको आधारमा नदिएको र सो विद्यालय भवन निर्माण कार्यको प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएको ले खर्च पुष्टी गर्ने उक्त कागजात पेश हुनुपर्ने भनि रु ३००००००० । बेरुजु प्रारम्भिक प्रतिवेदनको क्रममा औल्याइएकोमा प्रतिक्रयाको क्रममा रु १५१६०१०५ । को प्रमाण पेश भएकोले प्रतिक्रयाबाट फछ्यौट भएकोमा बाँकी रकमको हकमा प्रमाण पेश गर्नु पर्ने रु | १४८३९८९५ |

| | विद्यालयको नाम | प्रारम्भिक प्रतिवेदनको औल्याएको रकम | प्रतिक्रियाबाट फछ्यौट रु | बाँकी |
|---|---|---|---|---|
| १ | कालिका माध्यामिक विद्यालय | १५०००००० | ११०३५३०७ | ३९६४६९३ |
| २ | त्रिभुवन शान्ति मा वि | १५०००००० | ४१२४७९८ | १०८७५२०२ |
| जम्मा | | ३०००००००० | **१५१६०१०५** | १४८३९८९५ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९२ | **नमुना विद्यालय विकासका लागि कार्यसम्पादन अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखाको मिति २०७७।३।१०, च नं ३८३ को पत्रमा नमुना विद्यालय विकासका लागि छनौट भएका विद्यालय लाई कार्यसम्पादन अनुदान निकासा दिदा विद्यालयको शौक्षिक विकास तथा व्यवस्थापकीय पक्षको सुदृढीकरण क्षमता अभिवृद्धि विद्यालयको शौक्षिक तथा व्यवस्थापकिय कार्य नपुग हुने शिक्षक तथा कर्मचारी व्यवस्थापन शौक्षिक सामाग्रि तथा विद्यालयको स्वीकृत गुरुयोजनामा उल्लेखित प्राथमिकता प्राप्त कार्यक्रम लागि विद्यालयससँग कार्ययोजना माग गरि बजेट निकासा गर्नु पर्ने उल्लेख छ। यस नगरपालिकाले गो भौ नं १४८।०७७।३।३१वाट निम्न विद्यालयलाई रु ६४१०००० । निकासा उपलब्ध गराएकोमा उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु ६४१००००।प्रारम्भिक प्रतिवेदनमा औल्याइएकोमा प्रतिक्रया बाट फछ्यौट रु २१५९७८०। भई बाकी रु ४२५०२२०। को प्रमाण पेश गर्नु पर्ने रु | ४२५०२२० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि नं | विद्यालयको नाम | प्रारम्भिक प्रतिवेदनमा औल्याएको रकम | प्रतिक्रियाको क्रममा प्रमाण पेश भई फछ्यौट भएको रकम | बाँकी रकम |
|---|---|---|---|---|
| १ | कालिका विद्यालय | ३७६०००० | २१५९७८० | १६००२०२ |
| २ | त्रिभुवन शान्त मा वि | २६५०००० | ० | २६५०००० |
| **जम्मा** | | ६४१०००० | २१५९७८० | ४२५०२२० |

९३ **आवासिय छात्रवृतिः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत आवासमा बसी अध्ययन गर्ने विद्यार्थिहरुका लागि प्रति विद्यार्थि प्रति महिना ४ हजारको दरले दश महिनाको रु ४०००० अनुदान दिने उल्लेख छ। यस पालिकाले आ.व २०७६।७७ मा १० महिनाका लागि निम्न विद्यालय लाई रु ११५६२०००। (दलित र छात्रा छात्रवृत्ति कट्टा गरि) निकासा भएको आवासिय छात्रवृति रकम विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ को कारण सरकारले चैत्र ११ गते देखी लकडाउन गरेकोले पालिकाका सबै विद्यालय बन्द भई शैक्षिक क्रियाकलाप संचालनमा नरहेको कारण बैशाख देखि असार सम्मको आवासिय छात्रवृति बराबरको रकम सम्बन्धीत विद्यालय बाट एकिन गरी उक्त रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु — ४१६४०००

| सि नं | विद्यालयको नाम | आवासिय छात्रवृति वितरण विद्यार्थि संख्या | विद्यालय संचालन नभएको अवधि | प्रति महिना छात्रवृति दर | बढी रकम |
|---|---|---|---|---|---|
| १ | सिर्जना बहिरा मा वि | २५८ | ३ | ४००० | ३०९६००० |
| २ | अमरसिंह नमुना मावि | ५८ | ३ | ४००० | ६९६००० |
| ३ | कुडहर आ वि | ९ | ३ | ४००० | १०८००० |
| ४ | सरस्वति टिका मा वि | १५ | ३ | ४००० | १८०००० |
| ५ | जनप्रकाश मा वि | ७ | ३ | ४००० | ८४००० |
| **जम्मा** | | ३४७ | | | ४१६४००० |

९४ **पाठ्यपुस्तक बढी अनुदानः-** स्थानीय तहले सार्वजनिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थिको IEMIS मा प्रविष्टी तथ्याङ्कलाई प्रमाणित गरी यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयलाई अनुदान निकासा दिन तथा यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिई २०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६।७७ मा उल्लेख छ। महानगरपालिकाले यस कार्यक्रम कार्यान्वयन पुस्तीकामा भएको व्यवस्थाको प्रतिकुल हुने गरी गो.भौ.न. ९०।२०७७।०२।२१ बाट १९९ विद्यालयलाई शौक्षिक सत्र २०७७ को पाठ्यपुस्तकको १०० प्रतिशत रकम रु २०१५२१८२।निकासा गरेको छ भने भौ नं १४८।०७७।३।३१ बाट २३ विद्यालयलाई थप रु ४५८७८४।निकासा दिएको छ। महानगरपालिकाले ७५ प्रतिशत पहिले निकासा दिनुपर्नेमा १०० प्रतिशत निकाशा दिएकोले २०१५२१८२। को २५ प्रतिशत अनियमित देखिएको साथै १०० प्रतिशत निकासा दिईसकेपछि पनि पाठ्यपुस्तक खरिद र वितरण गरेको विल भरपाई एकिन नगरी थप रु ४५८७८४।निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु — ५४९६८३०

| सि नं | १०० प्रतिशत निकासा | अनियमित २५ प्रतिशत | असुल गर्नु पर्ने | जम्मा निकासा रकम |
|---|---|---|---|---|
| १ | २०१५२१८२ | ५०३८०४५ | ४५८७८४ | ५४९६८३०। |

**ससर्त पुँजीगत**

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९५ | **बैकल्पिक उर्जाः** १ घनमिटरको शहरी बायो ग्याँस प्रति गोटाको रु.६००००। का दरले लागत अनुमान तयार भएकोमा पालिकाले ३३ जना लाभग्राही छनोट गरेको छ। कूल लागतको ७० प्रतिशत वा बढीमा रु.४००००। प्रति प्लान्ट अनुदान उपलब्ध गराउने कार्यक्रममा महानगर पालिकाबाट रु.१३२००००। खर्च लेखेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| ९५.१ | बायो ग्यासलाई आवश्यक पर्ने ड्रमको लागत अनुमान कोटेशन माग गरी बजार मुल्य बाट रु.६००००.० कायम भएको पाइयो ।बायो ग्यासलाई आवश्यक पर्ने ड्रम **Alternative Bio Energy Pvt. Ltd** बाट प्रति गोटा रु.६००००। का दरले ३३ वटा को रु.१९८००००.० मा सोझै खरीद गरेको छ । अनुदान उपलब्ध गराउने कार्यक्रममा ठुलो परिमाणमा खरिद गर्दा प्रतिस्पर्धा सुनिश्चित हुने गरी कम मुल्यमा गुणस्तरीय सामान प्राप्त हुने अवस्था लाई ध्यान दिई खरीद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ९५.२ | **भुक्तानीमा कर** –आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बैकल्पिक उर्जा अनुदान कार्यक्रम अन्तर्गत एउटै पार्टीबाट रु.१९८००००। को सामान खरीद गरेको विल पेश भएको छ । विल पेश बमोजिम लाभग्राहीलाइ अनुदान रकम उपलब्ध गराउदा भौ.न.४-०७७/३/३० बाट रु.८०००००। र भौ.५-०७७/३/३० बाट रु.५२००००। गरी रु.१३२००००। खर्च को १.५% अग्रीम कर रु.१९८००। कट्टा गर्नु पर्नेमा गरेको नपाइएकोले राजश्व दाखिला गर्नु पर्ने रु. | १९८०० |
| | **संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम चालु** | |
| ९६ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** –स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, पहिरो नियन्त्रण, ग्याविन जाली लगाउने, पदमार्ग निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २०६ जनालाई २५१५ दिन रोजगारी उपलव्ध गराई रु २५ लाख ४० हजार खर्च गरेको तथा उक्त रकम मध्ये ज्यालामा रु १८ लाख ५ हजार खर्च गरेको छ। लक्षित वर्गलाई औषतमा १२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला,प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ९७ | **श्रमीकको ज्याला नगदै भुक्तानीः** कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को नियम २१(१) स्थानीय तहले श्रमिकको ज्याला सम्वन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था भएता पनि पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमीकलाई पारीश्रमिक वडा सचिवहरुको खातामा रकम जम्मा गरी निजहरुबाट नगदै वितरण गरेको पाइयो । नियमको व्यवस्था बमोजिम पारिश्रमीक नगदै वितरण नगरी बैक खाता मार्फत वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | |
| ९८ | **बढी भुक्तानीः-** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२३ को १(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। देउमाडी स्थित गौतम चोक समिको रुख जाने गोरेटो बाटो निर्माण योजनामा रु.९५३८५। भुक्तानी हुनु पर्नेमा श्रमीकले गरेकोकामको प्राविधिक विल,३% टुल्स र २% श्रमीकको लागी कार्यस्थल | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सुरक्षा सामाग्री समेत जोडी रु.९५३८५। भुक्तानी दिएकोले बढी भुक्तानी हुन गएको रु.३६६२। असुल गर्नु पर्ने रु. | ३६६२ |
| ९९ | **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.२२५१८.० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | २२५१८ |

| भौ.मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| १२८-०७७/३/२८ | सेतिनदी सितापाइला छप्लाङगे सेतीनदी झो.पु निर्माण कार्यको नौलव घुम्ती नेपाल | २९१०४५ | १.५ | ३८६३ |
| १३०-०७७/३/२८ | परिवार नियोजन तथा प्रजनन स्वास्थ्य कार्यक्रमको पेश्की फर्छ्यौटमा कर कट्टा गरेको तर दाखिला गरेको प्रमाण पशे नभएको | १५६००० | १.५/१० | १८६५५ |
| | जम्मा | | | २२५१८ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०० | **आयुर्वेदीक औषाधिको लागत अनुमानः** माल सामानको लागत अनुमान तयार गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११(२) बमोजिम तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले ३ वटा सप्लायर्स सँग कोटेशन माग गरेको र सोही ३ वटा मध्ये कम कबोल गर्ने सप्लायर्सको मुल्यलाई नै आधार मानी लागत अनुमान कायम गरेको छ । सोही ३ वटा मध्येको कम कबोल गर्ने स्पर्स आयुर्वेद फर्मा सँग रु.७९८८६७। को सोझै आयुर्वेद औषाधि खरिद गरेको पाइयो। प्रथम पटक माग गरेको कोटेशनको आधारमा लागत अनुमान तयार गरी पुन कोटेशन माग गरी खरीद प्रकृया अगाडी बढाउनु पर्नेमा सो नगरी प्रथम पटक माग गरेको सँग नै खरीद गर्दा लागत अनुमान समेत तयार गरेको भन्न सकिने अवस्था देखिएन। अतः नियमावलीको व्यवस्था बमोजिम लागत अनुमान तयार गरी खरीद गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ। | |
| | **कृषि तर्फः** | |
| १०१ | **वितरण भर्पाइ पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ साथै वितरणका लागी खरीद भएका सामानहरु वितरण भएको भर्पाइ समेत पेश गर्नु पर्ने व्यवस्था छ । भौ.१५९-०७७/३/३१ बाट कृषि उत्पानको लागि पालिकाले २१ टन कृषि चुना प्रति टन रु.६५००। का दरले जम्मा रु.१३६५००। खरीद गरेकोमा लेखापरीक्षणको क्रममा सो चुनाको वितरण भर्पाइ पेश नभएकोले वितरवण भर्पाइ पेश गर्नु पर्ने रु. | १३६५०० |
| | क्षतिपुर्ति दिनुपर्ने व्यवस्था रहेको छ। महानगरपालकाले खरिद सम्झौता गरी निर्माण कार्य गराएका मध्ये तपसिलका निर्माण कार्यको कार्य तालिका अनुसार कार्य नगरेको सम्पन्न गर्नु पर्ने अवधि ( म्याद थप समेत) भन्दा विलम्ब गरी कार्य सम्पन्न गरेकोमा समेत निर्माण कार्यको म्याद थप नगरेको र पुर्व निर्धारित क्षतिपुर्ति नलिई अन्तिम बिलको भुक्तानी दिएको पाइयो। निर्माण सेवालाई कार्य तालिका अनुसार कार्य गर्न नसकेको समयमा म्याद थप नगरेको र पुर्व निर्धारित क्षतिपुर्ति असुल नगरी नगराई अन्तिम विलको भुक्तानी दिएको देखाएकोले Employ तथा Employer का प्रतिनिधिको ठेक्का पट्टा व्यवस्थापन मा कमि कमोरी रहेको अवस्था देखिन आयो । भने निर्माण कार्यको सुपरीवेक्षण अनुगमन तथा कार्य मुल्यांकन को जिम्मा पाएका प्राविधिक कर्मचारी हरुले समेत जिम्मेवारी वहन गरेको स्पष्ट आधार नदेखिएकोले त्यस्ता पदाधिकारीको निक्यौंल गरि कानुनत कारबाही हुनु पर्दछ। अत खरिद सम्झौताको सम्पन्न गर्नुपर्ने अवधि (म्याद थप समेत) भन्दा विलम्ब गरी नर्माण कार्य सम्पन्न गर्ने तपसिलका निर्माण सेवालाई अन्तिम विल भुक्तानी गर्दा पुर्व निर्धारित क्षतिपुर्ति नलिएकोले असुल गरी पालिकाको संचित कोषमा दाखिला गर्नु पर्ने रु ४६०८९२८ प्रारम्भिक प्रतिवेदनको क्रममा बेरुजु औल्याइएकोमा प्रतिक्रियाको क्रममा रु ६७६५३४। को म्याद थपको प्रमाण पेश भएकोले बाकी असुल हुनुपर्ने रु | ३९३२३८५ |

| गो भौ नं/ मिति | निर्माण कार्यको विवरण | निर्माण सेवा | कवोल अंक | सुरु तथा सम्झौता गर्ने अवधि | सम्पन्न भएको अवधि | विलम्ब दिन | पुर्वनिर्धारित क्षतिपुर्ति रकम |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ३२४.०७६.९.२१ | शुक्रराज मा वि होस्टल तथा तालिम भवन निर्माण | एम एस सुर्या कन्सट्रक्सन कम्पनी प्रा लि | २४२००००० | २०७५.४.२८ देखि २०७६.८.५ | २०७६. ८.१८ | १३ | १५७३०० |
| ३०९.०७६.९.१७ | पुम्दीकोट विशाल महादेव मुर्ति निर्माण | सिरुवा कन्सट्रक्सन कम्पनी प्रा लि | २३६६१९१२ | २०७५.४.२८ देखि २०७६.६.१४ | २०७६. ९.७ | ८३ | ९८१९६९ |
| २२.०७६.६.०२ | राम मार्ग स्तरोन्ति कार्य | निहित कन्सट्रक्सन | ५५१७००७ | २७५.१२.१० देखि २०७६.२.१२ | २०७६. ४.२३ | ६० | १६५५१० |
| - | बुल्देखोला र फिर्के खोलाको कल्भर्ट निर्माण कार्य | ज्ञान कान्सट्रक्सन एण्ड विल्डर्स | ४१३९५२९ | २०७६.३.१ दखि २०७६.४.३० | २०७६. ६.१४ | ४७ | ९७२७९ |
| २६५.०७६.८.१९ | खपाउदी सारङ्गकोट वडा अफिस सडकको स्तरोन्नती कार्य | देवचुली / लोयस जे भि | ९८९६५९४ | २०७५.१२.११ देखि २०७६.५.३ | २०७६. ८.१३ | १०१ | ४९९७७८ |
| १०६.०७६.१.०६ | खुला जिम खाना र फटनेस पार्क निर्माण | मोनालिसा निर्माण सेवा | ४५०११६१ | २०७६.१.१६ देखि २०७६.३.३० | २०७६. ५.२४ | ६६ | १४८५३८ |
| २७९.०७६.८.२२ | आदर्श चोक सिरुवा चोकको सडक स्तर वृदि | जष्ट इन टाइम कन्सट्रक्सन | २४७९८६४ | २०७५ देखि २०७६.३.२० | २०७६. ४.७ | १५ | १८५९९ |
| २६३.०७६.८.११ | कलाइन मौजामार्ग स्तोरन्मनति कार्य | मोनालिसा निर्माण कार्य | ९४३०१९६ | २०७५.१२.२९ देखि २०७६.५.८ | २०७६. ७.१५ | ६८ | ३२०६२७ |
| ३५६.०७६.९.२९ | बुलौडी खोला र फिर्के खोला कल्भर्ट निर्माण | | ४१३९५२९ | २०७६.३.१ देखि २०७६.४.३ | २०७६. ८.३० | १५० | ३१०४६५ |
| ३६९.०७६.१०.२ | खुला जिमखानार र फिटनेस पार्क निर्माण | एम एस सि / लोयस जे भि | ५६०४४५१ | २७६.१.२७ देखि २०७६.३.२० | २०७६. ९.२५ | १८८ | ५२६८१८ |
| २०७७.३.३० | बैदाम पामे घाँटीछिना पन्चासे सडक | कैलास पर्वत निर्माण सेवा | ७०५५०२१ | २०७६.२.६ देखि २०७६.८.२५ | २०७७. ३.१९ | २०५ | ७०५५०२ |
| जम्मा | | | | | | | ३९३२३८ ५ |

**विविध खर्च खाता**

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५१ | **सडकवोर्ड तर्फः ट्याक कोट कार्यमा बढी भुक्तानीः** भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस महानगरपालका अन्तर्गत उपभोक्ता समिति वा निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको पुराना सडकको प्याचिङ्ग तथा रिसिल्ङ्ग कार्यमा र नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्रइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा १ लिटर देखि १.१ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्रइमकोट खपतको ४० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु १२३३७१६। बढी भुक्तानी भएको रकम उपभोक्ता समिति र निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु | १२३३७१६ |

| गो भौ नं/ मिति | योजनाको नाम | निर्माण सेवा | विटुमिन वा प्राइमकोटको क्षेत्रफल (ब मि) | ट्याककोट दिएको लिटर | ट्याककोट दिनुपर्ने लिटर | ट्याकोट को दर | बढी भुक्तानी (५०%मु अ कर समेत) |
|---|---|---|---|---|---|---|---|
| २।०७६।८।२६ | नगर सडकको मर्मत कार्य | वि एस कन्सट्रक्सन | ३०९५९.५६ | ३०९५०५६ | १८५७५.७४ | ८० | १०५५१०१ |
| - | खरिकुना घट्टेकुना जोगिमणी सडक मर्मत कार्य | उपभोक्ता समिति | ३३१२.३५ | ३३१२.३५ | १९८७.४१ | १३४.८१ | १७८६१५ |
| जम्मा | | | | | | | १२३३७१६ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५२ | **उपभोक्ता समिति मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको काम उभोक्ता समिति मार्फत गराउन सकिने र लागत अनुमान तयार गर्दा मुल्य अभिवृद्धि कर, ओभर हेड, कन्टिन्जेन्सि र जनसहभागिताको रकम समेत समावेश गर्नु पर्ने उल्लेख छ। यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत लागत अनुमानमा एक रुपता कायम गर्न लागत अनुमान भित्र मुल्य अभिबृद्धि कर, वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च, मुल्य समायोजन कन्टिन्जेन्सी, फिजिकल कन्टिन्जेन्सी र व्यवस्थापन खर्च समेत जोडनु पर्ने भनी पत्र संख्या २०७४।७५ च नं ८०७ को पत्रबाट थप स्पष्ट पारेको छ। महानगरपालिकाले देहाय अनुसारका २ कार्यको लागि उपभोक्ता समितिबाट काम गर्ने गरी रु १ करोड भन्दा माथि को १९७७४३०१।को कामको लागत अनुमान मा रु १५८३०९२।भुक्तानी गर्ने गरी सम्झौता भएकोमा रु १५७९५३८८। भुक्तानी दिएको छ। सार्वजनिक खरिद नियमावलीको नियम ९७ तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको उपरोक्त व्यवस्था अनुसार लागत अनुमानमा मु.अ.कर ओभर हेड, कन्टीन्जेन्सी र जनसहभागिताको अंश जोडदा तलका दुवै योजनाको कुल लागत अनुमान १ करोड भन्दा बढी हुन आउछ।उपरोक्त व्यवस्था अनुसार १ करोड भन्दा बढी लागत अनुमान भएको योजना उपरोक्ता समिति मार्फत निर्माण कार्य गराउन नमिल्ने देखिएकोमा समेत यस महानगरपालिकाले उपभोक्ता समिति मार्फत गराई भुक्तानी दिएको रकम कानुन सम्मत नदेखिएकोले अनियमित भएको रु | १५७९५३८८ |

| योजनाको नाम | उपरोक्ता समिति को नाम | पालिकाले तयार गरेको ल.ई | कन्टीन्जेन्सी ओभरहेड र | वास्तविक हुनुपर्ने ल.ई रकम | विनियोजित रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मु अ कर रकम | | | |
| फुर्से खोला तल्लो वेलघारी छोरेपाटन सडक निर्माण कार्य | उपभोक्ता समिति | ९८२०१९० | १४३०१२५ | ११२५०३१५ | ८८३८१७० | ८८३८१७० |
| महेन्द्र पुल पालिख चेक फुट ट्र्याक निर्माण कार्य | उपभोक्ता समिति | ९९५४१११ | १४४९४७३ | ११४०३५८४ | ६९९२७५१ | ६९५७२१८ |
| **जम्मा** | | १९७७४३०१ | | २२६५३८९९ | १५८३०९२१ | १५७९५३८८ |

१५३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा भुक्तानी गर्दा प्राविधिक नाप जाँचगरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ। महानगर पालिकाले निर्माण सेवा/उपभोक्ता समिति मार्फत गराएका निर्माण कार्यको नापी किताब र सम्बद्ध रनिङ्ग विल परिक्षण गर्दा केही निर्माण कार्यमा डण्डी तथा आर सि.सि बढी परिमाण गणना गरेको, नभएको कार्यको रनिङ्ग विलबाट भुक्तानी दिएको प्राविधिक मुल्यांकन भन्दा बढी भुक्तानी भएको जस्ता अवस्था देखियो। लेखापरीक्षणबाट देखिएको व्यहोरा यस प्रकार छनः

१५३.१ **नापी वेगर भुक्तानिः** सार्वजनिक निकायले कुनै रकमको भुक्तानी प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको परिमाणको आधारमा गरिनु पर्दछ। महानगरपालिकाले योजना तथा आयोजनाको रनिङ्ग / अन्तिम विल को भुक्तानी गरेको स्रेस्ता र सो सँग सम्बद्ध नापी किताब परिक्षण गर्दा तपसिलका योजना/आयोजना सँग सम्बन्धित केही आइटमका निर्माण कार्य नभएकोमा समेत रनिङ्ग/अन्तिम विल बाट भुक्तानी भएको पाइयो। अत नभएको काम समेत भएको भनि विल भुक्तानी भएको रकम बराबरको नापी कार्य भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने व्यहोरा यस प्रकार छः

१५३.१.१ २९८।०७६।९।२ बैदाम पामे घाटछिना सिदाने पञ्चासे सडकको तेस्रो विलको रु ३४५१७८१। रकम के डि कन्सट्रक्सनलाई भुक्तानी गरेको स्रेस्ता परिक्षण गर्दा निम्न आइटमको कार्य नभएकोमा समेत तेस्रो विलबाट भुक्तानी भएको देखिएकोले कार्य भएको नापी किताव पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु ३५१०४९

| कामको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|
| वोल्डर मिश्रीत माटो खन्ने कार्य | ५६१०।६३ घ.मी | ६० | ३३६६३८ |
| नरम चट्टान खन्ने कार्य | ३०।८८ घ.मी | २०० | ६१७६ |
| मध्यम चट्टान खन्ने कार्य | २७।४५ घ.मी | ३०० | ८२३५ |
| **जम्मा** | | | **३५१०४९** |

१५३.१.२ ७७१।०७७।३।३१ देउराली बालगृह कमेरेगौडा सडक को तेस्रो विल सम्म को रकम राधा कृष्ण के डी लाई भुक्तानी भएको रनिङ्ग विल र सम्बद्ध नापी किताब परिक्षण गर्दा तेस्रो बिल सम्म Roadway excavation को १०११.५३ घ.मी को खर्च लेखेकोमा उक्त कार्य भएको पाइएन। अत नभएको कार्यको समेत तेस्रो विल सम्म १०११.५३ घ.मी को प्रति घ.मी रु ९०। ले भुक्तानी भएकोले कार्य भएको देखिने नापि किताब पेश गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने रु ९१०३८

१५४ **बढी भुक्तानीः** ८१२।०७७।३।३१ बैदाम पाने पञ्चासे सडक निर्माण कार्यको चौथो विलको प्राविधिक मुल्यांकन रु ३४३२४४९। भएकोमा पालिकाले चन्द्र विष्णु कन्सट्रक्सनलाई रु ३५२२४४९। भुक्तानी दिएकोले वास्तविक कार्य सम्पादन अनुसार भुक्तानी हुनुपर्ने भन्दा रु ९००००। बढी भुक्तानी भएको छ। प्राविधिक मुल्यांकन भन्दा बढी भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु ९००००

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५५ | खपाउदी सारङ्ककोट वडा अफिस सडकको स्तरोन्नती कार्यको २०७६।८।१३ मा निर्माण सम्पन्न देखाई तेस्रो तथा अन्तिम विल सम्म देवचुली/ लोयल जे भि लाई रु ९८९३८६८। भुक्तानी गरेको नापी किताब र रनिङ्ग विल परिक्षण गर्दा देखिएको व्यहोरा यस प्रकार छः | |
| १५५.१ | **नापी भन्दा बढी भुक्तानीः** बिल अफ क्वान्टीटीको आइटम नं २ को १:४ को ढुङ्गाको पर्खाल लगाउने कार्यको लागि नापी गरी १७.२१ घ.मी मात्र भुक्तानी दिनु पर्नेमा ३२.५४ घ.मी को भुक्तानी दिएकोले १५.३३ घ.मी बढी को प्रति घ.मी ७५०० ले रु ११४९७५। बढी भुक्तानी भएको छ। वास्तविक खपत परिमाण भन्दा बढी गणना गरी भुक्तानी दिएको रकम असुल हुनु पर्ने रु | ११४९७५ |
| १५५.२ | **बढी परिमाण गणनाः** प्लम कंक्रिट कार्यको लागि विल अफ क्वान्टीटीमा ४८०.२४ घ.मी उल्लेख भएकोमा अन्तिम विल सम्म ५८९.४४ घ.मी को कार्य गरेको देखाई १०९.२ घ.मी को बढी कार्य को समेत भुक्तानी भएको पाइयो। भुक्तानी भएको उक्त आइटमको नापी किताब परिक्षण गर्दा ढुङ्गा सोलिङ्ग र पि सि सि कार्य गरेर मात्र प्लम कंक्रिट कार्य गरेको देखाउनु पर्नेमा स्टोन सोलिङ्ग र पि सि सि नभाएको स्थानमा समेत प्लम कंक्रिट कार्य गरेको देखाउँदा नभएको १०९.२ घ.मी प्लम कंक्रिट कार्य बढी देखाएकोले प्रति घ.मी रु ७५००। ले रु ८१९०००। बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ८१९००० |
| १५६ | **जनश्रमदान नलिनेगरी उपभोक्ता मार्फत कार्यः** उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा भएको जनसहभागीताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियम ९७(४) मा उल्लेख छ। त्यस्तै पोखरा लेखनाथ महानगरपालिका को मिति ०७४।४।४ को कार्यपालिका को बैठकले जारी गररेको कार्यविधि को बुदा नं ४ (झ) मा आयोजनामा न्युनतम १० प्रतिशत भन्दा कम लागत सहभागिता हुने खालको योजना उपभोक्ता समिति बाट सञ्चालन गरिने छैन भन्ने उल्लेख छ। तर उपरोक्त खरिद नियमावलीको नियम ९७(४) र महानगरले जारि गरेको कार्यविधिको विपरित तपसिलका रु ६२३७१२४। लागत अनुमान भएको दुई आयोजनाको लागि जनसहभागिता नलिने गरी उपभोक्ता मार्फत कार्य गराई यस बर्ष महानगरपालिकाले रु ५७९३८०६। खर्च लेखेको छ। महानगरपालिकाले निर्माण सेवा मार्फत गराएको निर्माण कार्य बढीमा ३६ प्रतिशत सम्म घटेको अवस्था रहेको मा श्रमदान वेगर उ स बाट कार्य गर्दा निर्माण कार्य खर्चिलो भएको छ। जनश्रमदान नजुट्ने अवस्थामा पालिकाले आयोजनाको निर्माण कार्य निर्माण व्यवसायी मार्फत गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत गराउनु कानुन तथा नीती संगत देखिएन। यसरी खर्च गरेको रकम अनियमित देखिएको रु | ५७९३८०६ |

| आयोजनाको नाम | ल.ई तथा सम्झौता रकम | मुल्यांकन तथा भुक्तानी रकम |
|---|---|---|
| विजयपुर माझणना वेगनास सडक | ४३८२४५९ | ४३६०१०१ |
| लखन थापाको मुर्ति स्थापना कार्य | १८५४६६५ | १४३३६०५ |
| **जम्मा** | **६२३७१२४** | **५७९३८०६** |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५७ | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) अनुसार खरिद प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न मिल्दैन।यस महानगरपालिकाले पार्कहरुमा खुला व्ययमशालाको सामान खरिद तथा जडान उल्लेख गरी रु १६३२८५०।को सामान सोझै खरिद गरी गन्तव्य मोटो स्टाइलको नाममा खर्च लेखेको छ। सार्वनजिक निकायले मालसामान खरिद गर्नु पुर्व खरिद गरिने मालसामानको लागत अनुमान तयार गर्नु पर्ने र ५ लाख भन्दा बढी २० लाख सम्म लागत अनुमान भएको खरिद कार्य | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | शिलबन्दी दरभाउ पत्र बाट खरिद गर्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमाली २०६४ को क्रमश नियम ११ र ८४ मा उल्लेख छ तर एकै प्रकारका सामान पालिकाले लागत अनुमान नबनाई र प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको छ भने सोझै विधिबाट खरिद गरेको उक्त सामान जीन्सी दाखिला तथा जडानको स्थिति समेत खुल्दैन। खरिद कानुन र खरिद विधिको पालना नगर्ने लाई पालिकाले जिम्मेवार बनाउनु पर्दछ। भने सोझै विधिबाट खरिद गरेको अनियमित देखिन्छ रु | १६३२८५० |

| गो भौ नं | विक्रेता फर्मको नाम | सोझै खरिद गरेको सामानको विवरण | खरिद रकम |
|---|---|---|---|
| ४०६।०७७।१०।१५ | गन्तव्य मोटो स्टाइल | पार्क हरुमा खुला व्यायम शाला स्थापना को सामान खरिद | १३०६२८० |
| ४६६।०७६।११।२८ | गन्तव्य मोटो स्टाइल | पार्क हरुमा खुला व्यायम शाला स्थापना को सामान खरिद | ३२६५७० |
| जम्मा | | | १६३२८५०। |

| | | |
|---|---|---|
| १५८ | **अधुरा तथा रुग्ण योजनाः** महानगरपालिकाले उपलब्ध गराएको र स्रेस्ता परिक्षण गर्दा देखिएका २९४१००३९। कवोल अंक भएको विभिन्न ६ वटा योजना म्याद थप पश्चात समेत आ व ०७६।७७ सम्म पुरा हुनु पर्नेमा पुरा भएको देखिदैनन। प्राप्त विवरण अनुसार उक्त योजनाको निर्माण कार्यमा ०७६।७७ सम्म १० प्रतिशत देखि ७५ प्रतिशत सम्म मात्र भौतिक प्रगति भएको उल्लेख छ। विवरणमा उल्लेख भए अनुसार निर्माण कार्यको साइट उपलब्ध नहुनु, स्थानीय स्तरमा जग्गा विवाद र निर्माण सेवाको हेलचक्राई रहेको पालिकाले उल्लेख गरेको छ। यस सम्बन्धमा केही निर्माण कार्यको ठेक्का तोडेने प्रकृयामा समेत रहेको पालिकाले उल्लेख गरेको छ। सम्झौताको शर्त बमोजिमको कारबाही गरी निर्माण कार्यको फरफारक गरिनु पर्दछ। अधुरा योजनाको विवरण यसप्रकार छः | |

| योजनाको नाम | सम्झौता रकम | सम्झौता तथा सम्पन्न अवधि | निर्माण सेवा | म्याद थप | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|
| वागलुङ्ग हाइवे देखि पश्मिम मामा खाजा घर फिर्के खोला सडकको स्तरोन्नती कार्य | १२६५००० | २०७५।१०।२५ देखि २०७५।१२।९० सम्म | ग्लोबल कन्सट्रक्सन | नभएको | २० प्रतिशत | जग्गा विवाद |
| वडा नं २ र ४ को नाली निर्माण कार्य | ३०२१५९३। | २०७६।१।१७ देखि २०७६।२।२२ सम्म | पहरी निर्माण सेवा | नभएको | १० प्रतिशत | जग्गा विवाद |
| डेविडफल देखि तितेपानी ड्याम साइड सम्मको फुटपाथ निर्माण कार्य | २७८९२६३। | २०७६।१।३० देखि २०७६।३।२० सम्म | विनु कन्सट्रक्सन | नभएको | २० प्रतिशत | साइट उपलब्ध नभएको |
| शिवालय बसेरी बतासे मनिपाल कनेक्टीङ्ग सडकको स्तरवृद्धि कार्य | ४२९९३७६। | २०७६।१।२ देखि २०७६।५।४ सम्म | सिटी विल्डर्स | नभएको | ७० प्रतिशत | घर विवाद र निमार्ण सेवाको हेलचक्राई |
| पालिखे चोक निर्माण कार्य | ३२५८७९६ | २०७५।११।१२ देखि २०७६।१।२७ सम्म | सिटी विल्डर्स | नभएको | ७५ प्रतिशत | निर्माण सेवाको हेलचक्राई |
| मोहरिया लामस्वारा स्याङ्गखुछी आन्नदज्योती लप्सी डाँडा सडक स्तरवृद्धि | १४७७६००८ | २०७६।२।२९ देखि २०७७।७।२७ सम्म | जस्ट इन टाइम कन्सट्रकस्न | नभएको | ६० प्रतिशत | निर्माण सेवाको हेलचक्राई |
| **जम्मा** | २९४१००३९ | | | | | |

उपरोक्त अधुरो निर्माण कार्यको सम्बन्धमा देखाएको व्यहोरा यस प्रकार छनः

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५८.१ | उपरोक्त सि नं १, सि नं २ र सि नं ३ को निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि क्रमश २०७५।१२।३०, २०७६।२२।२ र २०७६।३।२० रहेकोमा आ व ०७६।७७ को अन्त सम्ममा भौतिक प्रगति नहुनुको प्रमुख कारण स्थानीय जमीन विवाद र साइट उपलब्ध हुनु नसक्नु रहेको छ। खरिद सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै सम्बन्धित सार्वनजिक निकायमा अवधि थप को लागि निवेदन दिनु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियम १२० (१) तथा निर्माण सेवा सँग भएको खरिद सम्झौतामा उल्लेख छ। तर उपरोक्त तीन वटै निर्माण कार्यको निर्माण सेवाले अवधि थपको लागि निवेदन समेत दिएको देखिदैन भने सम्पन्न गर्ने अवधि समाप्त भएको लामो समय सम्म पनि जग्गा विवाद को समाधान तथा साइट उपलब्ध गराउन नसक्नुमा महनगर पालिकाको व्यवस्थापकिय कमजोरी रहेको देखिन्छ। अवधि समाप्त भएको निर्माण सेवाले मयाद थप माग नगरेको विवाद समाधान तथा साइड उपलब्ध नभएको कारण निर्माण कार्यको भौतिक प्रगति हुन नसकी अधुरै रहेकोले सार्वजनिक खरिद नियमावली ०६४ को नियम १२८ तथा सम्झौताको शर्त बमोजिम कार्य सम्पन्न गर्नु पर्दछ। | |
| १५८.२ | सि नं ४,५र ६ को निर्माण कार्यको सम्पन्न गर्नु पर्ने अवधि क्रमश २०७६।५।४, २०७६।१।२७ र २०७६।७।२७ रहेकोमा लेखापरिक्षण अवधि २०७८।१।२८ सम्म निर्माण कार्यको भौतिक प्रगति क्रमश ७०,७५ र ६० प्रतिशत मात्र रहेको छ भने निर्मण सेवाले अवधि सकिनु २१ दिन अगावै म्याद थपको निवेदन नदिएको कारण महानगरपालिकाबाट समेत निर्माण कार्यको अवधि थप भएको देखिएन । यस सम्बन्धमा छलफल गर्दा निर्माण सेवाको हेलचक्रईको कारण निर्माण कार्यमा भौतिक प्रगति हुन नसकेको पालिकाले उल्लेख गरेको छ। अत उपरोक्त निर्माण व्यवसायी हरुले सम्झौतामा उल्लेखित कार्य तालिका अनुसार कार्य नगरी प्रगति गर्न नसकेको म्याद थपको निवेदन नदिएको कारण सार्वजनिक खरिद नियमावली ०६४ को नियम १२१ र १२८ तथा सम्झौताको शर्त बमोजिम आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनु पर्ने देखिन्छ। ठेक्का पट्टा चरण पुर्व सम्पन्न गर्नु पर्ने कार्य नगरी नगराई तथा निर्माण स्थलमा पर्ने जग्गा, संरचनाको मु अब्जा, Design report, क्षतिपुर्ति लगायतका कार्य नगराई हतारमा वोलपत्र आवहान एंव स्वीकृतिगरी कार्य कार्यान्वयनमा जाँदा उपरोक्त सि नै १ देखि ३ सम्मको योजनाको कार्यमा अवरोध आएको पाइयो भने पालिकाको प्राविधिक कर्मचारीले उचित रुपमा राय परामर्श नदिएको र समयमा निर्माण कार्य पुरा नगर्ने ठेकेदारलाई कारबाही हुन नसकेको, निर्माण कार्यको सुपरिवेक्षण अनुगमन र कार्य मुल्यांकन समयमा नभएको निर्माण सेवाले कार्य तालिका अनुसार कार्य नगरेको म्याद थप माग नगरेको आदि कारणले सि नं ४,५ र ६ को निर्माण कार्य सम्पन्न हनु नसकेको देखिन्छ। अत Employer तथा Employee विच नै ठेक्का व्यवस्थापनमा कमी कमजीरी रहेको अवस्था देखियो | |
| १५९ | **फेवा जलधार संरक्षण कार्यः** फेवा जलाधार संरक्षण योजना अन्तर्गत ४ वटा खोलामा चेक ड्याम र शिल्टेशन ड्याम निर्माण कार्यको लागि ३३ करोड ३६ लाखको लागत अनुमान तयार गरी ४ प्याकेजको सुचना गरेको मध्ये प्याकेज नं १,२ र ३ को निर्माण कार्यको लागि खड्का कृष्णा पि के जे भी दाङ्ग र प्याकेज नं ४ को निर्माण कार्यको लागि श्री गिता/जय नेपाल इश्वर जे भि को वोलपत्र स्वीकृत भै उपरोक्त ४ वटै प्याकेजको लागि रु २८ करोड १६ लाख ११ हजारमा सम्झौता भएको थियो। ०७७ आषाढ मा सम्पन्न देखाएका उपरोक्त निर्माण कार्यको कुल मुल्यांकन रु २८ करोड १९ लाख ८६ हजार भई प्रदेश सरकारको स्रोतबाट १४ करोड ८ लाख र बाँकी रकम महानगरपालिका बाट खर्च भएको छ। योजनाको संक्षिप्त जानकारी यस प्रकार छन। | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि नं | योजनाको नाम | निर्माण सेवाको नाम | लागत अनुमान | सम्झौता रकम | अन्तिम मुल्यांकन तथा भुक्तानी | सम्झौता तथा सम्पन्न गर्ने अवधि | सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खहरे /अधेरी खोला सिल्टेशन डयाम प्याकेज नं १ | खड्का कृष्णा पि. के जे.भी दाङ्ग२ | १०८७८८११७ | ९०६०४५५८ | ९०५६५१२७ | २०७६।५।२० देखि २०७७।९।१७ | २०७७।३।१ | सामान्य ढुङ्गाको गाह्रो भत्केकोर लन्चिङ्ग खोतलेको |
| २ | हर्पन खोला सिल्टेशन डयाम प्याकेज नं २ | खड्का कृष्णा पि. के जे.भी दाङ्ग२ | ९८२३८७२९ | ७८८६२५४२ | ७८५६८३८६ | २०७६।५।२० देखि २०७७।९।१७ | २०७७।३।१ | सामान्य ढुङ्गाको गाह्रो भत्केकोर लन्चिङ्ग खोतलेको |
| ३ | लौरुक खोला सिल्टेशन डयाम प्याकेज नं ३ | खड्का कृष्णा पि. के जे.भी दाङ्ग२ | ६४०८०४८७ | ५७४८४९९८ | ५७४७५६४१ | २०७६।५।२० देखि २०७७।९।१७ सम्म | २०७७।३।१ | सामान्य ढुङ्गाको गाह्रो भत्केकोर लन्चिङ्ग खोतलेको |
| ४ | बेतनी खोला सिल्टेशन डयाम | श्री गिता /जय नेपाल इश्वर जे भि | ६२४९००१४ | ५४६५८९७६ | ५५३७६४७३ | २०७६।५।२९ देखि २०७७।९।१९ सम्म | २०७७।३।२५ | भेरिएशन मार्फत रु ७३९०००।को थप कार्य भएको |
| **जम्मा** | | | **३३३५९७३४७** | **२८१६११०७४** | **२८१९८५६२७** | | | |

स्थलगत निरिक्षणः फेवा जलाधार संरक्षण योजना अन्तर्गत निर्माण कार्य भएको उपरोक्त ४ वटा प्याकेजको लागि महानगरपालिकाका प्राविधिक कर्मचारी र लेखापरिक्षण टोली बाट मिति ०७८।१।१५ मा स्थलगत निरिक्षण भएको थियो । स्थलगत निरिक्षण गर्दा देखिएको व्यहोरा यस प्रकार छ।

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १५९.१ | रु ९०५६५१२७।लागतमा मिति २०७७।३।१ मा निर्माण सम्पन्न भएको प्याकेज नं १ को खहरे अंधेरी खोलाको चेक डयामको तल्लो साइडमा सामान्य ढुङ्गाको गाह्रो भत्केको र लन्चिङ्ग खोतलेको तर डिफेक्ट ल्याबलिटी पिरियड भित्र परेकोले निर्माण सेवा स्वंयमले मर्मत गरेको देखियो भने डयामको उत्तर पट्टीको ग्रावेलको डयाम करिब २५ मिटर भत्कीएर नदीको बहाव नै परिवर्तन भएको देखियो भने रु ७८५६८३८६।लागतमा ०७७।३।१ मा निर्माण सम्पन्न भएको प्याकेज नं २ को हर्पन खोला सिल्टेशन डयाम को तल्लो भागमा समेत ढुङ्गाको गाह्रो भत्कीएको र लन्चिङ्ग खोतलेको मा ढुङ्गाको गाह्रो स्वंयम निर्माण सेवाबाट मर्मत भएता पनि लन्चीङ्ग तर्फको मर्मत कार्य नभएको देखियो। | |
| १५९.२ | फेवा जलाधार संरक्षण कार्यको लागि परामर्श दाताले तयार गरेको डि पि आर प्रतिवेदनमा सिल्टेशन तथा चेक ड्यम भन्दा माथि नदिबाट वगेर आउने डेब्रिस हरु प्रत्येक पन्ध्र वा महिना दिनमा झिक्नु पर्ने र सो नझिकेमा डयामलाई असर गर्ने उल्लेख गरेको छ। स्थलगत निरीक्षण गर्दा पनि डयामको माथिल्लो भागमा नदिले बगाएर ल्याएको नदी जन्य स्रोत (ढुङ्गा गिट्टी बालुवा) ठुलो परिमाणमा थुप्रिएको तर पालिकाले सो नदि जन्य स्रोत हटाउने वा झिक्ने नगरेको कारण प्रतिवेदनमा उल्लेख भए जस्तै डयाम लाई असर गरेको देखियो। साथै सोही अवस्था रहेमा बर्षातमा पुन थप क्षति गर्ने अवस्था रहेको पाइयो। | |
| १५९.३ | बर्षातको बाढीले प्याकेज नम्बर १ र २ मा निर्माण भएको चेक तथा शिल्टेशन डयामलाई असर गरेको सम्बन्धमा महानगरपालिकाले परामर्शदाता मार्फत दोस्रो पटक अध्यान तथा अनुसन्धान गराएको थियो। परामर्श दाताले तयार गरेको दोस्रो प्रतिवेदनमा उपरोक्त चार वटै खोलामा १:६ को कमजोर मेशनरी डयाम लगाएको कारण नदीको बहाबलाई बर्षातमा डयामले धान्न नसक्ने हुँदा उक्त डयामको अफ स्ट्रीम र डाउन स्ट्रीममा आर सि सि ज्याकेटिङ्ग गरी साविकको डयामलाई रेक्टोफिट गर्नुपर्ने जसको लागत ३६ करोड थप लाग्ने उल्लेख छ। | |
| १५९.४ | पहिलो परामर्शदाताले दिएको डि पि आर प्रतिवेदनमा उपरोक्त चार खोलाको डयामको अफस्ट्रीममा प्रत्येक बर्ष २ लाख ६५ हजार घन मिटर नदी जन्य सामाग्रि थुप्रिने र जसमा ३३ हजार २ सय ५० | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | घन मिटर बालुवा र ८६ हजार २ सय ५० घन मिटर ढुङ्गा गिट्टी को मात्र रहने तथा जसको मुल्य रु २० करोड ७१ लाख ८७ हजार मा व्यवस्थापन र प्रोमोसन कार्यमा हुने ५० प्रतिशत खर्च घटाउँदा बार्षिक रु १० करोड ३५ लाख ९४ हजार नदी जन्य स्रोतको विक्रि बाट महानगरपालिका लाई राजस्व प्राप्ति भई सिल्टेशन र चेक ड्याममा गरेको लगानी ४.९३ बर्ष (Pay back period ) मा असुल हुने उल्लेख छ। सोही ४ स्थानमा स्थलगत निरिक्षण गर्दा परिमाण एकिन नभए पनि ड्यामको अफ स्ट्रीममा ठुलो परिमाणमा नदिजन्य स्रोत थुप्रिएको देखियो। तर महानगर पालिकाले उक्त ४ वटा नदिको ड्यामको अफ स्ट्रीममा जम्मा भएको नदी जन्य स्रोतको उपभोग वा ठेक्का व्यवस्थापन नगरेको कारण डि पि आर प्रतिवेदनले उल्लेख गरे जस्तै महानगरपालिकालाई प्रत्येक बर्ष ठुलो परिमाणमा प्राप्त हुनुपर्ने राजस्व प्राप्त नभै गुमेको अवस्था देखियो। अतः चेक तथा सिल्टेशन ड्यामको सुरक्षाको साथै राजस्व प्राप्त गर्नको लागि डि पि आर प्रतिवेदनमा उल्लेख भए बमोजिम नै नदी जन्य स्रोत हरु झिकी त्यसको उपभोग तथा बिक्री व्यवस्थापन गर्नु पर्ने देखिन्छ। | |
| १५९.५ | नदी नियन्त्रण कार्यमा ६०/७० बर्ष सम्मको पानिको बहाव अनुमान गरि डि पि आर प्रतिवेदन तथा लागत अनुमान गर्ने गरिन्छ। जलाधार संरक्षण अन्तर्गतको ड्याम निर्माण सम्पन्न भएता पनि डिफेक्ट लायविलिटि पिरियड भित्र निर्माण संरचनामा असर गरेको देखिएकोले परामर्शदाताले तयार गरेको डिजाइन तथा लागत अनुमानको कार्य भरपर्दो थियो भन्ने अवस्था देखिएन। | |
| | **विविध कोषः-उप-प्रमुखसँग महिला कार्यक्रम तर्फः** | |
| १६० | उप-प्रमुखसँग महिला कार्यक्रमः- पोखरा महानगरपालिकाका क्षेत्रभित्र रहेका विपन्न, हिंसा/द्वन्द्ध पीडित, दलित, अपाङ्गता र एकल महिलाहरुको आर्थिक अवस्था मजबुत बनाएर स्वरोजगार, आत्मनिर्भर, महिला अधिकार बारे सचेत, शिक्षाको पहुँचबाट बाहिर परेका महिलाहरुलाई शैक्षिक सहजता कार्यक्रममार्फत शिक्षा प्रदान गर्ने उद्देश्यले उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालनमा आएको हो । यस कार्यक्रमलाई दिशानिर्देश गर्न उपप्रमुखसँग महिला कार्यक्रम कार्यविधि २०७४ र उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन कोष निर्देशिका २०७७ कार्यान्वयनमा ल्याईएको छ ।<br>❖ **कोषको अवस्थाः-** आ.व. २०७५/७६ बाट यो कार्यक्रमको सुरुवात भएको देखिन्छ । वि.स. २०७५।११।१७ गते रु. १९९१८३००।— उपप्रमुखसँग महिला कार्यक्रम कार्यविधि २०७४ बमोजिम नगर सभाले बजेट व्यवस्थापन गरेको देखिन्छ । सो वर्ष रु. १८७७५०००।— ऋण लगानी भएको र कोषमा बाँकी मौज्दात रु १९९१८३००-१८७७५०००० रु. ११४३३०० हुनुपर्दछ । त्यसरी नै नगरसभाले आ.व. २०७६।७७ को लागि भौ.नं.१/२-२९ अनुसार रु. १९५०००००।— बजेट व्यवस्थापन गरेको देखिन्छ । सो बर्षमा ऋण लगानी रु. १३७५००००।— र शिक्षामा सहजता र सचेतनामुलक कार्यक्रममा रु. १०००००।— गरी जम्मा कोष प्रवाह रु. १३८५००००।— भएकोमा बाँकी मौज्दात रु१९५०००००-१३८५००००० रु. ५६५००००।— हुनुपर्ने देखिन्छ । आ.व. २०७६/७७ को अन्त्यतिर गत आ.व.को बाँकी मौज्दात रु. ११४३३००, यस आ.व. को बाँकी मौज्दात रु. ५६५००००।-, यस आ.व. मा प्राप्त व्याज रु. ४४९४९८।— र यस आ.व. मा प्राप्त किस्ता रकम रु. ३३५७७२८।— गरी करिब कोषमा जम्मा रु. १०६००५२६।— बैंक मौज्दात हुनुपर्ने देखिन्छ । तर प्रमाणित आर्थिक विवरण पेश नगरेको | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | र उपप्रमुखसँग महिला कार्यक्रम कोषसहित अन्य कोषहरुको पनि एउटै बैंक खाता रहेकोले बैंक मौज्दात यति नै छ भनेर यकिन गर्न सकिएन।<br>❖ पोखरा महानगरपालिकाले ऋण लगानी गर्दा ऋण लिने व्यक्ति तथा संस्थासँग सम्झौता गरेता पनि सम्झौताबमोजिम भएको पाइदैन । सम्झौतामा ऋण लिने व्यक्ति तथा संस्थाले कर्जा लगेको ६ महिनासम्म कर्जाको व्याज भुक्तानी गर्नुपर्ने र त्यसपछि किस्ताबन्दी रुपले मासिक किस्ता र व्याज भुक्तानी गर्नुपर्ने व्यवस्था गरेता पनि कतिपय ऋण लिने संस्था तथा व्यक्तिले समयमा नै व्याज तथा मासिक किस्ता भुक्तानी नगरेको देखिन्छ ।तसर्थ उप-प्रमुखसँग महिला कार्यक्रम सञ्चालन कार्यविधि २०७४ को दफा ५ को कार्यक्रम रणनीतिः- (क) नियमित फलोअप र (ख) अनुगमन र मुल्यांकन गरी मासिक किस्ता र व्याज नियमानुसार भुक्तान नगर्ने संस्था तथा व्यक्तिलाई कारवाहीको दायरामा ल्याई असुल गर्नुपर्ने देखिन्छ।<br>❖ दुई किस्तामा कर्जा उपलब्ध गराउदाँ पहिलो किस्ताको रकमको सदुपयोग र प्रभावकारी भएको छ कि छैन, सोको मुल्यांकन गरी दोस्रो किस्ता उपलब्ध गराउनु पर्दछ। नियमित फलोअप र अनुगमन तथा मुल्यांकन गरी ऋण लगानीलाई सुव्यवस्थित बनाउनु पर्ने देखिन्छ। | |
| | **पोखरा महानगरपालिका-सामाजिक विकास-८०४३९२०१३२२ महाशाखा तर्फः** | |
| १६१ | **स्वीकृत दरभन्दा बढी बैठक भत्ता भुक्तानीः-** भौ.नं. ६२/२०७७-०३-१९ अनुसार पोखरा महानगरपालिकाको अपाङ्गता परिचय पत्र समन्वय समितिको मिति २०७६।१०।२७, मिति २०७७।०३।१८ र १९ गते बसेको बैठकमा उपस्थिति पदाधिकारीहरुलाई प्रतिव्यक्ति रु. १५००। को दरले बैठक भत्ता वितरण गरेको छ। तर पोखरा लेखनाथ महानगरपालिकाको तालिम, गोष्ठी, कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७४ को दफा १९ मा विभिन्न विषयगत वा क्षेत्रगत समिति, उपसमितिको बैठक भत्ता रु १०००। हुने व्यवस्था गरेको छ। तसर्थ यस समितिले यस निर्देशिकाको परिधिभित्र रही बैठक भत्ता वितरण गर्नुपर्ने देखिन्छ। त्यसैले बढी भुक्तानी गरिएको बैठक भत्ता असुल गर्नुपर्ने रु... | २२५२५ |

| बैठक मिति | उपस्थिति संख्या | बैठकमा करकट्टी गरी भुक्तानी गरिएको बैठक भत्ता रु. | बैठकमा करकट्टी गरी भुक्तानी गर्नुपर्ने बैठक भत्ता रु. | बढी भुक्तानी गरिएको बैठक भत्ता रु. |
|---|---|---|---|---|
| २०७६।१०।२७ | १९ | २४२२५।- | १६१५०।- | ८०७५।- |
| २०७७।०३।१८ | १६ | २०४००।- | १३६००।- | ६८००।- |
| २०७७।०३।१९ | १८ | २२९५०।- | १५३००।- | ७६५०।- |
| जम्मा | | | | २२५२५।- |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६२ | **बैठकलाई मितव्ययी र औचित्यपूर्ण बनाउनुपर्नेः-** पोखरा महानगरपालिका भित्र सञ्चालित बैठकमा समितिका सदस्यका अलावा अन्य पदाधिकारीलाई पनि उपस्थित गराएर बैठक भत्ता वितरण गरेको देखिन्छ। उदाहरणका लागि अपाङ्गता परिचय पत्र समन्वय समितिको बैठकलाई लिन सकिन्छ।स्पष्ट कार्यवस्तुका आधारमा ठोस निर्णय भएको अवस्थामा मात्र समितिका सदस्यलाइ भत्ता दिने गरी आगामी दिनमा यसमा सुधार गर्नुपर्दछ। | |

| बैठक मिति | समितिको सदस्य | अन्य पदाधिकारी | जम्मा उपस्थिति |
|---|---|---|---|
| २०७६।०४।२७ | ११ | ६ | १७ |
| २०७६।०५।३० | ११ | ५ | १६ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २०७६।०६।२७ | १० | ८ | १८ |
| २०७६।७।२५ | ११ | ८ | १९ |
| २०७६।८।३० | ११ | ६ | १७ |
| २०७६।९।२८ | ८ | १० | १८ |
| २०७६।१०।२७ | १० | ९ | १९ |
| २०७७।३।१८ | १० | ६ | १६ |
| २०७७।३।१९ | १० | ८ | १८ |

यसरी बैठकमा उपस्थित गराई बैठक भत्ता वितरण गर्दा अनावश्यक व्ययभार मात्र परेको देखिन्छ। तसर्थ समितिको बैठक सञ्चालन गर्दा समितिका सदस्यबाहेक अन्य पदाधिकारी उपस्थित गराउँदा बैठकको औचित्यताका आधारमा सकेसम्म कम उपस्थित गराई बैठक भत्तालाई मितव्ययी बनाउनु पर्नेछ ।

**राजस्व तर्फः**

१६३ **समग्र आयः** यस वर्ष महानगरपालिकाले कुल रु ६ अर्व १२ करोड ८३ लाखको वजेट पेश गरेकोमा कुल रु ३ अर्व ८२ करोड ६ लाख आम्दानी गरी कुल प्रक्षेपणको तुलनामा ६२.३४ प्रतिशत मात्र प्राप्ति गरेको अवस्था छ। कुल आम्दानी रु ६ अर्व १२ करोड ८३ लाख हुने गरी वजेट प्रक्षेपण गरी सोही अनुसार विनियोजन तर्फ सोही रकमको वजेट विनियोजन गरेकोमा आम्दानी कम प्राप्त भएकोले विनियोजन गरेका धेरै कार्यक्रमहरु कार्यान्वयनमा नआएको अवस्था छ। वजेट लक्ष्य धेरै राख्ने तर आम्दानी हासिल गर्ने तर्फ ध्यान नदिइ राजस्व वुझाउन आएका करदाताको रकम मात्र प्राप्त गरेकोले लक्ष्य हासिल भएको छैन। पेश गरेको विवरण अनुसार शिर्षकगत रुपमा प्राप्त भएको राजस्व र प्राप्त रकमको प्रतिशत देहायअनुसार छ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | प्राप्तीको प्रतिशत |
|---|---|---|---|
| **संघीय सरकार** | **२,४२४,३६४,०००** | **१,९३५,६३०,५९२** | **७९.८४** |
| १३३११ समानिकरण अनुदान | ६००,२००,००० | ६००,२००,००० | १००. |
| १३३१२ शसर्त अनुदान चालु | १,५०६,१६४,००० | १,२७९,३२४,६०० | ८४.९४ |
| १३३१४ विषेश अनुदान चालु | ६८,०००,००० | ८,१०५,९९२ | ११.९२ |
| १३३१६ समपुरक अनुदान चालु | २५०,०००,००० | ४८,०००,००० | १९.२ |
| **प्रदेश सरकार** | **५१,४४४,०००** | **३६,२६२,७७९** | **७०.४९** |
| १३३११ समानिकरण अनुदान | २१,४४४,००० | २१,४४४,००० | १००. |
| १३३१२ शसर्त अनुदान चालु | २०,०००,००० | ९,७५३,२८५ | ४८.७७ |
| १३३१६ समपुरक अनुदान चालु | १०,०००,००० | ५,०६५,४९४ | ५०.६५ |
| **राजस्व बाडफाड** | **४५८,१३९,०००** | **२९७,२४५,३०३** | **६४.८८** |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३३९,९००,००० | २०२,२९७,७११ | ५९.५२ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ८०,०००,००० | ६०,१९८,५९१ | ७५.२५ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३८,२३९,००० | ३४,७४९,००० | ९०.८७ |
| **अन्तरिक श्रोत** | **३,०७१,८८२,८२७** | **१,५२१,८५५,२३९** | **४९.५४** |
| ११३१३ एकीकृत सम्पती कर | १३०,०००,००० | ८४,१८४,७२७ | ६४.७६ |
| ११३१४ भुमिकर/मालपोत | १३०,०००,००० | ७८,१३३,०४६ | ६०.१ |
| ११३२१ घरवहाल कर | १००,०००,००० | १०९,२६०,१३२ | १०९.२६ |
| ११३२२ वहाल विटौरी कर | १,०००,००० | १,४९८,२३४ | १४९.८२ |
| ११४७९ अन्य मनोरञ्जन कर | ५६,०००,००० | ३,१९२,६०१ | ५.७ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ११६३१ कृषितथा पशुजन्य कारोवारमा लाग्ने कर | २,०००,००० | - | ०. |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | २०,०००,००० | ३४,००५,९३५ | १७०.०३ |
| ११६९१ अन्य कर | ५०,७५६,८२७ | ५३,९७४,८४५ | १०६.३४ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २५,०००,००० | ७,५२९,७७० | ३०.१२ |
| १४१९१ पर्यटन शुल्क | २०,०००,००० | ६,२४६,८५९ | ३१.२३ |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५००,००० | - | ०. |
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ५००,००० | ६७,०१५,८८५ | १३४०३.१८ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ६५२,०००,००० | २१८,९०३,८११ | ३३.५७ |
| १४२२१ न्यायिक दस्तूर | १,०००,००० | - | ०. |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ६०,२००,००० | १,६०० | ०. |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५००,००० | - | ०. |
| १४२४१ पार्किङ्ग शुल्क | १५,०००,००० | २९,८०१,२१३ | १९८.६७ |
| १४२४२ नक्सापास दस्तुर | ७००,०००,००० | १२६,५७४,७३१ | १८.०८ |
| १४२४३ सिफारिश दस्तुर | १२५,०००,००० | २५,५५२,०४३ | २०.४४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,०००,००० | १४२,३९९ | ७.१२ |
| १४२४५ नाता प्रमाणित दस्तुर | २,२०९,००० | १,१३३,३५२ | ५१.३१ |
| १४२४९ अन्य दस्तुर | १६७,७१७,००० | ३६,४२७,१४१ | २१.७२ |
| १४२५३ व्यवसाय रजिष्ट्रेशन दस्तुर | १३०,०००,००० | ४९,३१८,२७९ | ३७.९४ |
| १४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | २,०००,००० | २००,५७८ | १०.०३ |
| १४२६५ अन्य क्षेत्रको आय | ३५१,०००,००० | ५१,८८४,२३५ | १४.७८ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ६,०००,००० | ४,८५८,००४ | ८०.९७ |
| १४५२१ प्रदुषण नियन्त्रण शुल्क | १,०००,००० | ११,९५३,६८४ | ११९५.३७ |
| १४५२९ अन्य राजस्व | ५००,००० | ३४६,९६५,७७१ | ६९३९३.१५ |
| ३२१२१ नगद (गत वर्षको मौज्दात) | २२०,०००,००० | १७३,०९६,३६६ | ७८.६८ |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | १००,०००,००० | - | ०. |
| जनसहभागिता | १२२,५००,००० | २९,५९९,९८७ | २४.१६ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १२२,५००,००० | २९,५९९,९८७ | २४.१६ |
| **जम्मा** | **६,१२८,३२९,८२७** | **३,८२०,५९३,९००** | **६२.३४** |

अपेक्षित राजस्वको तुलनामा यथार्थ आय कम मात्रामा उठनु उचित देखिएन।

१६४ **वुझाउन बाँकी करदाताको विवरणः** यस वर्ष महानगरको तथ्यांक अनुसार घर भएका करदाताहरु १०११४ तथा जग्गा भएका करदाताहरु २४१८२८ समेत कुल ३४२९४२ करदाता रहेकोमा निजहरुले सम्पत्ति कर तथा भूमिकर वुझाउनुपर्नेमा कुल ७९६८० करदाताले मात्र वुझाएको देखिन्छ। भने कुल ३९१७५ करदाता व्यवसाय गर्ने गरी दर्ता भएकोमा ११५३९ ले मात्र कर वुझाएको विवरण प्राप्त भएको छ। वाकी करदाताहरुलाइ समेत करको दायरामा ल्याउनुपर्दछ।

१६५ **गिट्टी, ढुंगा, बालुवाको करः** यस वर्ष देहायअनुसार रकम प्राप्त भएको छ। लागत अनुमान तयार गर्दा सोझै व्यक्तिलाइ एक ठेक्का दिइ प्रति घन मिटर रु १४२। तथा बाँकी ठेक्काको हकमा प्रति घनमिटर रु ७१०। को दरले न्युनतम दररेट राखी सुचना प्रकाशन गरी छनोट गरी संझौता गरेकोमा यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् :

| विवरण | खरिदकर्ताको नाम | निकाल्नुपर्ने परिमाण घ मि | ल इ | संझौता रकम | भुक्तानी रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| काहुखोला घाट | एम वाइ एस कन्स्ट्रक्सन | १३६५ | ९६९१५० | ९७०००० | ९२१५०० | एकमुष्ठ बुझाएकोले ५ प्रतिशत छुट |
| भेडिफाराम घाट | अजित निर्माण सेवा | ३२४० | २३००४०० | २३०१००० | २१८६००० | |
| सहस्रधारा घाट | रामचन्द्र थापा | १००३३.०६ | १४२४६९६ | १४२४६९६ | १४२४६९६ | |
| चमेरे घाट | दिनेश कन्स्ट्रक्सन | ९११६.२५ | ६४७२५३८ | ११०००००० | १०४५०००० | |
| सैनिक मुसेटुडो घाट प्याकेज | टि वि निर्माण सेवा | ११२५० | ७९८७५०० | १२१९८००० | ११५८८१०० | |
| रामघाट | राजी कन्स्ट्रक्सन | ६२८८० | ४४६४४८०० | ६६५५०००० | २००५०००० | ४६५००००० |
| ढाव दशखेत समेत पुरन्चौर घाट प्याकेज | आर जे कन्स्ट्रक्सन | २३३७५ | १६५९६२५० | १८२५५८७५ | ९०५५८७५ | ९२००००० |
| तल्लो गोस्ते समेत ४ घाट | अमृतमान कन्स्ट्रक्सन | २४०१८ | १७०५२७८० | १७०५३००० | १६२००३५० | एकमुष्ठ बुझाएकोले ५ प्रतिशत छुट |
| द्वारकस्यार घाट | वि एण्ड वि कन्स्ट्रक्सन | ६३०० | ४४७३००० | ४५००००० | ४५००००० | एकमुष्ठ बुझाएकोले ५ प्रतिशत छुट |
| गढीघाट प्याकेज | टि वि निर्माण सेवा | ४००७० | २८४४९७०० | ३७२८३८४२ | १८६४१९२१ | १८६४१९२१ |
| रुद्र महादेव गुठी मणिघाट | ओम वाराही कन्स्ट्रक्सन | १८०० | १२७८००० | १२८०००० | १२८०००० | एकमुष्ठ बुझाएकोले ५ प्रतिशत छुट |
| पशुपति घुमाउरे घाट प्याकेज | फेवा सावित्रि जे भी | १२७५० | ९०५२५०० | ११९७०००० | ५९८५००० | ५९८५००० |
| | जम्माः | २०६१९७ | १४०७०१३१४ | १८४७८६४१३ | १०२२८३४४२ | ८०३२६९२१ |

यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायअनुसार छन् :

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६५.१ | **घटी कवोल गर्नेसँग संझौताः** काहुँखोला घाटको लागि रु ९ लाख ७० हजारको कवोल गरेको आधारमा एम वाइ एस कन्स्ट्रक्सन सँग संझौता गरेको छ। फाइल परिक्षण गर्दा सेभेन कन्स्ट्रक्सनले रु ९ लाख ७५ हजारको कवोल अंक पेश गरेकोमा कुनै पनि आधार पेश नगरी रु ५ हजार घटी कवोल गर्नेलाइ छनोट गरेको देखियो। घटी कवोल गर्नुको कारण लेखापरीक्षणको क्रममा कागजात पेश भएन। अतः घटी कवोल गर्नेलाइ स्वीकृत गर्नुपर्नाको कारण पेश गर्नुपर्दछ अन्यथा उक्त रकम जिम्मेवार व्यक्तिवाट असुल गर्नुपर्ने रु | ५००० |
| १६५.२ | **भेडीफाराम घाट ठेक्काः** यस घाटको लागि अजित निर्माण सेवा सँग रु २३ लाख १ हजारमा ३२४० घन मिटर परिमाण निकाल्ने गरी संझौता भएको देखिन्छ। यही घाटको लागि गत आ व मा सोही परिमाणमा ठेक्का लगाएकोमा रु ५२ लाखमा संझौता भएकोमा समेत पछि स्थानीय अवरोधको कारण भनि ठेक्का रद्द गरेकोमा हाल पनि सोही परिमाणको ठेक्का लगाएकोमा घटी रकमको ठेक्का स्वीकृत भएको अवस्था छ। उक्त परिमाण गत वर्ष नै निकाल्ने गरी संझौता भएकोमा यस वर्ष पनि सोही परिमाणमा निकाल्ने गरी संझौता हुँदा गत वर्ष ननिकालेको कारण ठुलो परिमाणमा सामग्री हरु हुने अवस्थाले गर्दा वढी परिमाण उत्खनन हुन सक्ने हुँदा यसमा अनुगमन गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै संझौता भन्दा अगाडी नै सवै रकम वुझाएको भनि ५ प्रतिशत छुट समेत देखिएकोमा श्रेष्ता परिक्षण गर्दा मिति २०७६।५।३१ मा रु ५ लाख मात्र वुझाएको प्रमाण पेश भएको र वाँकी प्रमाण नराखेकोले वाँकी रकमको वुझाएको प्रमाण पेश गर्नुपर्ने रु | १६८६००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६५.३ | **सहस्रधारा घाटमा व्यक्तिलाइ उठाउन सोझै अनुमतिः** यस घाटको लागि रामचन्द्र थापालाइ प्रतिस्पर्धा वेगर सोझै रु १४,२४,६९६। को संझौता गरेको देखियो। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्: | |
| १६५.३.१ | यस घाटको लागि निजी जग्गा रहेको भनि जग्गाधनी श्री रामचन्द्र थापासँग प्रति घन मिटर रु १४२। को दरले १००३३.०६ घन मिटरको रु १४२४६९६। मा मिति २०७६।६।१६ मा संझौता गरेको देखिन्छ। सोही घाट (उक्त घाट समेत विभिन्न ३ घाटको लागि एकमुष्ट १४२४९ घन मि उत्खननको लागि सुचना प्रकाशन भएको) को लागि प्रति घन मि रु ७१०। को दरले कुल रु ७१२३४७३। को न्युनतम मुल्यांकन कायम गरी सुचना प्रकाशन भएकोमा उक्त सुचना वदर गरी व्यक्तिलाइ सोझै अनुमति दिँदा न्युनतम मुल्यांकनलाइ मात्र आधार मान्दा पनि रु ५६९८७७७। को राजस्व गुमेको अवस्था छ। प्रदेश सरकारले तयार गरेको आर्थिक ऐन, २०७६ अनुसार ढुंगा, गिट्टी, वालुवा, माटो, दहत्तर वहत्तर आदि भन्नाले सार्वजनिक वा निजी जग्गावाट उत्खनन वा संकलन गरिने सामग्रीलाइ जनाउने उल्लेख छ। अतः व्यक्तिगत जग्गा भनि प्रतिस्पर्धा वेगर सम्वन्धित व्यक्तिलाइ सोझै सामग्री उत्खनन गर्न दिन नमिल्नेमा समेत यसरी सोझै काम गर्न दिनु उचित देखिएन।<br>साथै गण्डकी प्रदेश सरकारले तयार गरेको "ढुंगा, गिट्टी, वालुवा, माटो, दहत्तर वहत्तर लगायतका प्राकृतिक स्रोतको उत्खनन, संकलन, प्रसोधन, विक्रिवितरण तथा क्रसर उद्योग व्यवस्थापन र सन्चालन कार्यविधि, २०७५" को दफा ९ मा स्थानीय तहले ढुंगा, गिट्टी वालुवा, माटो, चट्टान, दहत्तर वहत्तर संकलन तथा उत्खनन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा वातावरण संरक्षणको काममा खर्च गर्नुपर्ने उल्लेख छ। यस व्यवस्था अनुसार निजि जग्गा वा स्थानिय प्रभावित हुने ठाउमा उत्खनन कार्य गर्दा प्राप्त हुने रकमको १० प्रतिशत समुदायको काममा खर्च गरे हुनेमा एक व्यक्तिलाइ मात्र फाइदा पुग्ने गरी निर्णय गर्दा न्युनतम मुल्यांकनलाइ मात्र आधार मान्दा पनि कम उठेको रकम रु ५६९८७७७। को समुदायको कामको लागि १० प्रतिशत घटाउदा समेत रु ५१२८८९९। खुद नोक्सान परेको छ। यसरी ऐन तथा कार्यविधि विपरीत महानगरलाइ प्राप्त हुनुपर्ने भन्दा कम प्राप्त गरी सरकारी हानी नोक्सानी गरेको देखिएको रु | ५१२८८९९ |
| १६५.३.२ | यस घाटको लागि व्यक्तिगत रुपमा रु १४,२४,६९६। को संझौता गरेकोमा उक्त रकमको मुल्य अभिवृद्दि कर असुल नगरेकोले मुल्य अभिवृद्दि कर रकम असुल गर्नुपर्ने रु | १८५२१० |
| १६५.३.३ | उक्त घाटको लागि श्री रामचन्द्र थापालाइ १००३३.०६ घन मिटर उत्खनन गर्न अनुमति दिएकोमा कार्यालयले मिति २०७६।११।४ मा उठनुपर्ने सामग्रीको परिमाण उठिसकेको र नदि किनारवाट ३० मिटर छाडी उत्खनन गर्नुपर्नेमा नदीसम्म नै खोरीहरु वनाइ उत्खनन गरिरहेको भनि निजलाइ काम गर्न रोक्नुपर्ने भनि स्थलगत प्रतिवेदन पेश गरेकोमा कार्यालयले मिति २०७६।११।७ को पत्रवाट निजलाइ काम रोक्न पत्राचार गरेकोमा निजले अटेर गरी उत्खनन गरिरहेकोले पुनः चलानी नं ६२८८ मिति २०७७।३।१४ को पत्रवाट पुनः नदिजन्य पदार्थको उत्खनन वन्द गर्न पत्राचार गरेको देखिन्छ। संझौता अनुरुपको परिमाण उत्खनन गरीसकेको साथै संझौता विपरीतका कार्य समेत गरेकोमा निजलाइ कारवाही नगर्नु उचित देखिएन। साथै संझौता भन्दा वढी परिमाण उठेको भन्ने थाहा पाएपछि अनुगमन गरेर कति परिमाण वढी उत्खनन गरेको हो एकिन गरेर मात्र निजवाट उठनुपर्ने रकम जरिवाना समेत गरी उठाउनुपर्नेमा वन्द गर्न मात्र निर्देशन दिनु श्रोत साधनको दुरुपयोग र अनियमिततालाइ प्रश्रय दिनु | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>हो। यस्तो अवस्थाको अन्त्य गरी उत्खननको परिमाणको निरन्तर अनुगमन गर्नुपर्दछ र छानविन गरी वढी परिमाण उत्खनन भएको एकिन गरी जरिवाना समेत लगाइ उक्त रकम असुल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१६५.४</td><td>तल्लो गोस्ते समेत ४ घाटको ठेक्काः यस घाटको लागि रु १७०५२७८०। को लागत अनुमान रहेकोमा रु १७०५३०००। मा अमृतमान कन्स्ट्रक्सन सँग संझौता भइ संझौता गर्नु भन्दा अगाडी नै भुक्तानी गरी ५ प्रतिशत छुट लिइ रु १६२००३५०। वुझाएको देखिन्छ। यस घाटको लागि अन्सु एण्ड अदिति कन्स्ट्रक्सन पोखराले रु २११११११११। (कर वाहेक) को कवोल गरेको देखिएकोमा वोलपत्र फारममा सवै पानामा हस्ताक्षर गर्नुपर्नेमा अन्तिम पातामा हस्ताक्षर नभएको भनि निजलाइ वोलपत्रको प्रकृया वाट रद्द गरेको देखियो। खरिद कार्यमा लागू हुने सार्वजनिक खरिद नियमावली, २०६४ मा तात्विक भिन्नता नहुने गरी वोलपत्र पेश गरेकोमा वोलपत्र मुल्यांकनमा शमावेश गर्नुपर्ने उल्लेख छ। घाटको सामग्रको विक्रिमा खरिद कानुन लागू नभएतापनि खरिदका प्रावधानलाइ नजिरको रुपमा लिन सकिनेमा गरेको छैन। धरौटी सवै वुझाएको तर एक पानामा मात्र हस्ताक्षर नहुनु र मुचुल्का खोलिएको ४ दिनपछि अर्कोलाइ संझौता गर्न भन्दा अगाडी नै दस्तखत छुटेको भनि निवेदन दिएकोमा महानगरलाइ फाइदा नै पुग्ने भएकोले सानातिना त्रुटी मानी स्वीकार गर्न सकिनेमा नगरेको कारण रु ४०५८१११।(कर वाहेक) को आम्दानीमा असर परेको देखिन्छ। साना तिना त्रुटीलाइ स्वीकार गर्न सकेको अवस्थामा उक्त रकम आम्दानी हुने अवस्थाको अध्ययन नगरेको कारण अर्कोलाइ दिएकोले रु ४०५८१११। कम आम्दानी भएको अवस्था छ।</td><td></td></tr>
<tr><td>१६५.५</td><td>संझौता अनुसारको रकम असुल नभएकोः नदीजन्य पदार्थको विक्रिको लागि संझौता भएका देहायका फर्मसँग भएको संझौता अनुसार देहायका ४ फर्मसँग रु १३ करोड ४० लाख ६० हजारको संझौता भएकोमा रु ५ करोड ३७ लाख ३३ हजार दाखिला गरेको र वाँकी रकम दाखिला नगरेकोले उक्त रकम असुल भएको छैन। निज व्यवसायीले वुझाउनुपर्ने रकम नवुझाइ कोरोनाको महामारीको कारण केही समय काम गर्न नपाएको भनि महानगर विरुद्द सम्माननीय सर्वोच्च अदालतमा गएको अवस्था छ। सिद्दान्ततः नदीजन्य पदार्थको संकलन परिमाणसँग सरोकार राख्ने तर समयसँग सरोकार नराख्ने भएकोले यति समय काम गर्न नपाएको उल्लेख गरी रकम नवुझाउनु उचित देखिएन। यस सम्वन्धमा महानगरले समेत उठाउनुपर्ने सवै परिमाण उठाएको जनाएको छ भने देश लकडाउनमा गएतापनि केही समयावधि पश्चात खुला भएको र विकास निर्माणका काम निरन्तर चलि तिन वटै सरकारको समेत पुजीगत खर्चको करीव ६० प्रतिशत खर्च अन्तिम ३ महिनामा भएकोले उक्त अवधिमा नै नदिजन्य पदार्थको वढी प्रयोग हुने हुँदा सो समयमा गिट्टी ढुंगा वालुवाको उत्खनन नभएको भनि रकम नवुझाउनु उचित देखिएन। अतः उठाउन वाँकी रकम सरकारी वाँकी सरह असुल गर्नुपर्ने रु
<table>
<tr><th>विवरण</th><th>खरिदकर्ताको नाम</th><th>संझौता रकम</th><th>भुक्तानी रकम</th><th>वाँकी रकम</th></tr>
<tr><td>रामघाट</td><td>राजी कन्स्ट्रक्सन</td><td>६६५५००००</td><td>२००५००००</td><td>४६५०००००</td></tr>
<tr><td>ढाव दशखेत समेत पुरन्चौर घाट प्याकेज</td><td>आर जे कन्स्ट्रक्सन</td><td>१८२५५८७५</td><td>९०५५८७५</td><td>९२०००००</td></tr>
<tr><td>गढीघाट प्याकेज</td><td>टि वि निर्माण सेवा</td><td>३७२८३८४२</td><td>१८६४१९२१</td><td>१८६४१९२१</td></tr>
<tr><td>पशुपति घुमाउरे घाट प्याकेज</td><td>फेवा सावित्रि जे भी</td><td>११९७००००</td><td>५९८५०००</td><td>५९८५०००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१३४०५९७१७</td><td>५३७३२७९६</td><td>८०३२६९२१</td></tr>
</table>
यस सम्वन्धमा देखिएका थप व्यहोरा देहायअनुसार छन् :</td><td>८०३२६,९२१</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>१६५.५.१</td><td>जरिवाना असुल गर्नुपर्नेः माथि उल्लेखित देहायका ४ फर्मले समयमा रकम दाखिला नगरेको र तोकिएको समयमा दाखिला नगरेमा तिर्न वाँकी रकमको १० प्रतिशत जरिवाना लगाउने व्यवस्था संझौता तथा सुचनामा उल्लेख छ। साथै महानगरको आर्थिक ऐन, २०७६ को अनुसूची १९ को क सं २१ मा आय संकलनको लागि ठेक्कामा दिइएका कामहरुको ठेकेदारले तोकिएको समयमा दाखिला नगरेमा दाखिला गर्न वाँकी रकमको १० प्रतिशत जरिवाना दस्तुर वुझाउनुपर्ने उल्लेख छ। देहायका ४ फर्मले संझौता अनुसार संझौता भन्दा अगाडी ५० प्रतिशत र वाँकी रकम असार मसान्त भित्र दाखिला गर्नुपर्नेमा नगरेकोले समयमा रकम दाखिला गर्न वाँकी रकमको १० प्रतिशत जरिवाना दस्तुर असुल गर्नुपर्ने रु
<table>
<tr><th>विवरण</th><th>खरिदकर्ताको नाम</th><th>संझौता रकम</th><th>भुक्तानी रकम</th><th>वाँकी रकम</th><th>जरिवाना रकम</th></tr>
<tr><td>रामघाट</td><td>राजी कन्स्ट्रक्सन</td><td>६६५५००००</td><td>२००५००००</td><td>४६५०००००</td><td>४६५००००</td></tr>
<tr><td>ढाव दशखेत समेत पुरन्चौर घाट प्याकेज</td><td>आर जे कन्स्ट्रक्सन</td><td>१८२५५८७५</td><td>९०५५८७५</td><td>९२०००००</td><td>९२००००</td></tr>
<tr><td>गढीघाट प्याकेज</td><td>टि वि निर्माण सेवा</td><td>३७२८३८४२</td><td>१८६४१९२१</td><td>१८६४१९२१</td><td>१८६४१९२</td></tr>
<tr><td>पशुपति घुमाउरे घाट प्याकेज</td><td>फेवा सावित्रि जे भी</td><td>११९७००००</td><td>५९८५०००</td><td>५९८५०००</td><td>५९८५००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१३४०५९७१७</td><td>५३७३२७९६</td><td>८०३२६९२१</td><td>८०३२६९२</td></tr>
</table></td><td>८०३२६९२</td></tr>
<tr><td>१६५.५.२</td><td>रकम प्राप्त नभएकोमा प्राप्त भएको भनि संझौताः ढाव दशखेत समेत पुरन्चौर घाट प्याकेजको लागि आर जे कन्स्ट्रक्सनसँग मिति २०७६।६।१५ मा रु १८२५५८७५। को संझौता भइ संझौता रकमको ५० प्रतिशत रकम संझौता भन्दा अगाडी नै वुझाउनुपर्नेमा पटक पटक गरी ४ पटक ६८६८०००। वुझाएकोमा ५० प्रतिशतले हुने रकम रु ९०५५८७५। नै वुझाइसकेको भनि संझौता भएको छ। रकम सवै नवुझाउदा समेत वुझाएको भनि त्रुटीपुर्ण रुपमा संझौता गरेको छ। वोलपत्र आव्हानको सूचना तथा महानगरको आर्थिक ऐन, २०७६ मा समयमा रकम नवुझाएमा १० प्रतिशत जरिवाना गर्ने उल्लेख भएकोमा यस फर्मले नवुझाएको रु ९२ लाख माथि नै वेरुजुमा उल्लेख भएकोले प्रथम किस्तामा वुझाउनुपर्ने रकम रु २१८७८७५। समयमा नवुझाएकोले सो को १० प्रतिशत जरिवाना समेत असुल गर्नुपर्ने रु</td><td>२१८७८८</td></tr>
<tr><td>१६५.५.३</td><td>रामघाटको ठेक्काको मु अ कर दाखिला नगरेकोः यस घाटको लागि कुल ६२८८० घन मिटर सामग्री संकलन गर्नको लागि २०७६।७।२५ मा रु ६६५५००००। (मु अ कर समेत) मा राजी कन्स्ट्रक्सनसँग संझौता गरेको देखिन्छ। संझौता तथा विड रकममा मु अ कर समेत उल्लेख भएकोले उक्त रकम महानगरले उठाइ असुल गर्नुपर्ने र उठाएको उक्त रकम रु ७६५६१९५। राजस्व शिर्षक नं.३३३१७ दाखिला गर्नुपर्ने रु</td><td>७६५६१९५</td></tr>
<tr><td>१६५.५.४</td><td>प्राप्त हुनुपर्ने रकम प्राप्ती वेगर संझौताः नदीजन्य पदार्थको ठेक्काको लागि वोलपत्र आह्वानको सुचनाको वुँदा नं ५ मा कवोल रकमको ५० प्रतिशत संझौता भन्दा अगाडी नै नगद दाखिला गर्नुपर्ने र वाँकी ५० प्रतिशत रकम १ वर्षको वैंक जमानत पेश गर्नुपर्ने उल्लेख छ। तर रामघाटको ठेक्कामा सुचना अनुसार संझौता भन्दा अगाडी रु ३३२७५०००। वुझाउनुपर्नेमा रु २००००००० ।मात्र वुझाइ रु १३२७५०००। वुझाउन वाँकी रहेकोमा समेत संझौता भएको पाइयो भने रु ३०५५००००। संझौताको मितिले २ हप्ताभित्र पेश वैंक जमानत पेश गर्ने शर्तमा संझौता भएको पाइयो। ५० प्रतिशत रकम दाखिला नभइ संझौता नै गर्न नहुनेमा संझौता गर्नु उचित देखिएन भने संझौता अनुसारको वाँकी रकमको वैंक जमानत पेश गर्नुपर्नेमा संझौता गर्दा रु १ करोड ६० लाखको मात्र वैंक जमानत पेश गरेको आधारमा संझौता गरेको देखिन्छ। वाँकी वैंक जमानत रकम रु २ करोड २८ लाख मिति</td><td></td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २०७७।३।१८ मा मात्र राखी पेश गरेको छ भने रु ५० हजार मिति २०७७ असार ३० मा दाखिला गरेको छ। त्रुटीपुर्ण संझौता गर्नु उचित देखिएन।<br>निज सँग गरेको संझौतामा नगद दाखिला तथा वैंक जमानत समेत गर्दा समेत रु ७७ लाख वाँकी रहेको देखिन्छ।(वेरुजु रकम माथि समावेश गरिएको छ) यसरी संझौता वमोजिमको रकमको नगद तथा वैंक जमानत समेत नलिनु उचित देखिएन। | |

| ववरण | खरिदकर्ताको नाम | संझौता रकम | संझौता अनुसार शुरुमा वुझाउनुपर्ने रकम | वुझाएको रकम | वाँकी रकम | वैंक जमानत को रकम | वैंक जमानत समेत नपुग रकम |
|---|---|---|---|---|---|---|---|
| रामघाट | राजी कन्स्ट्रक्सन | ६६५५०००० | ३३२७५००० | २००५०००० | ४६५००००० | ३८००००० | ७७००००० |
| गढीघाट प्याकेज | टि व निर्माण सेवा | ३७२८३८४२ | १८६४१९२१ | १८६४१९२१ | १८६४१९२१ | १८६५०००० | ० |
| पशुपति घुमाउरे घाट प्याकेज | फेवा सा वत्रि जे भी | ११९७०००० | ५९८५००० | ५९८५००० | ५९८५००० | ५९८५००० | ० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७५.१ | महानगरले लामो समय देखि प्रतिस्पर्धा वेगर निश्चित फर्मलाइ मात्र फोहोर उठाउन अनुमति दिएको पाइन्छ। फोहोरमैला संकलनको लागि मात्र (शौचालय, अस्पतालजन्य आदि वाहेक) ६ वटा फर्मलाइ वडा तोकेर कार्य गर्न दिएको छ। शुरु संझौताको विवरण माग गर्दा अन्यको विवरण प्राप्त भएन तर एक फर्मको प्राप्त भएकोमा पोखरा फोहोरमैला व्यवस्थापन प्रालि सँग मिति २०६६ चैत्र २० मा संझौता भएको देखिन्छ। निजसँग समेत पुरानो नाम याम कम्पोष्ट मल उत्पादन तथा सरसफाइ तथा विविध सेवा प्रालिको नाममा २०६५ कार्तिक २२ मा नै संझौता भइ पछि नाम परिवर्तन गरी यस फर्मको नाममा २०६६ चैत्र २० मा संझौता गरेको पाइन्छ। यति धेरै समय अगाडी एक संझौता भएकोमा हालसम्म सोही फर्मलाइ निरन्तरता दिनु उचित देखिएन। शुरु संझौताको मितिले १३ वर्ष व्यतित भइसक्दा पनि हालसम्म प्रतिस्पर्धा नगराइ एकै फर्मलाइ निरन्तरता दिँदा फाइदा भएर मात्र निरन्तर एकै फर्मले काम गरिरहेकोले निज फर्मलाइ फाइदा पुगेको तर महानगरलाइ प्राप्त हुनुपर्ने ठुलो राजस्व गुमेको अवस्था देखिन्छ। | |
| १७५.२ | फोहरमैला उठाउने फर्मलाइ महानगरले संझौता अनुसार एक थान कम्प्याक्टर तथा एक थान टिपर दिएको पाइन्छ भने संझौता गर्दा महानगरले आफै विल छापी महानगरको विलमा दोंश्रो पक्षले उठाउन उल्लेख भएकोले यिनिहरुको कामको खर्च महानगरले व्यहोरेको देखिन्छ। यसमा समेत पुनरावलोकन गरी सवारी उपलव्ध गराएकोमा भाडा लिनुपर्ने तथा विल छपाइमा भएको खर्चको रकम सोधभर्ना माग गरी काम गर्नुपर्ने देखिन्छ। | |
| १७५.३ | फोहरमैला उठाउने फर्मसँग भएको संझौतामा दुइ फर्म नेपाल पब्लिक हेल्थ एण्ड इन्भारमेन्ट फर डेभलपमेन्ट फर डेभलपमेन्ट प्रा.लि.पोखरा १४ तथा वेष्ट मेनेजमेन्ट रिसाइक्लिङ प्रालि लाई प्रथम पक्ष महानगरपालिकालाई उठेको रकमको २०% उठाउने दोस्रो पक्षलाई ७५% र ५% तेस्रो पक्ष टोल विकास संस्थालाई वाडफाँड गर्ने गरी सम्झौता भएको छ भने वाँकी सँग उठेको रकमको २० प्रतिशत महानगर र ८० प्रतिशत सम्वन्धीत फर्म (दोश्रो पक्ष) लाइ दिने गरी संझौता भएको छ। तर उठन | |

<table>
<tr><th>दफा</th><th>भौचर नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वाँकी वक्यौताको हकमा महानगरले ५० प्रतिशत पाउने उल्लेख भएकोमा महानगरले वक्यौताको अभिलेख नराखी एकमुष्ट रुपमा वुझाएको रकमको ८० प्रतिशत रकम फिर्ता दिएको अवस्था छ। यस सम्वन्धमा छानविन गरी वक्यौता रकम उठेको भए उक्त रकमको ५० प्रतिशत रकम महानगरले असुल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१७५.४</td><td>फोहोरमैला व्यवस्थापनको लागि पुरानो ठाउ हाल वनेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको कारण हटाउनुपर्ने अवस्था भएकोमा समेत नया ठाउँको पहिचान नै नगरेको अवस्था छ।महानगरले यस वर्ष ल्याण्ड फिल्ड साइड निर्माण संभाव्यता अध्ययनको लागि रु १ करोड वजेट समेत विनियोजन भएकोमा सम्भाव्यता अध्ययन नै नगरेको कारण उक्त रकम खर्च नभएको अवस्था छ। हालसम्म पनि महानगरले स्थान छनोट नगरेको तर महानगरमा दैनिक फोहोर संकलन भइरहने अवस्थाले गर्दा फोहोर अव्यवस्थित भइ महानगरको सुन्दरता तथा मानव स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पर्ने अवस्था देखिसकेको अवस्थामा हालसम्म पनि ल्यान्डफिल्ड साइटको छनोट नहुनु उचित देखिएन।</td><td></td></tr>
<tr><td>१७५.५</td><td>नेपाल पब्लिक हेल्थ एण्ड इन्भारमेन्ट फर डेभलपमेन्ट फर डेभलपमेन्ट प्रा.लि.पोखरा १४ तथा वेष्ट मेनेजमेन्ट रिसाइक्लिङ प्रालि सँग महानगरले संझौता गर्दा महानगरले कुल उठेको रकमको २० प्रतिशत पाउने, उठाउने दोस्रो पक्षलाई ७५% र तेस्रो पक्ष टोल विकास संस्थालाई ५% वाडफाँड गर्ने गरी सम्झौता भएकोमा वेष्ट मेनेजमेन्ट रिसाइक्लिङ प्रालि लाई फिर्ता दिँदा ७५ प्रतिशत फिर्ता दिएतापनि नेपाल पब्लिक हेल्थ एण्ड इन्भारमेन्ट फर डेभलपमेन्ट फर डेभलपमेन्ट प्रा.लि. लाइ ८० प्रतिशत फिर्ता दिएकोमा यस वर्ष कुल रु ५२ लाख ८८ हजार फिर्ता दिएकोमा ७५ प्रतिशत फिर्ता दिँदा रु ४९ लाख ५७ हजार ५०० फिर्ता दिनुपर्नेमा वढी फिर्ता दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु</td><td>३३०५००।</td></tr>
<tr><td>१७५.६</td><td>वेष्ट सर्भिस प्रालि सँग संझौताः स्वास्थ्य संस्थावाट निस्कने फोहरमैला व्यवस्थापनको लागि मिति २०७३ मंसिर देखि लागू हुने गरी मिति २०७३।७।२८ मा यस फर्मसँग महानगरले वार्षिक रु १० लाख प्राप्त गर्ने गरी ४ वर्षक ६ महिनाको लागि संझौता गरेको देखिन्छ। संझौतामा फोहर व्यवस्थापन गर्न ३ रोपनी जग्गा उपलव्ध गराउने उल्लेख छ भने प्रति २ वर्षमा संझौता रकममा १० प्रतिशतले वृद्दि गर्ने उल्लेख छ। साथै संझौतामा तिर्नुपर्ने रकम दामासाहीले प्रत्येक महिनामा वुझाउनुपर्ने उल्लेख छ। यस महानगरले हालसम्म प्राप्त गरेको रकमको व्यवस्थित अभिलेख राखेको छैन तथा फाइलमा एक पटकमात्र रु ३३३३३२।मात्र वुझाएको देखिन्छ। अभिलेख व्यवस्थित गरी नराखेको कारण निज फर्मले कहिले रकम वुझायो र कति समयमा वुझायो तथा समयमा नवुझाएकोमा (आर्थिक ऐन, २०७६ मा उल्लेख भएअनुरुप आय ठेक्काको हकमा १० प्रतिशत जरिवाना लाग्ने उल्लेख भएको) जरिवाना वुझाए नवुझाएको समेत एकिन गर्न सकिएन। अतः रकम वुझाएको हकमा उक्त रकमको प्रमाण पेश गर्ने तथा वाँकी रकम असुल गर्नुपर्ने रु ...
<table>
<tr><th>विवरण</th><th>मासिक</th><th>वार्षिक जम्मा</th><th>वुझाउनुपर्ने जम्मा रकम</th><th>वुझाएको मिति</th><th>वुझाएको रकम</th><th>वाँकी</th></tr>
<tr><td>शुरु २ वर्षमा वुझाउनुपर्ने रकम</td><td>८३३३३.३३</td><td>१००००००</td><td>२००००००</td><td>२०७४।३।१८</td><td>३३३३३२</td><td>१६६६६६८</td></tr>
<tr><td>संझौता अनुसार १० % थप गरि वाँकी महिनाको रकम (वाँकी २० महिनाको</td><td>९१६६६.६७</td><td>११०००००</td><td>१८३३३३३</td><td>-</td><td>-</td><td>१८३३३३३</td></tr>
<tr><td>२०७७ असार सम्म ४४ महिनाको जम्माः</td><td></td><td></td><td></td><td></td><td></td><td>३५००००१</td></tr>
</table></td><td>३५००,००१</td></tr>
</table>

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उक्त रकममा जरिवाना तथा व्याज समावेश नभएकोले वुझाउदाका वखत व्याज तथा जरिवाना समेत असुल गर्नुपर्दछ। | |
| १७५.७ | शौचालय जन्य फोहोर व्यवस्थापनको लागि २०७३।३।१७ मा उठेको रकमको ८० प्रतिशत सम्वन्धत फर्म र २० प्रतिशत महानगरलाइ वुझाउने गरी संझौता भएकोमा कति रकम प्राप्त गऱ्यो, सो को व्यवस्थित अभिलेख नराखी वुझाएको रकमको ८० प्रतिशत रकम फिर्ता गरेको छ। शौचालय जन्य फोहरको लागि अधिकांश काम व्यक्तिगत रुपमा सम्पर्क गर्ने र विल विजक समेत नकाटने हुने हुदा आम्दानी नै कम देखाउने संभावना रहने हुँदा यस कामको लागि आयको प्रक्षेपण गरेर वोलकवोलको माध्यमवाट ठेक्का अगाडी वढाइ कार्य गर्नुपर्ने देखिन्छ। | |
| १७५.८ | फोहरमैला व्यवस्थापन सँग सम्वन्धीत अन्य व्यहोरा देहायअनुसार छन्:<br>• आर्थिक ऐन २०७६ को अनुसूची १४ मा सरसफाइ शुल्क वापतको दर तय गरेको छ। तर सम्वन्धित ठेकेदारले सेवाग्राहीबाट के कुन आधारमा रकम उठाउने हो पालिकाले यकिन गरेको छैन। यसो नहुँदा फोहोर उठाउने पक्षले एकलौटी रुपमा सेवा शुल्क लिन सक्ने देखिएकोले अनुगमन तथा विल विजक परिक्षणलाइ तिव्रता दिनुपर्दछ।<br>• विभिन्न फर्महरुलाइ निश्चित वडा तोकि विभिन्न मितिमा पटक पटक म्याद थप गरी प्रतिस्पर्धा वेगर पुरानो संझौता अनुसार हाल फोहोर उठाउन अनुमति दिएको पाइन्छ। उक्त वडाहरुमा हाल कति घर छन् ति मध्ये व्यवसायिक प्रयोजनका कति व्यवसाय छन तथा कति आवासिय घर छन र सो वाट कति संकलन हुनुपर्ने हो र कति संकलन भयो सो को तथ्यांक महानगरले राखेको छैन। विवरण नलिइ र नराखी कति उठनुपर्ने हो र कति उठ्यो सो अध्ययन वेगर नै विगत देखि नै एउटै फर्मलाइ पटक पटक अनुमति दिनु गम्भिर लापरवाही हो। उठनुपर्ने रकमको स्थिति एकिन नगरी वस्नु र यस सम्वन्धमा हालको अवस्थाको विश्लेषण नगर्नु उचित देखिएन।<br>• सेवा शुल्क असुल गर्नको लागि द्वितीय पक्षले एक पटकमा २० प्याड रसिद दिने र सकिएको ३ दिनभित्र रकम दाखिला गर्नुपर्ने व्यवस्था भएतापनि के कति रकम उठ्ती गरि कति दाखिला गऱ्यो कति बाँकी छ सोको विवरण तथा सम्बन्धीत संस्थालाई बुझाएको नगदि रसीदको विवरण पेश गरेको छैन भने सो को सारांश समेत पेश गरेको छैन।यस सम्वन्धमा छलफल गर्दा जिन्सी शाखावाट विलका प्याडहरु लिएर जाने, वुझाउन आउदाका वखत पुनः लिएर जाने साथै विलको पुर्ण परिक्षण आन्तरिक लेखापरीक्षण शाखावाट हुने जानकारी प्राप्त भयो। तर आन्तरिक लेखापरीक्षणले यस सम्वन्धमा केही व्यहोरा उल्लेख नगरेकोले उठेको तथा समयमा दाखिला भए नभएको सम्वन्धमा एकिन हुन सक्ने आधार रहेन।<br>• संझौतामा जनचेतना कार्यक्रम, उद्यान, निर्माण, सौन्दर्यकरण तथा वातावरणीय सन्तुलन कायम गर्नुपर्ने दोस्रो पक्षको दायित्व समावेश गरिएतापनि सोको अनुगमन मूल्याङ्कन र प्रतिवेदन तयार गरेको नदेखिएकोले सम्झौता कार्यान्वयन भए नभएको यकिन गर्न सकिएन।<br>• सेवा शुल्क असुल गर्नको लागि द्वितीय पक्षले एक पटकमा २० प्याड रसिद दिने र सकिएको ३ दिनभित्र रकम दाखिला गर्नुपर्ने व्यवस्था भएतापनि वातावरणिय सुन्दर नेपाल प्रालिले एकमुष्ट रुपमा २५ प्याडको रु १३०६८०५। मिति २०७७।२।३२ मा यस कार्यालयमा वुझाएको भनि भौ नं १११२ वाट सो को ८० प्रतिशत रकम रु १० लाख ४५ हजार भुक्तानी लगेको तथा पोखरा फोहोरमैला व्यवस्थापन प्रालिले समेत मिति २०७६।११।२९ मा रसिद वुझाउदा एकैपटक २५ | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वटा प्याडको रु १८७४९९०। वुझाएकोमा सो को ८० प्रतिशत रकम भौ नं ९१६ वाट रु १४९९९९२। फिर्ता गरेको चालु खर्च खातावाट देखिन्छ। संझौता भन्दा विपरित हुने गरी २५ प्याडको एकमुष्ट रुपमा भुक्तानी भएकोमा समेत जरिवना गरेको छैन। यस सम्वन्धमा विस्तृत अध्ययन गरी जरिवाना रकम एकिन गर्नुपर्दछ। | |
| १७६ | **सेति गोर्ज दृष्यावलोकन शुल्क संकलनः** के आई सि पुल नजिक दृष्यावलोकन शुल्क संकलन गर्ने सम्बन्धमा ठेक्का अंक ४००००००। दुई बर्षको लागि (भ्याट बाहेक) ठेक्का लगाएको पाइयो। जसमा ९ वटा फमर्हरुको प्रतिस्पर्धा भएकोमा भण्डार थोदुङ्ग निर्माण सेवाले रु ६६६६६६६। (भ्याट बाहेक) कवोल गरि २०७६।९।२७ मा पोखरा महानगरपालिका र भण्डार थोदुङ्ग निर्माण सेवा विच सम्झौता भएको छ। सम्झौता मिति २०७६।९।२५ देखि २०७८।९।२४ सम्म बहाल रहने उल्लेख गरेको छ। पहिलो बर्षको रकम रु ३३३३३३३।सम्झौता बखत दाखिला भएको छ भने अर्को बर्षको रकम रु ३३३३३३३।(तेत्तिस लाख तेत्तिस हजार तिस सय तेत्तिस मात्र) २०७७ कार्तिक महिना भित्र दाखिला गर्नुपर्न उल्लेख गरेको छ। सम्झौतामा उल्लेख भए बमोजिम दोस्रो किस्ता रकम लेखापरिक्षण क्रममा २०७८ बैशाख सम्म नवुझाएको र बैक जमानत पनि राखेको नपाइएकोले दोस्रो किस्ता रकम रु ३३३३३३३। र मु अ कर रकम रु ८६६६६७। गरी जम्मा रु ४२०००००।को जरिवाना रकम सहित एकिन गरि दाखिला गर्नु पर्ने रु | ४२००००० |
| १७७ | **फेवाताल दृष्यावलोकन शुल्क संकलनः** पोखरा वडा नं ६ हल्लनचोक नजिक फेवातालमा रहेको स्विमिङ्ग पुलमा दृष्याबलोकन शुल्क संकलन सम्बन्धमा न्युनतम मुल्यांकन रकम रु १००००००।(२ बर्षको लागि) राखी प्रतिस्पर्धा गराएकोमा श्री नाईस नेपाल कन्सट्रक्सन ले ११११११११ (भ्याट बाहेक) कबोल गरि ठेक्का स्विकृत गरेको र मिति २०७४।०६।६ देखि २०७६।६।६ सम्मको लागि सम्झौता भएकोमा सम्झौता बमोजिम उक्त रकम दाखिला भएको देखिन्छ। सम्झौता बमोजिमको समयअवधि सकिएपछि पोखरा महानगरपालिकाको मिति २०७६।८।५ को निर्णय अनुसार साविकको बार्षिक रकममा ३० प्रतिशत बृद्धि गरि रु ७२२२२२। कायम गरी २०७७ असोज ६ सम्म १ बर्षको लागि समय थप गरिएको छ। निजले शूरु संझौता रकम रु ११११११११। को मु अ कर समेत दाखिला नगरेकोले सो को मुअकर रु १४४४४४। र अवधि थप भएको रकम रु ७२२२२२ को मुअकर रु ९३८८८ गरी मु अ कर रकम जम्मा २३८३३२। राजस्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्ने रु | २३८३३२ |
| १७८ | **सराङ्गकोट प्रवेश शुल्कः** पोखरा महानगरपालिकाले सराङ्गकोट प्रवेश शुल्क सम्बन्धमा न्युनतम ठेक्का अंक ६००००००। कायम गरी प्रतिस्पर्धावाट चंखपुर निर्माण सेवासँग रु ६००१०००।(भ्याट सहित) को संझौता भएको देखिन्छ। मिति २०७६।२।१२ देखि २०७७।०१।२१ सम्म लागु हुने गरी सम्झौता रकम ४ किस्तामा दाखिला गर्नु पर्ने उल्लेख गरेकोमा यस निर्माण सेवाले कुल रु ४८०९,८७३। दाखिला गरेको वाँकी रकम रु रु १०१८५७६।(मु अ कर वाहेक) नगरसभावाट ७० दिनको राजस्व मिनाह गरेको छ। राजस्व मिनाह गर्ने तर्फ भन्दा पनि समयअवधि थप गरेर कार्य सञ्चालन भएको भए राजस्व वृद्धि हुने देखिन्छ साथै चैत ११ देखि लकडाउन भएको र सम्झौता अवधि २०७७।०१।२१ सम्म ४१ दिन दिनु पर्नेमा ७० दिन दिइएकोले रु ४२१९८१।बढी छुट दिएको छ। यसरी छुट दिनुपर्ने अवस्था र दिन एकिन नगरी कुल ७० दिनको छुट दिँदा रु रु ४२१९८१। वढी छुट दिएको देखिन्छ। यस सम्वन्धमा छलफल गर्दा संझौता अवधि मिति २०७६।२।२२ वाट एक वर्ष हुने उल्लेख | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएकोमा अन्तिम मिति २०७७।२।२१ हुनुपर्नेमा भुलवस मिति २०७७।१।२१ हुन गएको उल्लेख गरेको छ। संझौता गर्दा विशेष ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७८.१ | साथै चंखपुर निर्माण सेवा ( पान नं ३०००१५६९२) ले मु अ कर रु ५१७७२८। दाखिला शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा ३३३१४ मा दाखिला गरेकोले शिर्षक फरक पारि दाखिला गरेकोले शिर्षक मिलान गर्नु पर्ने रु | ५१७७२८ |
| १७९ | **कवाडी सामानको निकासी करः** पोखरा महानगरपालिकाले महानगर क्षेत्रबाट उत्पादन हुने पुनः प्रयोग कवाडी सामानहरु जस्तै पुराना कागज फलाम प्लास्टिक अन्य धातु आदि सामानहरु माहानगरबाट बाहिरिदा कवाडी निकासि कर लाउने सम्बन्धमा देखिएको व्यहोरा हरु निम्न छनः | |
| १७९.१ | यस महानगरपालिकाले कवाडि कर संकलनको सम्बन्धमा ठेक्का अंक प्रति वर्ष २ करोडका दरले दुई बर्षको लागि रु ४ करोड (भ्याट बाहेक ) को ठेक्का अंक राखी प्रतिस्पर्धामार्फत श्री सिम्रन कन्सट्रक्सनसँग रु ४७५०००००।(भ्याट सहित) को ठेक्का संझौता भएको छ। मिति २०७४।६।२४ मा सम्झौता भई सम्झौता अवधि २०७६।६।२४ सम्म रहने र सम्झौताको बुदा नं २ मा पहिलो किस्ता रु ५९३७५००। सम्झौताको अवधिमा दाखिला गर्नु पर्ने र अन्य किस्ताको लागि १ महिना भित्र बैक जमानी पेश गर्नुपर्ने उल्लेख भएता पनि सो पेश गरेको पाइदैन। त्यस्तै सम्झौताको बुदा नं १० मा दफा नं उल्लेखित मितिमा किस्ता रकम दाखिला नभएमा पहिलो पक्षले थप जरिवाना लिनुपर्ने साथै ठेक्का तोड्न सक्नेछ र बाँकी रकम जमानतबाट अशुल गरिने उल्लेख छ। बुदा नं १ मा भएको व्यवस्था र किस्ता दाखिला गरेको समय निम्न छनः | |

| सम्झौता अनुसार कस्ता बुझाउनुपर्ने समय र रकम | | कस्ता बुझाएको समय र रकम | |
|---|---|---|---|
| मति | रकम | मति | रकम |
| २०७४।६।२३ | ५९३७५०० | २०७४।०६।२४ | ६०००००० |
| २०७४।९।२३ | ५९३७५०० | २०७४।०९।१९ | ५९३७५०० |
| २०७४।१२।२३ | ५९३७५०० | २०७४।१२।२७ | ५९३७५०० |
| २०७५।३।२३ | ५९३७५०० | २०७५।०५।०५ | ३०००००० |
| २०७५।६।२३ | ५९३७५०० | २०७५।०८।२८ | ३०००००० |
| २०७५।९।२३ | ५९३७५०० | २०७५।१०।०८ | ३०००००० |
| २०७५।१२।२३ | ५९३७५०० | २०७६।०१।१२ | ३०००००० |
| २०७६।३।२३ | ५९३७५०० | २०७६।२।३१ | १०००००० |
| | | २०७६।०५।०३ | १०००००० |
| | | २०७६।०५।२३ | २०००००० |
| | | २०७६।०६।२३ | १९२६६२३ |
| | | २०७६।०८।३० | २०००००० |
| | | २०७६।०८।३० | १९२६६२३ |
| | | २०७६।९।१४ | १९२६६२३ |
| | | २०७६।०९।२४ | ४०००००० |
| | | २०७६।०९।२७ | १८४५१३१ |
| | | | |
| | ४७५००००० | | ४७५००००० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लेखित तालिका अनुसार ३ किस्ता सम्म समयमा नै राजस्व दाखिला गरेको पाइयो भने त्यस पछिको ५ किस्ता कुनै पनि समयमा नभएको र पुरै किस्ता रकम दाखिला भएको देखिदैन। महानगरपालिकाले समयमा दाखिला नगरेको कारणले कुनै पनि किस्ताको जरिवाना लिएको देखिएन। यसरी ढीला गरि रकम दाखिला गरेको रु २९६८७५००। को १० प्रतिशतले जरिवाना रकम दाखिला गर्ने पर्ने रु | २९६८७५० |
| १७९.२ | **मुल्य अभिवृद्धि कर दाखिला नगरेकोः** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा नेपाल सरकार तथा स्थानीय तहले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको विक्रि गर्दा मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ। माथि उल्लेखित ठेक्का रकम बमोजिम श्री सिम्रान कन्सट्रक्सनले कर सहित रु ४७५०००००। (मु अ कर र आयकर) दाखिला गरेता पनि महानगरपालिकाले मुल्य अभिवृद्धि कर तथा आयकर राजस्व खातामा दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु | ६०९५१३१ |
| १७९.३ | **दोस्रो पटक म्याद थप गरि राजस्व संकलनः** निकासि कर संकलन गर्ने सम्बन्धमा पोखरा महानगरपालिका र श्री सिम्रान कन्सट्रक्सन बिच भएको सम्झौता बमोजिम मिति २०७६।६।२३ मा समाप्त भएकोमा महानगरपालिकाको २०७६।६।१७ को निर्णय बमोजिम बढीमा ६ महिनाको लागि पुरानो सम्झौता रकममा मासिक रुपमा अग्रिम राजस्व दाखिला गर्ने गरि कार्य गर्ने सम्झौता भएको छ। सम्झौता बमोजिम किस्ता रकम दाखिला नगरेकोले देहायको रकम असुल गर्नुपर्ने रु | २६९७२३९ |

| मति | दा खला रकम |
|---|---|
| २०७६।१०।१६ | २०००००० |
| २०७६।११।०६ | १०००००० |
| २०७६।११।१८ | १०००००० |
| २०७६११।१९ | ३००००० |
| २०७६।११।२७ | ६५०००० |
| २०७६।१२।०३ | ५००००० |
| २०७७।०३।२५ | २१८३११५ |
| २०७७।०५।१० | २०००००० |
| जम्मा दा खला गरेको रकम | ९६३३११५ |
| कुल दा खला गर्नुपर्ने रकम | ११५५९७३५ |
| ढीला बुझाएबापत को जरिवाना | ७७०६४९ |
| दा खला गर्न बाँ क रकम | १९२६६२० |
| जम्मा दा खला गर्नु पर्ने रकम | २६९७२६९ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १७९.४ | सिम्रान कन्सट्रक्सन संग गरेको दोस्रो पटकको म्याद थप गरी ६ महिनाको लागि पुरानो सम्झौता रकममा मासिक रुपमा अग्रिम राजस्व दाखिला गर्ने गरी रु ११५५९७३५ मा सम्झौता भएकोमा कर सहित सम्झौता भएको देखिन्छ। यसरि कार्यालयले मुल्य अभिवृद्धि कर रकम लिएतापनि उक्त रकम राजस्व कार्यालयमा दाखिला नगरेकोले मुल्य अभिवृद्धि कर दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु | १३२९८६९ |
| १७९.५ | **निकासि कर सम्बन्धि दोस्रो ठेक्काः** निकासी कर संकलन सम्बन्धमा माथि उल्लेखित श्री सिम्रान कन्सट्रक्सन सँग भएको ठेक्का पछि निकासि कर संकलन गर्ने कार्यको लागि २०७६।११।१० मा सुचना प्रकाशन गरेको छ। न्युनतम ठेक्का अंक रु ५०००५०००।(भ्याट सहित) कायम गरी सुचना प्रकाशन गरेकोमा श्री सिम्रान कन्सट्रक्सनले रु ५४०४५०७३। कवोल गरेकोले ठेक्का स्विकृत गरि मिति २०७७।१०।१९ मा सम्झौता भएको देखिन्छ। यसरी ठेक्का लगाएको करिब १ बर्ष ढीला गरि सम्झौता | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएको देखिएकोले १ बर्ष सम्म आम्दानी हुने करोडौ रकम संकलन भएको छैन। माथि उल्लेखित कवोलका आधारमा मात्र पनि समयमा संझौता नहुँदा रु ५४०४५०७३। राजस्व गुमेको छ। २०७६ चैत्र पछिको लकडाउनका कारण केही महिना अवरुद्द भएतापनि वाँकी महिनमा कवाडी संलकन तथा निकासी पक्कै पनि भएको अवस्थामा उक्त अवधिमा निकासी कसले गऱ्यो एकिन गरी रकम महानगरमा दाखिला गराउनुपर्नेमा गराएको छैन। यस संवन्धमा छानविन गरी उक्त अवधिमा निकासी भए नभएको तथा कसैले कर संकलन गरे नगरेको एकिन गर्नुपर्ने र जिम्मेवार पदाधिकारी/कर्मचारीलाइ जिम्मेवार वनाउनुपर्दछ। | |
| १८० | **फुटकर विज्ञापनहरुको विज्ञापन कर संकलनः** पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले स्थानिय सरकार सञ्चालन ऐन २०६४ को दफा ६४ को उपदफा १(ग) ले दिएको अधिकार प्रयोग गरी यस कार्यालयले घर, सटर, भित्ता, सवारी साधन एंव व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञानहरुको विज्ञापन कर संकलन सम्बन्धी कार्य ठेक्का बढाबढको माध्यमबाट मिति २०७५।०९।२० मा सुचना प्रकाशन गरि न्युनतम ठेक्का अंक रु २०१३२९९३।राखेकोमा कुनै पनि फर्मको बोलपत्र नपरेको र दोस्रो सुचना प्रकाशन मिति २०७६।०९।२८ मा उक्त न्युनतम ठेक्का अंक ६४३४०००। रहेको पाइयो। एउटै कार्यको ठेक्का लागत अनुमान पहिलो पटक भन्दा दोस्रो पटक १३६९८९९३। फरक परेको देखिन्छ जसले गर्दा कार्यालयले लागत अनुमानको आधार र कारण विश्लेषण नगरी हचुवाको भरमा ठेक्का अंक निर्धारण गरेको पाइयो। उक्त ठेक्कामा सबै भन्दा बढी रकम आकृति एडभरजाईजिङ्ग प्रा लि. ले रु ९१,४८,५००। कवोल गरेकोमा निज प्रालि सम्झौता गर्न नआएकोले धरौटी जफत गरी दोस्रो बढी कवोल गर्ने रु ८७५००००। श्री पोखरा साईनेज प्रा लि लाई सम्झौताको लागि पत्र पठाएकोमा श्री पोखरा साईजेज प्रा लि पनि सम्झौता गर्न नआएको देखिएकोले उक्त फर्मको धरौटी जफत गर्नु पर्नेमा धरौटी जफत नगरेको पाइएकोले उक्त फर्मले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी जफत गरी संचित कोषमा दाखिला गर्नु पर्ने रु | ४३७५०० |
| १८१ | **सौर्य पोलहरुमा Slim Light Board राखि विज्ञापन गर्ने सम्बन्धमाः** यस महानगरपालिकाले आफनो क्षेत्रभित्र रहेको २०८८ सौर्य पोलहरुमा Slim Light Board राखि विज्ञापन गर्ने कार्यको लागि ठेक्का (आय ठेक्का नं ३१/ Light Board/२०७५/०७६) अंक रु ५०१५५०००।कायम गरी ४ वटा फर्महरुको बोलपत्र परेकोमा ३ वटा फर्महरुले धरौटी नराखेकोले स्वतः नेपाल मिडिया टेक्नोलोजी प्रा लि ले रु ५६७०००००। ( कर सहित ) कवोल गरेकोमा निजको वोलपत्र स्विकृत गरेको छ। उक्त कार्यको लागि पोखरा महानगरपालिका र नेपाल मिडिया टेक्नोलोजी प्रा लि बिच मिति २०७६।११।३० मा पाँच बर्षको लागि सम्झौता भएको छ। सौर्य सोलारमा गरिने विज्ञापनको संझौता रकम रु ५६७०००००।(कर बाहेक) रहेको र सम्झौता रकम बर्षको २ किस्ता गरि प्रत्येक किस्ताको रु ५६७००००। को दरले १० औं किस्तामा तिर्नु पर्ने उल्लेख गरेको छ। यसरी नेपाल मिडिया टेक्नोलोजि प्रालि ले कार्य सञ्चालन गरिसकेपछि मिति २०७७।११।२० को राजस्व परामर्श समितिको बैठकको निर्णय अनुसार उक्त फर्मसँग गरिएको सम्झौता रद्ध गर्ने निर्णय गरेको पाइयो। यस अवधिमा उक्त फर्मले पहिलो र दोस्रो किस्ता बुझाएको र तेस्रो किस्ता कोरोना भाइरसको कारण तेस्रो किस्ता छुट दिएको पाइयो। यसरि सम्झौता पश्चात कार्यालयले कति पोलहरुमा विज्ञापन राखेको थियो र सम्झौता रद्ध भए पश्चात उक्त पोलहरुमा राखेको विज्ञापन हटाए नहटाएको बारे कुनै प्रमाण पेश नभएकोले के कति पोलहरुमा विज्ञापन राखिएको थियो सो बारे प्रतिवेदन पेश गर्नु पर्ने र यसरि विज्ञापन राखिएको | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | होडिङ्ग वोड मार्फत उक्त कम्पनीले हालसम्म पनि भुक्तानी लिने सक्ने हुदाँ यस सम्वन्धमा छानविन गर्नुपर्दछ। साथै पर्याप्त आधार र कारण वेगर एकतर्फी रुपमा महानगरले संझौता रद्ध गर्नु उचित देखिएन। | |
| १८१.१ | उक्त सोलार पोलहरुमा विज्ञापन गरिने सम्बन्धमा श्री नेपाल मिडिया टेक्नोलोजि प्रा लि (पान नं ६०११२६७८३) सँग भएको सम्झौता बमोजिम उक्त फर्मले रु ६५२३१४। मु अ कर दाखिला गर्दा ३३३१७ शिर्षकमा गर्नुपर्नेमा ३३३१४ मा दाखिला गरेकोले शिर्षक परिवर्तन गर्नु पर्ने रु | ६५२३१४ |
| १८२ | **सवारि पार्किङ शुल्कः** महानगरपालिकाले सवारि पार्किङ अन्तर्गत रु ३०००१२१३। राजस्व संकलन गरेको महानगरको राजस्व सफ्टवयरवाट देखिएकोमा यस शिर्षकवाट कुन कुन निकायले कति रकम दाखिला गरे सो को विवरण पेश गरेको छैन। यस सम्वन्धमा यथार्थ विवरण राखी लेखापरीक्षणमा श्रेष्ता पेश गर्नुपर्दछ। | |
| १८३ | **ल्यान्डफिल्ड साइटमा सेप्टिटैंकः** यस कामको लागि महानगरले हरियाली मल्टिपल (गोकर्ण कार्की सँग संझौता गरी वार्षिक रु १० लाख वुझाउनुपर्नेमा रु ६ लाख मात्र वुझाएको कार्यालयले जनाएको छ। यस सँग सम्वन्धित फाइल लेखापरीक्षणको क्रममा उपलव्ध नगराएकोले थप एकिन गर्न सकिएन। बाँकी रकम विभिन्न मितिमा आ व २०७७।७८ मा वुझाएको देखिएकोमा संझौता पेश नभएकोले समयमा वुझाए नवुझाएको एकिन हुन सकिएन। संझौता अध्ययन गरी ढीला वुझाएको खण्डमा ढिला वुझाएको रकममा आर्थिक ऐन, २०७६ को अनूसुचीमा उल्लेख भएअनुसार १० प्रतिशत हर्जना समेत उठाइ उक्त रकम असुल गर्नुपर्ने देखिन्छ। | |
| १८४ | **बहाल बिटौरी शुल्कः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग बापत बहाल बिरौटी शुल्क लगाउने उल्लेख छ। पोखरा महानगरपालिकाले राष्ट्र बैंक चोक, महेन्द्र पुलमा रहेका सटरहरु भाडमा दिएको मध्ये निम्न सटर हरुको भाडा तिर्नुपर्ने देखिन्छ। महानगरपालिकाले कोभिडको कारणले ३ महिनाको भाडा छुट दिइएको पाइयो। गत आ. व. देखिनै बक्यौता रहेका सटरहरुको यस आ. व. ३ महिनाको छुट दिनु उचित नदेखिएको र गत आ व को बक्यौता हालसम्म पनि नतिरेको पाइएको र तिरेको सटरहरुको रकममा पनि ढिला तिरे बापत जरिवाना नलिएको पाइयो। यसरि कार्यालयले सटरहरुको भाडा उठाउन कुनै प्रभावकारी कार्य गरेको देखिदैन।यसमा संलग्न कर्मचारीलाइ थप जिम्मेवार वनाउनुपर्दछ। कार्यालय बाट प्राप्त विवरण अनुसार तिन महिनाको छुट पछि निम्न त्यक्तिहरुले देहायअनुसारको सटरको भाडा बुझाउनुपर्नेमा नवुझाएकोले उक्त रकम असुल गर्नुपर्ने रु | १२२३४३१० |

| नाम | मासिक भाडा | आ व २०७६।७७ मा छुट पछि तिर्नुपर्ने रकम | ७५।७६ को बकि | यस आ व मा तिरको | २०७७।३।३० सम्मको तिर्न बाँकि रकम |
|---|---|---|---|---|---|
| गमलादिन मिया | ४०२०१ | ३६१८०९ | ४२०५०३ | ६४०००० | १४२३१२ |
| गुडलक मल्ठि टेडर्स | ३२५५१ | २९२९५९ | १२८४६९ | ३७५००० | ४६४२८ |
| करापुकोट मल्टी सर्भिस | ३७६०० | ३३८४०० | ३४२१०० | ३३८४०० | ३४२१०० |
| बिन्दु अधिकारी | २६६०० | २३९४०० | ३३३०१३ | १७६६०० | ३९५८१३ |
| काजि बाबु चिलवाल | ५०१०५ | ४५०९४५ | ६५३५१५ | ७७८४६३ | ३२५९९७ |
| करापुकोट मल्टी सर्भिस | २४१०० | २१६९०० | १५६६५० | १२०५०० | २५३०५० |
| करापुकोट मल्टी सर्भिस | २४१०० | २१६९०० | २९८४०० | १५०००० | ३६५३०० |
| गुडलक मल्ठि टेडर्स | १७५५१ | १५७९५९ | २१०६१२ | १००००० | २६८५७१ |
| प्रकाश पहरी | १८०१० | १६२०९० | ३६२४६० | ३४०००० | १८४५५० |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| संगिता साई | ८१०० | ७२९०० | १९९७०० | ० | २७२६०० |
| प्रकाश पहरी कवोल नं ७ | ७०२५ | ६३२२५ | ८०६८८ | ० | १४३९१३ |
| प्रकाश पहरी कवोल नं ८ | ७०२५ | ६३२२५ | २४११५० | ० | ३०४३७५ |
| संगिता साई कवोल नं ९ | ९९९० | ८९९१० | ३९९६० | ६०००० | ६९८७० |
| अशोक साई कवोल नं १० | १०१०३ | ९०९२७ | ४०४१२ | १००००० | ३१३३९ |
| प्रकाश पहरी कवोल नं ११ | ७०२५ | ६३२२५ | २०१५० | ४०००० | ४३३७५ |
| प्रकाश पहरी कवोल नं १२ | ७०२५ | ६३२२५ | १४०५० | ४९२०० | २८०७५ |
| शोर बहादुर अधिकारी | ३१९५ | २८७५५ | ३३९३० | ० | ६२६८५ |
| खिम कुमार थापा | १०१६० | ९१४४० | १०१८० | ९१४४० | १०१८० |
| भिम बहादुर पराजुली | १०२०० | ९०९०० | ० | ० | ९०९०० |
| भद्र प्रसाद तिमिल्सिना | १०१७० | ९१५३० | ७१४०० | ९१५३० | ७१४०० |
| दलकाजी नेपाली | २३११ | २०७९९ | १२६४८७ | १३९११४ | ८१७२ |
| राजन ढकाल | ८११११ | ७२९९९९ | २०३९० | ४८७००० | २६३३८९ |
| दुर्गा सुनार | २५२५० | २२७३५० | २१२८७५ | २००००० | २४०२२५ |
| सन्दिप कुमार अग्रहरी | ६१०५० | ५४९४५० | ४४६१४८ | ३०३०५० | ६९२५४८ |
| सन्दिप कुमार अग्रहरी | ६१०५० | ५४९४५० | ५९३३३९ | ४५७५०० | ६८५२८९ |
| नरेन्द्र थापा | ४५००० | ४०५००० | २८५००० | ० | ६९०००० |
| सन्दिप कुमार अग्रहरी | १५०५० | १३५४५० | ६३०४० | ० | १९८४९० |
| सुमन गुरुङ | १४३९३ | १२९५३७ | ३३७००८ | ० | ४६६५४५ |
| शंकर प्रसाद शाह | १३५४५ | १२१९०५ | ४०६३५ | ० | १६२५४० |
| कपुरकोट मल्टी सर्भिस | ११६०० | १०४४०० | ११३८०० | ० | २१८२०० |
| जगत प्रसाद आचर्य | १२६६५ | ११३९८५ | ३७९९५ | १००००० | ५१९८० |
| ससजन नेपाली | १२५५१ | ११२९५९ | २५१०२ | १३१७७५ | ६२८६ |
| कपुरकोट मल्टी सर्भिस १३ | ११६०० | १०४४०० | १२१८०० | ६०००० | १६६२०० |
| कपुरकोट मल्टी सर्भिस १४ | १०६०० | ९५४०० | १५९००० | ८४८०० | १६९६०० |
| तोरण मल्ल ठकुरी | ३५००० | ३१५००० | २९५००० | २७१००० | ३३९००० |
| पवनराज बसौला | २३२११ | २०८८८९ | २५५३१० | १६२४७७ | ३०१७२२ |
| विश्वराज गिरि ३ | १७५२७ | १५७७४३ | ११८६०७ | ० | २७६३५० |
| विश्वराज गिरि ४ | १७७२७ | १५९५४३ | ४०९०८० | ० | ५६८६२३ |
| डिल प्रसाद पोखेल | २१३३३ | १९१९९७ | २३४६६३ | ० | ४२६६६० |
| कपुरकोट मल्टी सभिर्स ६ | २०१०० | १८०९०० | २२११०० | २२११०० | १८०९०० |
| कपुरकोट मल्टी सभिर्स ७ | २०१०० | १८०९०० | १००७०० | १२०२०० | १६१४०० |
| बिमलराज आर्चाय | २३५५५ | २११९९५ | ८३३१३ | ० | २९५३०८ |
| कपुरकोट मल्टी सभिर्स ९(क) | २०६०० | १८५४०० | १०१२१३ | ० | २८६६१३ |
| रिता श्रेष्ठ ९ (ख) | १२५०५ | ११२५४५ | २५०१३० | २५०१० | ३३७६६५ |
| गिर बहादुर पुन ४ | २३१०५ | २०७९४५ | ५४२९७० | ० | ७५०९१५ |
| हमा थापा श्रेष्ठ | २५७७७ | २३१९९३ | ६०४८६४ | ० | ८३६८५७ |
| | | | | | १२२३४३१० |

१८४.१ **साथै** माथि उल्लेखित रकम रु १२२३४३१०। समयमा दाखिला नभएकोले उक्त रकममा आर्थिक ऐन, २०७६ को अनूसुची १९ वमोजिम आय ठेक्कामा समयमा दाखिला नगरेमा १० प्रतिशत जरिवाना असुल गर्ने प्रावधान अनुसार उक्त रकमको १० प्रतिशत जरिवाना समेत असुल गर्नुपर्ने रु १२२३४३१

१८५ **सृजना चोक सपिङ्ग कम्प्लेक्सः** पोखरा महानगरपालिका र जस्ट इन टाइम कन्स्ट्रक्सन बिच सृजनाचोक स्थित सपिङ्ग कम्पेल्क्स भाडामा लगाउन मिति २०७३।१०।२२ मा प्रकाशित सुचना एवं यस कार्यालयको मिति २०७३।११।२४ गतेको निर्णय अनुसार सृजनाचोक सपिङ्ग कम्पेल्क्स भवनको बार्षिक ठेक्का अंक रु ७६०००००। रहेको र जस्ट इन टाइम कन्स्ट्रक्सन ले रु ७६०००००। कवोल गरि ठेक्का ठेक्का स्विकृत भई मिति २०७३।११।४ मा मिति २०७३।१२।५ देखि लागु हुने गरि ५ बर्ष २०७८।१२।४ सम्म रहने गरी संझौता भएको देखिन्छ। सम्झौताको बुदा नं २ मा दोस्रो पक्ष ले भवनको जम्मा भाडा रकमको ५० प्रतिशत नगद र बाँकी रकमको बैकि ग्यारेन्टी प्रत्येक बर्ष अग्रिम रुपमा एकै साथ बुझाउनुपर्ने उल्लेख गरेको छ तर उक्त फर्मले पहिलो बर्षको प्रथम किस्ताको भाडा समयमा वुझाएतापनि अन्य किस्ता कुनै पनि समयमा वुझाएको छैन। तथा रकम ढीला गरी बुझाए

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पनि एकैपटक नबुझाइ पटक पटक गरि बुझाएको देखिछ। पोखरा महानगर पालिका, नगर कार्यापालिकाको मिति २०७६।९।४ गतेको ३४ औं बैठकबाट भएको निर्णय अनुसार पोखरा ८ सृजनाचोकमा निर्माण गरिएको सपिङ्ग कम्पलेक्स ५ बर्षको लागि भाडामा जस्ट इन टाइम प्रा लि लाई दिएकोमा उक्त कम्पनीले मिति २०७६ कार्तिक मसान्त सम्म बुझाउनुपर्ने रकम १ करोड ९ लाख ९३ हजार ३ सय १४ सरकारी बाँकी सरह असुल गरी महानगरपालिका बाट हुने टेण्डर प्रक्रियामा त्यस कम्पनिलाई सहभागी नगराउने निर्णय गरेको पाइन्छ तर नगरसभाको बैठकले निज फर्मले बुझाउनु पर्ने भन्दा कम रकम निर्धारण गरेको र ढिला बुझाएबापत जरिबाना निर्धारण नगरेकोले जरिवाना रकम सहित देहायको रकम सरकारी बाँकी सरह असुल गर्नुपर्ने रु | ५०२६८७६ |

| सम्झौता मिति २०७३।११।४ लागु हुने मिति २०७३।१२।५ देखि २०७८।१२।४ सम्म | | | | | | |
|---|---|---|---|---|---|---|
| बुझाउनुपर्न् समय र रकम | | बुझाएको | | बुझाउन बाँकी रकम | ढिला बुझाएकोमा जरिवाना | जरिवानाको विवरण |
| मिति | रकम | समय | बुझाएको रकम | | | |
| २०७३।१२।५ | ७६००००० | २०७३।१२।५ | ३८००००० | ३८००००० | ० | समयमा बुझाएको। |
| २०७४।१२।५ | ७६००००० | २०७५।११।०८ | ३८००००० | ७६००००० | ३८०००० | ढीला बुझाएकोले ढिला बुझाएको रकममा १० प्रतिशत जरिवाना |
| २०७५।१२।५ | ५०६६६६७ (कार्तिक सम्म) | २०७६।०३।०३ | ३००००० | १२३६६६६७ | ३०००० | |
| जम्माः | | २०७६।०३।२४ | २३८००० | १२१२८६६७ | २३८०० | |
| | | २०७६।०३।१७ | १७६७९७ | ११९५१८७० | १७६७९.७ | |
| | | २०७६।०६।०२ | ४७७००० | ११४७४८७० | ४७७०० | |
| | | २०७६।०९।०२ | ३७६००० | ११०९८८७० | ३७६०० | |
| | | २०७६।११।२३ | ३४२००० | १०७५६८७० | ३४२०० | |
| | | २०७७।०५।२४ | २०००००० | ८७५६८७० | २००००० | |
| | | २०७७।०६।२१ | १४६६६६० | ७२९०२१० | १४६६६६ | |
| | | २०७७।०७।१३ | ५००००० | ६७९०२१० | ५०००० | |
| | | २०७७।०८।०३ | १०००००० | ५७९०२१० | १००००० | |
| | | २०७७।०९।१७ | ५००००० | ५२९०२१० | ५०००० | |
| | | २०७७।०९।२१ | ३६०००० | ४९३०२१० | ३६००० | |
| | | २०७७।१०।०७ | ५०००० | ४८८०२१० | ५००० | |
| | | २०७७।१०।२० | ५००००० | ४३८०२१० | ५०००० | |
| | | २०७७।१०२१ | ५००००० | ३८८०२१० | ५०००० | |
| | | | ५००००० | ३३८०२१० | ५०००० | |
| | | | | | ३३८०२१ | हालसम्म बुझाउन बाँकीमा जरिवाना |
| जम्माः | २०२६६६६७ | | १६८८६४५७ | ३३८०२१० | १६४६६६७ | |
| जम्मा बुझाएको रकम | | | १६८८६४५७ | | | |
| २०७६।७।३० सम्म बुझाउनुपर्ने रकम | | | २०२६६६६७ | | | |
| ढिला बुझाए बापत जरिवाना | | | १६४६६६७ | | | |
| जम्मा बुझाउनु पर्ने रकम | | | ५०२६८७६ | | | |

| | | |
|---|---|---|
| १८५.१ | **संझौता भंग पछि समेत भाडाः** पोखरा महानगरपालिका र जस्ट इन टाइम कन्स्ट्रक्सन बिच सृजनाचोक स्थित सपिङ्ग कम्पेल्क्स ५ बर्ष अवधि रही मिति २०७८।१२।४ सम्म रहने गरी संझौता भएकोमा मिति २०७६ कार्तिक मसान्त वाट भंग भएको देखिन्छ।निज फर्मले उक्त कम्प्लेक्स भाडामा लिइ पुनः अन्य थुप्रैलाइ ५ वर्षे सम्झौता गराइ पुनः भाडामा लगाएकोमा निज फर्मसँग २०७६ कार्तिकमा संझौता भंग भएतापनि निजले संझौता गरेका अन्य व्यवसायी हरु उक्त आर्थिक वर्ष भरी त्यही कम्प्लेक्समा वसेको र वसेवापत जस्ट इन टाइम कन्स्ट्रक्सनले २०७७ असार सम्मको रकम समेत वुझेको जानकारीमा आएकोले २०७७ असार सम्मको रकम समेत जस्ट इन टाइम कन्स्ट्रक्सन वाटै असुल गर्नुपर्नेमा गरेको छैन। यस अवधिमा महानगरले समेत नया ठेक्का आह्वान नगरी २०७७ श्रावणवाट मात्र प्रकृया शुरु गरेको अवस्था रहेको कारण निज जस्ट इन टाइम कन्स्ट्रक्सनले नै रकम उठाएको वुझ्न सकिन्छ। | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वार्षिक भाडा रु ७६ लाख रहेकोमा मंसीर देखि असार सम्मको रु ५०६६६६७। राजस्व गुमेको सम्वन्धमा छानविन गर्नुपर्ने देखिन्छ। यस सम्वन्धमा छलफल गर्दा उक्त अवधिको रकम उक्त घरमा वसेका व्यक्तिहरुवाट २०७६ मंसिर देखिकै रकम समेत आ व २०७७।७८ मा उठाएको महानगरले जनाएको छ तर कति उठ्यो सो को विवरण पेश गरेको छैन। यस सम्वन्धमा महानगरले एकिन गर्नुपर्दछ। | |
| १८६ | **मनोरञ्जन कर —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल सांस्कृतिक प्रदर्शन हल, व्यापारिक तथा प्राकृतिक मेला महोत्सव संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा, सांस्कृतिक प्रदर्शन हल, व्यापारिक तथा प्राकृतिक मेला महोत्सव संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। महानगरले देहायअनुसारका चलचित्र घरवाट केही रकम वुझाएको भएतापनि पुरै महिनाको वुझाएको छैन भने महानगरले कर वुझाउन ताकेता गरेको समेत छैन। केहीले आंशिक वुझाएको तथा केहीले कत्ति पनि रकम नवुझाएकोले वास्तविक रकम एकिन गरी उक्त रकम असुल गर्नुपर्ने रु | ७८४०५९ |

| फिल्म हलको नामः | वुझाएको रकम | वुझाएको महिना | वुझाउन वाँकी महिना | वुझाउन वाँकी दामासाहीले हुने रकम |
|---|---|---|---|---|
| श्री कृष्ण चलचित्र मन्दिर प्रा लि | ९७३७४ | श्रावण देखि कार्तिक | मंसीर देखि फाल्गुण | ९७३७४ |
| मनकामना माई | ९८३३६९ | श्रावण देखि माघ | फाल्गुण | १४०४८१ |
| बाराहि चलचित्र मन्दिर क | ४०१६४ | श्रावण देखि कार्तिक | मंसीर देखि फाल्गुण | ४०१६४ |
| श्री बाराही मन्दिर ख | ५१०१३ | श्रावण देखि कार्तिक | मंसीर देखि फाल्गुण | ५१०१३ |
| बिन्दबासिनि चलचित्र मन्दिर | ७८८३५ | श्रावण देखि कार्तिक | मंसीर देखि फाल्गुण | ७८८३५ |
| मिड टाठन ग्यालोरिया | ३७६१९२ | श्रावण देखि कार्तिक | मंसीर देखि फाल्गुण | ३७६१९२ |
| पुर्णिमा चलचित्र हल | रकम नवुझाएकोले छानविन गर्नुपर्ने । | | | |
| कल्पना चलचित्र हल | रकम नवुझाएकोले छानविन गर्नुपर्ने । | | | |
| अन्य मल्टिप्लेक्स हल | रकम नवुझाएकोले छानविन गर्नुपर्ने । | | | |
| जम्मा | | | | ७८४०५९ |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८७ | **राजस्व सफ्टवयरः** कार्यालयले राजस्व सम्वन्धमा सांग्रिलाको सफ्टवयर प्रयोग गरेकोमा यस सम्वन्धमा थप व्यहोरा देहायअनुसार छन्:<br>➢ वक्यौता रहेका करदाताले गत विगतको नवुझाइ यस वर्षको मात्र तिर्न मिल्ने व्यवस्था समेत रहेकोले यसमा सुधार गर्नुपर्नेमा नगरेको,<br>➢ सफ्टवयमा डाटा फेर्न मिल्ने देखिएकोमा के के तथ्यांक परिवर्तन गऱ्यो सो को अभिलेख नदेखिने अवस्था रहेको,<br>➢ सफ्टवयरवाट निस्कने तथ्यांकलाइ दैनिक रुपमा व्याकअप गर्नुपर्नेमा नगरेको साथै आइटी सुरक्षाको व्यवस्था नगरेको,<br>➢ रद्द गरेको राजस्वको भौचर संख्या कति हो कुन कुन भौचर हो र कुल कति भौचर रद्द गऱ्यो सो को अभिलेख नदेखिने अवस्था रहेको<br>➢ राजस्वको सफ्टवयर प्रयोग गर्नको लागि आवश्यक म्यानुअल नभएको कारण कुन कुन विवरण कतावाट देखिन्छ समेत एकिन गर्न नसकिएको, आदि। | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८८ | **आन्तरीक आय सम्वन्धमा देखिएका अन्य व्हयोरा देहायअनुसार छन् :**<br>• **वैंक नगदी किताव:** कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको भएतापनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम वैंक दाखिला भए नभएको एकिन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी वाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचितकोष खाताको सम्वन्धमा वैंक हिसाव मिलान गरेको छैन। जसले गर्दा उठेको आन्तरीक आय वरावरको रकम नै संचित कोषमा दाखिला भएको छ भन्ने विश्वसनिय आधार छैन। प्राप्त आम्दानीलाइ वैंक भिडान गरी यथार्थताको आधारमा मात्र संचित कोषमा आम्दानी वाँधी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ।<br>• **ठेक्का अभिलेख नै नरहेको:** महानगरले यस वर्ष तथा विगतका वर्ष देखिनै लगाएका ठेक्काको अभिलेख नै राखेको छैन। यस वर्ष महानगरले ढुंगा गिट्टी वालुवाको उत्खनन, यात्रुवस प्रतिक्षालय निर्माण, पार्किङ, कवाडी कर, सेती गर्ज तथा फेवाताल दृष्यावलोकन, प्याराग्लाइडिङ स्थल आदिमा केहीमा यसवर्ष तथा केहीमा गत विगत वर्षमा ठेक्का लगाएको तर अभिलेख नहुँदा कुन कुन फाइल लेखापरीक्षणमा पेश भयो तथा कुन फाइल भएन हेर्ने आधार नभएको कारण पेश भएको ठेक्का फाइलका आधारमा मात्र लेखापरीक्षण गरिएको छ। फाइल व्यवस्थापन नगर्ने र सो को व्यवस्थित अभिलेख नराख्दा महानगरलाइ ठुलो नोक्सान हुन सक्ने हुँदा यसमा विशेष ध्यान दिनुपर्दछ।<br>• महानगरले ठेक्कावाट यस वर्ष तथा विगत समेतको कुन ठेक्कावाट कति रकम यस वर्ष उठ्नुपर्ने हो तथा विगत वर्ष देखिको उठ्न वाँकी रकम कति हो सो मा लाग्नुपर्ने व्याज तथा जरिवानाको रकम कति हो भनि अभिलेख राख्नुपर्नेमा केही पनि अभिलेख छैन। यसमा पुर्ण सुधार गर्नुपर्दछ।<br>• **राजस्वको वैंक हिसाव मिलान तयार नगरेको:** राजश्व स्रेस्ता अनुसार बैङ्क मौज्दात र बैङ्क विवरणमा उल्लिखित कुल मौज्दातमा फरक भएमा भएका फरकहरूका कारणहरू सहितको विवरण तयार गरी हिसाब मिलान गर्नको लागि मलेपफा नं १०९ अनुसारको फारामको प्रयोग गरि हिसाव मिलान गर्नुपर्नेमा नगरेको कारण उठे अनुसारको राजस्व दाखिला भए नभएको एकिन गर्ने आधार नै भएन। मलेपफा नं हरुको पुर्ण कार्यान्वयन हुनपर्दछ।<br>• **राजस्व-आम्दानीको आर्थिक विवरण/ फाँटबारी** : एक आर्थिक वर्षमा कति राजस्व आम्दानि भई कति सञ्चित कोष दाखिला भयो र हाल नगद मौज्दात र लगत बाँकि कति छ एकिन गर्नको लागि मलेपफा नं ११० प्रयोग गरी सोही अनुसारको विवरण राख्नुपर्नेमा नराखेको कारण कति राजस्व आम्दानि भई कति सञ्चित कोष दाखिला भयो र हाल नगद मौज्दात र लगत बाँकि कति छ एकिन गर्ने आधार भएन।<br>• **करदाताको व्यक्तिगत लगत** : सम्पूर्ण सरकारी तह हरूका निकायहरूमा राजस्वको व्यक्तिगत लगत राखी सम्बन्धित जानकारीहरू जस्तै शुल्क, प्राप्ति, दण्ड तथा बाँकी विवरणहरू प्राप्त गर्न मलेपफा नं १११ फारामको प्रयोग गर्नु पर्दछ । करदाताको व्यक्तिगत लगत राखी व्यक्तिले कति रकम वुझायो र कति वाँकी छ भनि अध्ययन गर्न यो मलेपफा नं प्रयोग हुनेमा नराखेको कारण विवरण नै हेर्न नसकिने अवस्था छ।<br>• **करदाताको गोस्वारा लगत फाराम** : करदाताको एकीकृत अभिलेख राख्ने उद्देश्यले मलेपफा नं ११२ तयार गरिएको हो। यसवाट करदाताको करसम्बन्धी सम्पूर्ण जानकारी जस्तै प्रत्येक करदाताको कर दायित्व, असुली, बक्यौता र अग्रिम असुलीको स्थिति उपलब्ध गराई आवश्यक निर्णय गर्न सहज हुने | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भनि यस मलेपफा नं को व्याख्या गरेको छ। तर महानगरले यस प्रकारको अभिलेख नै राखेको छैन।<br>• **राजस्व/आम्दानीको केन्द्रीय अभिलेख खाता** : राजस्व आम्दानीको केन्द्रीय अभिलेख तयार गर्न मलेपफा नं ११४ प्रयोग गर्नुपर्नेमा नगरेको कारण आम्दानी रकम केन्द्रिय खातामा जम्मा भए नभएको र उक्त रकम संचित कोष दाखिला तथा नगद मौज्दात रहे नरहेको सम्वन्धमा एकिन गर्ने आधार नै छैन।<br>• **रसिद नियन्त्रण खाता** : नगदी रसिद जारी गरी राजस्व संकलन हुने अवस्थामा सो को अभिलेख र नियन्त्रण गर्नको लागि मलेपफा नं ९०४ अनुसारको रसिद नियन्त्रण खाता राखी रसिदवाइज पोष्टीङ गरी कुन रसिदवाट कति उठ्यो भनि एकिन गर्न मलेपफा नं १०२ को ढाँचामा रसिद नं. अनुसार दैनिक प्राप्त भएको रकमको व्यहोरा देखिने गरी दैनिक राजस्व/ आम्दानी किताव तयार गरी राख्नुपर्दछ। महानगरका धेरै वडाहरुले पटके रुपमा नगदि रसिद प्रयोग गरेको जानकारीमा आएकोमा रसिदवाइज पोष्टीङको विवरण महानगरले वडावाट नमागेको कारण यस सम्वन्धमा अध्ययन विश्लेषण गर्न नसकेको र आन्तरिक लेखापरीक्षण प्रतिवेदनले पनि नगदी रसिद प्रयोग भएको उल्लेख गरेको तर वेरुजु कायम नगरेको अवस्था छ। अन्तिम लेखापरीक्षणको क्रममा कोरोना महामारीको कारण वडामा जान नसकेको कारण महामनगरको कार्यालयको मात्र नमुना छनोटको आधारमा लेखापरीक्षण गरिएको छ। महानगरले रसिद नियन्त्रण खाता अद्दावधिक नगरेको तथा दैनिक रसिदवाइज पोष्टीङको विवरण माग नगरेको अवस्था छ भने आन्तरीक लेखापरीक्षण प्रतिवेदनले समेत कुनै व्यहोरा पनि नऔल्याएको अवस्था छ। यस सम्वन्धमा महानगरले आन्तरिक लेखा परिक्षण कार्यलाई प्रभावकारी वनाइ आन्तरिक नियन्त्रणलाइ प्रभावकारी वनाउनुपर्ने देखिन्छ।<br>• **मनोरञ्जन करः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा सिनेमा हलवाहेक अन्यत्रवाट कर संकलन गरेको देखिएन भने सिनेमा हलवाट समेत कर एकिन नगरी केही महिनाको स्वेच्छाले तिर्न आएकावाट मात्र संकलन भएको अवस्था छ। पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ।<br>• **जडीवुटी कवाडी र जीवजन्तु करः** ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु मा कर लगाउने व्यवस्था भएकोमा कवाडीको लागि ठेक्का लगाएतापनि अन्यको पहिचान गरेको छैन।<br>• **व्यक्तिगत जग्गाको पटके रुपमा अनुमतिः** व्यक्तिगत जग्गामा रहेको ग्राभेल, बालुवा, ढुङ्गा निकासीको लागि प्राविधिक सिफारिसको आधारमा आइ इ इ नगरी पटके रुपमा अनुमति पत्र दिने गरेको तर उक्त परिमाण भन्दा वढी निकासी गरे नगरेको सम्बन्धित वडा तथा प्राविधिकले अनुगमन गरी मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो गरेको प्रतिवेदन पेश नगरेको अवस्था छ भने यसको व्यवस्थित अभिलेख समेत नराखेको कारण आएका जतिले तिरे सो को विवरण मात्र देखिने अवस्था छ। यसवाट कति उठनुपर्ने थियो र कति उठ्यो व्यवस्थित नभएकोले यकिन गर्न सक्ने स्थिति नै रहेन। यस सम्वन्धमा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनुपर्दछ।<br>• **वडावाट भएको संकलनको लेखापरीक्षण नभएकोः** महानरका वडाहरुले व्यवसाय कर, १००० स्क्वायर फिट भन्दा सानाको नक्सापास र सो को कर, घर वहाल कर, विभिन्न शिफारिश दस्तुर लगायतका अन्य कर/ दस्तुर तथा पटके दस्तुर समेत संकलन गरेकोमा उठनुपर्ने कति हो र उठेको विवरण | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अध्ययन नगरी प्राप्त भएको आम्दानिको एकिकृत विवरणका आधारमा मात्र लेखापरीक्षण गरिएको छ। वडाको आम्दानी सम्वन्धमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाइ मात्र आधार मानिएको छ।<br>• **जग्गा विक्रिः** राजस्व परामर्श समितिको मिति २०७६।४।८ को निर्णयले पोखरा महानगरपालिका र अशेष निर्माण सेवाविच विगत वर्ष पार्किङ व्यवस्थापन शुल्क असुल गर्ने कार्यको लागि राखिएको धन जमानी स्वरुप राखिएको जग्गा आवश्यक प्रकृया पुरा गरी विक्रि गरी असुली गर्न समिति गठन गर्ने निर्णय गरेकोमा थप विवरण प्राप्त भएको छैन। वैंक ग्यारेन्टी वेगर संझौता गरेको कारण यस्तो अवस्था देखिएको छ। यस सम्वन्धमा फाइल तथा थप विवरण प्राप्त भएन।<br>• **घाट सन्चालनः** राजस्व परामर्श समितिको मिति २०७६।८।२ को निर्णयले वडा नं ३ स्थित नारायण स्थान घाटको पटक पटक सुचना प्रकाशन गर्दा वोलपत्र नपरेकोले वडा नं ३ लाइ घाट सन्चालन गर्न दिने निर्णय भएकोमा वडा नं ३ वाट कति परिमाण विक्रि गर्‍यो तथा कति रकम राजस्व स्वरुप प्राप्त भयो सो को विवरण महानगरले नै नराखेको जानकारी गराएको छ। यस सम्वन्धमा विवरण लिइ उत्खनन गरी विक्रि गरेको रकमको सम्वन्धमा महानगरले जाँचवुझ गरी रकम दाखिला नभएको भए उक्त रकम असुल गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।<br>• **क्रशर सन्चालनः** राजस्व परामर्श समितिको मिति २०७६ पुष १० को निर्णयले वडा नं २३ मा हुन लागेको खहरे खोला पुलको लागि क्रशर सन्चालन गर्न प्रति घनमिटर रु ७१०। को दरले राजस्व दाखिला गरी कार्य गर्न अनुमति दिने निर्णय गरेकोमा उक्त क्रशर कुन हो र संझौता कसरी गरेको छ तथा वुझाउनुपर्ने रकम कति हो कति उत्खनन गर्‍यो तथा कति राजस्व दाखिला गर्नुपर्ने हो र कति दाखिला गर्‍यो सो सम्वन्धमा अभिलेख नराखेको तथा लेखापरीक्षणमा पेश नगरेको कारण यस सम्वन्धमा एकिन गर्न सकिएन।<br>• **पोखरा सभागृह सन्चालनः** यस सभागृह महानगरपालिकाले सन्चालन गरेकोमा यसवाट वार्षिक रु १७ लाख २८ हजार रकम प्राप्त भएको आय संकलनको वार्षिक विवरणवाट देखिन्छ। यसको आम्दानी तथा सभागृह प्रयोगको लागि अनुमति सम्वन्धमा प्रशासन शाखाले कार्य गर्ने भएको राजस्व शाखाले जनाएको छ। प्रशासन शाखाले के कति लाई कति राजस्व लिई रुपैया राजस्व प्राप्त गर्ने गरी प्रयोगको अनुमति दियो सो को विवरण लेखापरीक्षणमा पेश भएको छैन।<br>• **अन्तर सरकारी सहकार्यः** महानगरले करको दायरा वढाइ राजस्वमा वृद्दि गर्नको लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरी करको दायरा वढाउनुपर्नेमा वढाएको छैन। आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरी महानगरपालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, वहालकर वुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाइ कर चुक्ता दिन नहुने गरी आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेमा करको दायरामा निश्चित रुपमा वढोत्तरी आउने अवस्था हुने हुँदा यसमा ध्यान दिनुपर्दछ।<br>• **हाते रसिदको प्रयोगः** आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार अधिकांश वडाहरुले हाते रसिद प्रयोग गरेको देखियो। वडागत रुपमा हाते रसिद प्रयोग गरी रु २१८,८६,२४९। राजस्व संकलन गरेको देखिन्छ। हाते रसिद प्रयोग गरेकोमा रसिद नियन्त्रण खाता महानगरले राखेको छैन भने रसिद वाइज पोष्टीङ पनि महानगरमा छैन जसले गर्दा संकलन गरेको राजस्व पुरै दाखिला भए नभएको एकिन गर्न सक्ने अवस्था छैन। वडाले कुल राजस्व रु ३१९००१२३३। संकलन गरेकोमा उक्त रकम मध्ये | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु २ करोड १८ लाख ८६ हजार हाते रसिदको प्रयोग गरी राजस्व संकलन गर्नु उचित देखिएन। यसमा पुर्ण रुपमा सुधार गर्नुपर्दछ।<br>• **स्वीकृत नभएको सफ्टवयर सन्चालनः** संघीय सरकारले तयार गरेको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी उक्त प्रणाली मानक अनुरुप भए नभएको एकिन गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेकोमा यस कार्यालयले तयार गरेका राजस्व सम्वन्धी कुनैपनि सफ्टवयरहरु सूचना प्रविधि विभागबाट स्वीकृत भएको देखिदैन। यसमा सुधार गरी आधिकारीक निकायवाट स्वीकृत भएपछि मात्र सफ्टवयर चलाउने व्यवस्था गर्नुपर्दछ। | |
| १८९ | **कोभिड १९ तर्फः** कोभिड १९ को खर्च तर्फ आ व २०६७।७७ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण माग गरेकोमा उक्त विवरण पटक पटक ताकेता गर्दा समेत प्राप्त भएको छैन। कोभिड १९ अन्तर्गत प्रकोप व्यवस्थापन कोष, स्वास्थ्य महाशाखा, नगर कार्यपालिकाको कार्यालय तथा अन्य खर्च केन्द्र समेतवाट विभिन्न मितिमा पटक पटक खर्च गरेकोमा सो को आय व्ययको एकिकृत विवरण तयार गर्नुपर्नेमा नगरेको कारण कोभिड खर्चको विश्लेषण गर्न सकिएन। कोभिड खर्च सम्वन्धमा नमुना छनोटका आधारमा हेरीएका भौचरवाट देखिएका व्यहोरा यस प्रकार छन्:<br>• कार्यालयले राहत वितरणमा रु ३ करोड १६ लाख ६९ हजार खर्च गरेको छ। खर्च गर्दा पटक पटक सोझै खरिद गरेको देखिन्छ। महानगरमा कुल गरिबिको रेखामुनी रहेको जनसंख्या कति हो, कति जना तथा कस्ता व्यक्तिले राहत लगे तथा देशकै धनि मध्येको एक जिल्ला तथा सो को पनि सदरमुकाममा पर्ने यस महानगरमा ठुलो रकम राहतमा वितरण गर्नुको अवस्था विष्लेषण गरेको पाइएन भने केही मात्रामा राहत वितरण गरेर केही रकम विकास निर्माणका कार्य गराइ ज्यालामा उक्त रकम खर्च गरेको अवस्थामा काम समेत देखिने अवस्था श्रृजना हुन सक्ने देखिएकोमा महानगरले यसमा ध्यान पुऱ्याएको पाइएन।<br>• राहत वितरणमा रु ३ करोड १६ लाख ६९ हजार खर्च गरेकोमा वितरणको भर्पाइलाइ व्यवस्थित गरी राखेको छैन। लेखापरीक्षणको क्रममा केही वडाहरुको मात्र भर्पाइ देखिएको र अधिकांशको भर्पाइ पेश नगरेको अवस्था छ। भर्पाइलाइ व्यवस्थित गरी राख्नुपर्दछ।<br>• प्रकोप व्यवस्थापन कोषवाट रु ८ लाख २० हजारको पि पि इ सेट खरिद गरेको छ भने भौ नं ११० वाट अर्मानी ट्रेडर्सवाट रु ६ लाख ५९ हजारको तथा भौ नं १२९ वाट पुनः ५ लाख १२ हजारको म्याट्रेस, सिरानी, झुल, तन्ना, व्लान्केट आदि खरिद गरी भुक्तानी गरेकोमा उक्त खरिदहरु समेत सोझै गरेको देखिन्छ।<br>• प्रकोप व्यवस्थापन कोषवाट मात्र क्वारेन्टिनमा वसेकालाइ खाना भनि रु ३५ लाख ९३ हजार खर्च भएको छ। उक्त खर्च विभिन्न मितिमा क्वारेन्टाइनमा वसेकालाइ खाजा खाना खुवाउन खर्च भएको उल्लेख भएतापनि विभिन्न विक्रेताहरुका विभिन्न विलहरूवाट खर्च भएको देखिदा एउटै मिति समेत दुइपटक पर्न सक्ने हुँदा मिति खुल्ने गरी खर्चको तेरीज वनाउनुपर्नेमा नवनाएकोले यसमा विशेष ध्यान दिएको पाइएन।<br>• क्वारेन्टिमा ठुलो रकम खर्च भएकोमा क्वारेन्टिन कति वटा वनाएको थियो, उक्त क्वारेन्टिनमा दैनिक रुपमा कति व्यक्ति थिए र कुन कुन दिनमा कति कति व्यकिले वसेकोमा खाजा खाना वापत खर्च भयो सो को तथ्यांक उपलव्ध गराएको छैन।<br>• महानगरले क्वारेन्टिनको लागि फर्निचर लगायतका अन्य भौतिक सामानहरुको हालको अवस्था के कस्तो छ एकिन गरेको देखिएन। यस सम्वन्धमा महानगरले आवश्यक जानकारी राख्नुपर्ने देखिन्छ। | |

| दफा | भौचर नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • कोरोना सँग सम्वन्धित खर्च एकै कोषवाट मात्र गर्नुपर्नेमा राहत लगायत क्वारेन्टिनको धेरै खर्च कोषवाट, केही रकम महानगर नगर कार्यपालिकाको कार्यालयवाट, केही रकम सेवा केन्द्र समेत वाट तथा केही रकम स्वास्थ्य महाशाखावाट भएको देखिन्छ। यसमा भएको कुल खर्चको समग्र तथ्यांक महानगरले तयार पारी दिन महालेखा परीक्षकको कार्यालयले फर्म्याट तयार गरी दिएकोमा अन्य विवरण समेत यस विवरण समेत भरेर प्राप्त भएको छैन। विवरण नभर्ने जिम्मेवार कर्मचारीलाइ जवाफदेही वनाउनुपर्दछ।<br>• कोरोना महामारी सँग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्नलाइ महानगरले भत्ता दिएको देखिन्छ। प्रकोप व्यवस्थापन कोषवाट सरसफाइ शाखा (ल्यान्डफिल्ड साइट लगायतका २२ तथा सरसफाइ शाखाका १२) का सवै कर्मचारीलाइ चैत्र ११ देखि ५० प्रतिशतले हुने रकम रु ९५३८३५। भत्ता दिएको देखिन्छ भने वाँकी रकम अन्य शिर्षकवाट दिएको देखिन्छ।<br>• स्वास्थ्य महाशाखावाट यस वर्ष कोरोना जोखिम भत्ताको रुपमा चैत्र देखि असार सम्म रु १ करोड ४० लाख ७७ हजार भुक्तानी गरेको छ। यसको विस्तृत विवरण संलग्न गरेको छैन।<br>• कोषवाट मात्र व्यहोर्नुपर्नेमा नगर कार्यपालिकाको कार्यालय खर्च केन्द्र वाट समेत भौ नं ११७७ वाट क्वारेन्टाइनमा खानेपानी पुऱ्याएको भनि भौ नं ११७७ वाट रु २४७८७५। लेखनाथ फुड एण्ड वेभरेज प्रालि लाइ भुक्तानी दिएको छ। फरक फरक खर्च केन्द्र तथा छुट्टै कोषवाट छुट्टाछुट्टै खर्च गर्दा एकै खर्चलाइ दुइतिरवाट समेत भुक्तानी हुन सक्ने देखिदा एक केन्द्रवाट मात्र खर्च गर्नुपर्दछ। | |
| १९० | **प्रकोप व्यवस्थापन कोषः** यस कोषवाट कोरोना महामारीमा भएको खर्च लगायत अन्य खर्चहरु गरी यस वर्ष कुल रु ४८६००५५३। खर्च भएको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्: | |
